# धवल वार्षिक प्रगति प्रतिवेदन
# (आर्थिक वर्ष ०८१/०८२)

**प्रकाशक**
**आन्तरिक गुणस्तर सुनिश्चितता समिति**

## धवलागिरि बहुमुखी क्याम्पस, बागलुङ

(विश्वविद्यालय अनुदान आयोगबाट गुणस्तर प्रत्यायनकृत, २०८१)

**२०८२, भाद्र**

# धवल वार्षिक प्रगति प्रतिवेदन
## (आर्थिक वर्ष ०८१/०८२)

**वार्षिक प्रगति प्रतिवेदन तयारकर्ता**

**हिरालाल रेग्मी**
**सहायक क्याम्पस प्रमुख**

प्राशक

**आन्तरिक गुणस्तर सुनिश्चितता समिति**
## धवलागिरि बहुमुखी क्याम्पस, बागलुङ
**२०८२, भाद्र**

Phone No.: 068-520113, 068-521384
e-mail: dmcbaglung@gmail.com
info@dmc.tu.edu.np
Website: dmc.tu.edu.np

*सेटिङः लिला थापा मगर* *मुद्रण : नमुना अफ्सेट, बागलुङ*

# प्रकाशकीय

धवलागिरि क्षेत्रका सामाजिक अभियान्ताको विशेष पहलमा प्रवीणता प्रमाणपत्र तहको पठनपाठन गर्ने गरी वि. सं. २०१९ मा धवलागिरि बहुमुखी क्याम्पसको स्थापना भएको थियो । समयको माग र स्थानीय समुदायको आवश्यकतालाई मध्यनजर गरी वर्तमान समयमा क्याम्पसले विभिन्न सङ्काय र संस्थानतर्फ स्नातकदेखि स्नातकोत्तर तहसम्मका कक्षाहरू सञ्चालन गर्दै आइरहेको छ । पछिल्लो समयमा त्रिभुवन विश्वविद्यालयको स्वायत्तताप्राप्त क्याम्पसका रूपमा सञ्चालित यस क्याम्पसले आफ्ना शैक्षिक, भौतिक, प्रशासनिक तथा व्यवस्थापकीय पक्षमा सुधार गरी गुणस्तरीय शिक्षा प्रवर्द्धनका लागि सुधारका विविध कार्यक्रमहरू अगाडि बढाइरहेको छ ।

वि. सं. २०७४ मा विश्वविद्यालय अनुदान आयोगको उच्च शिक्षा सुधार परियोजना कार्यक्रममा क्याम्पस प्रवेश गरेपछि गुणस्तर सुनिश्चितता प्रत्यायन (Quality Assurance and Accreditation, QAA) प्रमाणपत्र प्राप्तिको महत्त्वपूर्ण शैक्षिक अभियानमा संलग्न यस क्याम्पसले २०८१ असार १२ गतेका दिन विश्वविद्यालय अनुदान आयोगबाट प्रत्यायनकृत हुन सफल भएको छ ।

क्याम्पसले विगतका वर्षदेखि नै वार्षिक प्रगति प्रतिवेदन तयार गरी त्यसलाई पुस्तक आकारमा प्रकाशन गर्दै आइरहेको छ । यस वर्ष पनि सो कार्यलाई निरन्तरता दिइएको छ । यस प्रतिवेदनमा क्याम्पसको वर्तमान अवस्था झल्कने विवरण, क्याम्पसमा क्रियाशील विभिन्न सङ्काय तथा संस्थानतर्फका विभागहरूको प्रतिवेदन, QAA प्रमाणपत्र प्राप्तिका लागि क्याम्पसमा गठित विभिन्न समिति तथा उपसमितिले सम्पादन गरेका कार्यको प्रगति प्रतिवेदन तथा क्याम्पसले सञ्चालन गरेका विविध गतिविधिहरूलाई समीक्षात्मक रूपमा प्रस्तुत गरिएको छ ।

मूलतः विगत वर्षका क्याम्पसका विभिन्न प्रशासनिक शाखाका रेकर्डहरू, वार्षिकोत्सवका अवसरमा प्रस्तुत नीति तथा कार्यक्रम र प्रगति प्रतिवेदन, शिक्षण विभाग तथा समिति/उपसमितिले यसअघि तयार गरेका प्रतिवेदन, क्याम्पसको पञ्चवर्षीय रणनैतिक योजना, स्वअध्ययन मूल्याङ्कन प्रतिवेदन, क्याम्पसको वस्तुगत विवरण, प्रोस्पेक्टसलगायतका सामग्री तथा तथ्याङ्कका आधारमा विवरणात्मक र विश्लेषणात्मक ढाँचामा यो "**धवल वार्षिक प्रगति प्रतिवेदन (आर्थिक वर्ष ०८१/०८२)**" तयार गरिएको छ । विभिन्न विभाग तथा उपसमितिका प्रगति प्रतिवेदनको अध्ययनबाट क्याम्पसको विगत र वर्तमान अवस्थाका बारेमा बुझ्नका लागि सहयोग पुग्ने छ भन्ने विश्वास लिएका छौँ ।

आफ्नो अमूल्य समय दिई प्रस्तुत वार्षिक प्रगति प्रतिवेदन तयार गर्नुहुने सहायक क्याम्पस प्रमुख हिरालाल रेग्मीलाई विशेष धन्यवाद दिन चाहान्छु । यो वार्षिक प्रगति प्रतिवेदन तयार गर्ने क्रममा आआफ्नो भूमिकामा रहेर महत्त्वपूर्ण सल्लाह र सुझाव दिई सहयोग गर्नुहुने क्याम्पस सञ्चालक समितिका अध्यक्ष प्रा. डा. दिनबहादुर थापा एवम् सदस्यहरू, सहायक क्याम्पस प्रमुख हरिप्रसाद पाण्डेय एवं डा. डिल्लीराज गौतम, विभिन्न शिक्षण विभागका अध्यक्ष एवम् कार्यक्रम संयोजकहरू, QAA कार्यक्रमअन्तर्गत गठित विभिन्न समिति तथा उपसमितिका संयोजकहरू, क्याम्पस प्रशासनका विभिन्न शाखाहरू, शिक्षक तथा कर्मचारी मित्रहरू, स्ववियु, क्याम्पसमा क्रियाशील विद्यार्थी संगठनहरू, विद्यार्थी गुणस्तर समूह, विद्यार्थी, अभिभावकलगायत क्याम्पसका सम्पूर्ण सरोकारवालाप्रति विशेष आभारी छौँ । यहाँहरू सबैको सहयोगबिना यो कार्य पूर्ण हुँदैनथ्यो

भन्ने कुरामा हामी विश्वस्त छौँ । वार्षिक प्रगति प्रतिवेदनको कम्प्युटर डिजाइन गरिदिने बहिनी लिला र छपाइको जिम्मा लिने नमुना अफ्सेट प्रा. लि. का प्रबन्ध निर्देशकलाई विशेष धन्यवाद दिन चाहन्छौँ ।

यो वार्षिक प्रतिवेदन तयारीका क्रममा केही सूचना तथा तथ्यहरू छुटेका हुन सक्छन् । क्याम्पसले प्रयोगमा ल्याएको सफ्टवयरमा प्रविष्टि गरिएका तथ्याङ्क तथा सूचनालाई आधार मानी परीक्षाफलसँग सम्बन्धित तथ्याङ्कहरू यस प्रतिवेदनमा समावेश गरिएकोले केही त्रुटि हुनसक्ने अनुमान हामीले गरेका छौँ । भुलवश भएका त्रुटिहरूमा यहाँहरू सबैको सुधारात्मक सुझावको अपेक्षा गर्दछौँ ।

सहप्रा. डा. सुदर्शन सिलवाल
क्याम्पस प्रमुख एवं संयोजक
आन्तरिक गुणस्तर तथा सुनिश्चितता समिति
धवलागिरि बहुमुखी क्याम्पस, बागलुङ
२०८२, भाद्र

## विषयसूची


| क्र. सं. | विवरण | पेज नं. |
|---|---|---|
| | प्रकाशकीय | ii |
| | तालिकासूची | iii |
| | विषयसूची | iv |
| | सङ्क्षिप्तीकृत शब्दसूची | vi |
| | **अध्याय एक : क्याम्पसका विभिन्न शैक्षिक गतिविधिहरू** | **१-३८** |
| १.१ | पृष्ठभूमि | १ |
| १.२ | क्याम्पसमा सञ्चालित शैक्षिक कार्यक्रमहरू | ३ |
| १.३ | सिकाइ प्रक्रिया | ४ |
| १.४ | विद्यार्थी सहयोगका कार्यक्रमहरू | ५ |
| १.५ | क्याम्पसका उपलब्धिहरू | ५ |
| १.६ | क्याम्पसमा कार्यरत शिक्षक र कर्मचारीहरूको विवरण | ६ |
| १.७ | विद्यार्थी विवरण | ९ |
| १.८ | शैक्षिक उपलब्धि | १२ |
| १.९ | क्याम्पसको सबल पक्ष, कमजोर पक्ष, अवसर र चुनौतीको विश्लेषण | १२ |
| १.१० | क्याम्पसको वार्षिक नीति तथा कार्यक्रम | १३ |
| १.११ | आर्थिक अवस्था | २५ |
| १.१२ | भौतिक अवस्था | २६ |
| १.१३ | निःशुल्क तथा जेहेन्दार छात्रवृत्ति पाउने विद्यार्थीको विवरण | ३० |
| १.१४ | शैक्षिक तथा प्रशासनिक व्यवस्थापन | ३७ |
| १.१५ | क्याम्पसको साङ्गठनिक संरचना | ४० |
| २ | **अध्याय दुई : विभिन्न समिति तथा उपसमितिका प्रगति प्रतिवेदन** | **४१-६४** |
| ३ | **अध्याय तीन : विभिन्न शिक्षण विभागका प्रगति प्रतिवेदन तथा वार्षिक नीति र कार्यक्रमहरू** | **६५-१६४** |
| ४ | **अध्याय चार : उपसंहार** | **१६५** |
| | सन्दर्भसामग्री सूची | |

# तालिकासूची


| तालिका नं. | विवरण | पेज नं. |
|---|---|---|
| १ | क्याम्पसमा कार्यरत शिक्षक र कर्मचारीहरूको विवरण | ६ |
| | क्याम्पसमा कार्यरत शिक्षकहरूको विवरण २०८१/२०८२ | ६ |
| | क्याम्पसमा कार्यरत कर्मचारीको विवरण (२०८१/०८२) | ८ |
| २ | क्याम्पसमा अध्ययनरत विद्यार्थीको विवरण-२०८१ | ११ |
| | स्नातक तथा स्नातकोत्तर तहमा गत दुई वर्षको विद्यार्थीको विवरण - २०८२ | ११ |
| ३ | विभिन्न शैक्षिक सत्रमा स्नातक तथा स्नातकोत्तर तह उत्तीर्ण हुने विद्यार्थीको विवरण | १३ |
| ४ | क्याम्पसमा गत विगत तीनवटा शैक्षिक सत्रको नतिजा विवरण | १४ |
| ५ | आर्थिक वर्ष ०७९/०८०, ०८०/०८१ र ०८१/०८२ को आम्दानी तथा खर्च विवरण | २५ |
| ६ | प्रशासनिक एवम् शैक्षिक भवनहरूको विवरण | २७ |
| ७ | भौतिक वस्तुको विवरण | २८ |
| ८ | निःशुल्क तथा जेहेन्दार छात्रवृत्ति पाउने विद्यार्थीको विवरण | ३१ |
| ९ | खण्डगत तथा तहगत सर्वोत्कृष्ट हुने विद्यार्थीको विवरण | ३४ |
| १० | क्याम्पस सञ्चालक समितिको विवरण (२०८१) | ३८ |
| ११ | क्याम्पस कार्यकारी समितिको विवरण (२०८१) | ३९ |
| १२ | प्रशासनिक कार्यविभाजन | ३९ |

# सङ्क्षिप्तीकृत शब्दसूची

| | |
|---|---|
| उपप्रा. | उप प्राध्यापक |
| आ.शि. | आंशिक शिक्षक |
| आ.व. | आर्थिक वर्ष |
| डा. | डाक्टर |
| धबक्या. | धवलागिरि बहुमुखी क्याम्पस |
| त्रिवि | त्रिभुवन विश्वविद्यालय |
| प्रा.डा. | प्राध्यापक डाक्टर |
| रू. | रूपिया |
| वि.सं. | विक्रम सम्वत् |
| सहप्रा. | सह प्राध्यापक |
| BA | Bachelor in Arts |
| BBA | Bachelor in Business Administration |
| BBS | Bachelor in Business Studies |
| BEd | Bachelor in Education |
| BICTE | Bachelor in Information and Communication Technology Education |
| BSc | Bachelor in Sciences |
| DMC | Dhawalagiri Multiple Campus |
| Dr. | Doctor |
| ECC | Employment Coordination Cell |
| Eco. | Economics |
| ELT | English Language Teaching |
| EMIS | Educational Management and Information System |
| FSU | Free Student Union |
| HERP | Higher Education Reform Project |
| IAE | Institutional Assessment and Evaluation |
| ICT | Information and Communication Technology |
| IOST | Institution of Science and Technology |
| IQAC | Internal Quality Assurance Committee |
| IT | Information and Technology |
| JD | Job Description |
| LOI | Letter of Intent |
| MA | Master in Arts |

| | |
|---|---|
| MBS | Master in Business Studies |
| MEd | Master in Education |
| MGT | Management |
| MS | Microsoft Teams |
| NEHEP | Nurturing Excellence in Higher Education Program |
| OTP | Overall Teaching Plan |
| PRT | Peer Review Team |
| Pvt. Ltd. | Private Limited |
| QAA | Quality Assurance and Accreditation |
| RMC | Research Management Cell |
| SAT | Self Assesment Team |
| SWOC | Strengths Weaknessses Opportunities and Challenges |
| SP | Strategic Plan |
| SQC | Students Quality Circle |
| SSR | Self Study Report |
| ToR | Terms of Reference |
| TU | Tribhuvan University |
| TUEA | Tribhuvan University Employees Association |
| TUTA | Tribhuvan University Teachers Association |
| UGC | University Grants Commission |

# अध्याय : एक

# परिचय

## १.१ पृष्ठभूमि

वर्तमान राजनैतिक तथा प्रशासनिक विभाजनअन्तर्गत गण्डकी प्रदेशको बागलुङ जिल्लास्थित बागलुङ नगरपालिका वडा नं. १ र २ मा धवलागिरि बहुमुखी क्याम्पस अवस्थित छ । विक्रम सम्वत् २०१९ (अगष्ट १८, १९६२ ई. सं.) मा स्थापित यस धवलागिरि बहुमुखी क्याम्पस यस क्षेत्रमा एक अग्रणी शैक्षिक संस्थाका रूपमा स्थापित हुन सफल भएको छ । क्याम्पसले स्थापना कालदेखि नै यसका संस्थापकहरू, स्थानीय शिक्षाविद्हरू, समाजसेवी तथा अभिभावकहरूको न्यानो मायाका कारण उच्चतम सफलता हासिल गर्न सफल भएको छ ।

२०३० सालमा सबै सम्बन्धनप्राप्त कलेजलाई त्रिविका आङ्गिक क्याम्पस बनाउने नीतिअनुरूप यस धवलागिरि इन्टर कलेजलाई महेन्द्र क्याम्पस, बागलुङ नामकरण गरी त्रिविको आङ्गिक क्याम्पस बनाइएको हो । यहाँका बुद्धिजीवी, समाजसेवी, शिक्षाप्रेमी र राजनीतिकर्मीहरूको विगतमा जस्तै सहयोग र सद्भावको पनि आवश्यकता देखिएकाले क्याम्पसलाई थप सुदृढ बनाउनका लागि २०७६ चैत्र ५ गतेका दिन त्रिवि कार्यकारी परिषद्ले धवलागिरि बहुमुखी क्याम्पसलाई स्वायत्ततामा लैजानका लागि स्वीकृति प्रदान गर्ने निर्णय गरेको थियो (थापा र अन्य, २०७८) । त्रिविको स्वयात्ततासम्बन्धी नियमानुसार अहिले यो क्याम्पस सञ्चालित छ ।

उच्च शिक्षालाई अनुसन्धानमुखी एवम् आधुनिकीकरण गर्ने क्रममा विश्वविद्यालय अनुदान आयोग र त्रिवि केन्द्रीय कार्यालयबाट आवश्यक सहयोग हुँदै आइरहेको छ । यस सहयोगबाट क्याम्पसको भौतिक विकास तथा प्राज्ञिक र शैक्षिक उन्नयनमा महत्त्वपूर्ण सहयोग पुगेको छ ।

विश्वविद्यालय अनुदान आयोग (University Grants Commission, UGC) ले अभियानका रूपमा उच्च शिक्षाको गुणस्तर सुधार गर्ने उद्देश्यले अगाडि बढाएको गुणस्तर सुनिश्चितता प्रत्यायन् (Quality Assurance and Accreditation, QAA) प्रमाण पत्र प्राप्त गरी शैक्षिक गुणस्तरको मानक कायम गर्नेतर्फ निकै मिहिनेतका साथ शैक्षिक, भौतिक तथा प्रशासनिक गुणस्तर सुधार गर्ने कार्यहरू तीव्र गतिमा अगाडि बढाइरहेको सन्दर्भमा २०८१ असार १२ गतेका दिन क्याम्पसले उक्त प्रमाणपत्र प्राप्त गर्न सफल भएको थियो ।

धवलागिरि बहुमुखी क्याम्पस मानविकी, शिक्षाशास्त्र, व्यवस्थापन र विज्ञान तथा प्रविधि अध्ययन संस्थानतर्फका स्नातक र स्नातकोत्तर तहका विद्यार्थीहरूले ल्याएको उत्कृष्ट नतिजालाई कायम राख्न तथा थप उचाइमा पुर्‍याउनका लागि अध्ययन अनुसन्धान लगायतका शैक्षिक क्रियाकलापमा मिहिनेतका साथ सहभागी भइरहेको छ । यसका साथै क्याम्पसले विशुद्ध प्राज्ञिक कार्यक्रमहरू मात्र नभई खेदकूद, खोज अनुसन्धान तथा सामाजिक दायित्त्व, समुदायको सेवाजस्ता मूल्य मान्यताहरूलाई समेत उच्च प्राथमिकता दिँदै आइरहेको छ ।

क्याम्पसले आफ्नो स्थापना कालदेखि नै विभिन्न किसिमका आरोह अवरोह पार गर्दै आजको यो अवस्थामा आइपुग्दा आफ्नो दूरगामी लक्ष्यअनुसार स्वायत्तता र गुणस्तर अभिवृद्धिको कार्यक्रमलाई एकैसाथ अगाडि बढाइरहेको छ । यसका लागि विगत केही वर्ष अगाडिदेखि पञ्चवर्षीय रणनैतिक योजना निर्माण गरी सोहीअनुसारका कार्यक्रमलाई प्राथमिकतामा राखेर कार्य सम्पादन गर्दै आइरहेको छ ।

क्याम्पसले तयार गरेको रणनैतिक योजनामा उल्लेख भएअनुसार क्याम्पसको मूलमन्त्र, दूरदृष्टि, ध्येय र लक्ष्य यस प्रकार रहेका छन् :-

| **क्याम्पसको मूलमन्त्र** | **गुणस्तरीय शिक्षा : हाम्रो प्रतिबद्धता** |
|---|---|
| **दूरदृष्टि** | प्राज्ञिक उत्कृष्टतामार्फत् समुन्नत, सभ्य तथा समतामूलक समाजको प्रवर्द्धन । |
| **ध्येय** | निपूर्णता, विवेकशीलता तथा समानता जस्ता मूल्य मान्यताहरूलाई आत्मसात् गर्ने प्राज्ञिक वातावरणको निर्माण । |
| **लक्ष्य** | उन्नतखालको भौतिक, प्राविधिक तथा शिक्षण सिकाइका स्रोत तथा साधनहरू तयार पार्ने । |
| | गरिब तथा पिछडिएको वर्गका विद्यार्थीहरूको उच्च शिक्षामा पहुँच विस्तार गर्न विशेष प्रोत्साहनको व्यवस्था गर्ने । |
| | शिक्षक कर्मचारीहरूका निम्ति वृत्ति विकास गर्ने अवसर प्रवर्द्धन गर्ने । |
| | खोज तथा अनुसन्धान संस्कृतिको प्रवर्द्धन गर्ने । |
| **उद्देश्ययहरू** | प्रभावकारी शिक्षण, व्यवस्थित प्राज्ञिक मूल्याङ्कन तथा परिश्रम र पृष्ठपोषणका माध्यमबाट शिक्षण सिकाइ प्रक्रियालाई व्यवस्थित बनाई विद्यार्थीको उत्तीर्ण दर वृद्धि गर्ने एवम् शैक्षिक गुणस्तर वृद्धि गर्ने । |
| | विद्यार्थीकेन्द्रित शैक्षणिक विधि, पुस्तकालयको प्रयोग, अनुसन्धान, समुदायमा संलग्नता, भ्रमण जस्ता माध्यमबाट विद्यार्थीहरूको ज्ञान आर्जनलाई थप प्रवर्द्धन गरी विद्यार्थीहरूको ज्ञान, सिप, क्षमता, असल नैतिक एवम् व्यावहारिक मूल्य मान्यताहरूको विकास गर्ने । |
| | प्रत्येक शैक्षिक वर्ष/सेमेस्टरका लागि पर्याप्त अनुभवी पूर्णकालीन शिक्षकहरूको व्यवस्था गरी शिक्षण, पृष्ठपोषण लगायतका सिकाइ क्रियाकलापलाई स्तरीय बनाउने । |
| | तालिम, कार्यशाला, सेमिनार तथा आधुनिक शिक्षण सामग्रीहरूको व्यवस्था गरी शिक्षकहरूको कार्यक्षमता प्रवर्द्धन गर्ने एवम् शैक्षणिक क्रियाकलापमा विविधता ल्याउने । |
| | दलित, अपाङ्ग, वञ्चितिकरणमा परेका तथा महिला विद्यार्थीहरूलाई केन्द्रित गरी भर्ना अभियान सञ्चालन गर्ने । |
| | छात्रावास (Hostel) को आवासीय क्षमता विस्तार गर्ने । |

| | |
|---|---|
| | गरिब तथा जेहेन्दार विद्यार्थीहरूलाई सहयोग पुऱ्याउन पूर्व विद्यार्थी संघ (Alumni Association) र सम्भावित आकाङ्क्षीहरूसँग समन्वय गरी थप जेहेन्दार छात्रवृत्ति कोषहरू स्थापना गर्ने । |
| | नयाँ पुस्तकालय, नयाँ सपिङ सटर तथा छात्रावासहरू निर्माण गर्ने । |
| | शिक्षक कर्मचारीहरूका लागि थप अध्ययन अनुसन्धानका लागि विशेष प्रोत्साहनको व्यवस्था गर्ने । |
| | इ-लाइब्रेरी, सुविधासहितको पुस्तकालय, विभागीय पुस्तकालयहरू लगायतका इलेक्ट्रोनिक अध्ययन सामग्रीहरू एवम् विभिन्न विधाका सिकाइका सामग्रीहरूले सम्पन्न शिक्षणका निम्ति अनुकूल स्रोत साधनहरूको व्यवस्था गर्ने । |
| | विश्वविद्यालय अनुदान आयोग (UGC), सरकारी तथा गैर सरकारी संस्था, स्थानीय तह, वित्तीय तथा सामाजिक संस्थाहरू समेतको सहयोगमा अनुसन्धानका पूर्वाधारहरू प्रवर्द्धन गर्ने । |
| **हाम्रो प्रतिबद्धता** | गुणस्तर सुनिश्चितता प्रत्यायन (QAA) प्राप्तिको उपलब्धिलाई दिगो बनाउने र स्वायत्तता कार्यान्वयनमा प्रतिबद्ध रहनु । |
| | क्याम्पससँग सम्बन्धित सम्पूर्ण गतिविधिहरूः वार्षिक प्रगति प्रतिवेदन, प्रोस्पेक्टस, बुलेटिन, अनुसन्धान प्रतिवेदन, विद्यार्थीको नतिजा, दैनिक सूचना, पाठ्यक्रम, पाठ्यसामग्री, विद्यार्थीको अभिलेख, शिक्षक कर्मचारीको व्यक्तिगत विवरण आदि क्याम्पस वेवसाइटमार्फत सार्वजनिक गर्दै जाने । |
| | शिक्षक तथा कर्मचारीको सेवासर्त (TOR) र विद्यार्थीहरूको आचारसंहितालाई प्रभावकारी रूपमा कार्यान्वयन गर्ने । |
| | क्याम्पसको प्रगतिमा प्रत्यक्ष सरोकार राख्ने शिक्षक, कर्मचारी, विद्यार्थी, अभिभावक र शिक्षाप्रेमी (बुद्धिजीवी  समाजसेवी, उद्योगपति, व्यापारी, चन्दादातामध्ये) हरूलाई वार्षिक रूपमा छात्रवृत्ति, पदक, पुरस्कार र सम्मानको व्यवस्था मिलाउने । |
| | क्याम्पसको वस्तुगत विवरण, स्वमूल्याङ्कन प्रतिवेदन र दीर्घकालीन गुरूयोजना निर्माण र नवीकरण गर्दै जाने । |

स्रोत : क्याम्पसको दोस्रो पञ्चवर्षीय (०७८/०७९-०८३/०८४) रणनीतिक योजना, २०७९ ।

## १.२ क्याम्पसमा सञ्चालित शैक्षिक कार्यक्रमहरू

स्थापना कालमा मानविकी सङ्कायतर्फ प्रविणता प्रमाण पत्र तहका कक्षा सञ्चालन गर्ने गरी स्थापना भएको यस क्याम्पसले वर्तमान समयमा आफ्ना शैक्षिक कार्यक्रमहरूमा व्यापक विस्तार गरिरहेको छ । समयको मागअनुसारका विषयहरूको पठनपाठनका लागि पनि क्याम्पस दत्तचित्त भएर अगाडि बढिरहेको छ । दुई वर्ष अघि क्याम्पसले स्नातक तहमा मानविकी सङ्कायअन्तर्गतको बिसिए कार्यक्रम सञ्चालन गर्ने तयारी गरेकोमा विद्यार्थी भर्ना नभएकोले यो कार्यक्रम सञ्चालन हुन सकेन । यस वर्षदेखि सूचना तथा प्रविधितर्फ शिक्षाशास्त्र संकायतर्फ BICTE कार्यक्रम सञ्चालन

गर्ने क्रममा क्याम्पस रहेको छ । क्याम्पसमा स्नातक र स्नातकोत्तर तहमा देहायअनुसार विभिन्न कार्यक्रमहरू वार्षिक र सेमेस्टर प्रणालीअन्तर्गत सञ्चालनमा रहेका छन् :-

**वार्षिक कार्यक्रम**

**स्नातक तहतर्फ**

- मानविकी सङ्काय : चार बर्षे (बि.ए.),
  ऐच्छिक/मुख्य विषयहरू : अङ्ग्रेजी, नेपाली, समाजशास्त्र, राजनीतिशास्त्र, गणित, अर्थशास्त्र, इतिहास
- व्यवस्थापन सङ्काय : चार बर्षे (बि.बि.एस.)
  विशिष्टिकरणका विषयहरू : वित्तशास्त्र, बजारशास्त्र, लेखाशास्त्र
- शिक्षाशास्त्र सङ्काय : चार बर्षे (बि.एड.)
  ऐच्छिक/मुख्य विषयहरू : अङ्ग्रेजी, नेपाली, राजनीतिशास्त्र, स्वास्थ्य तथा शारीरिक, अर्थशास्त्र शिक्षा, इतिहास, गणित
- विज्ञान तथा प्रविधि अध्ययन संस्थानतर्फ (बि.एस.सी.)
  विशिष्टीकरण विषयहरू : भौतिकशास्त्र, जीवविज्ञान, रसायनशास्त्र, वनस्पति विज्ञान

**सेमेस्टर कार्यक्रम**

**स्नातक तहतर्फ**

व्यवस्थापन सङ्काय : बिबिए (आठ सेमेस्टर)

शिक्षाशास्त्र सङ्काय : BICTE (आठ सेमेस्टर) २०८२ बाट सञ्चालन हुने

**स्नातकोत्तर तहतर्फ** (चार सेमेस्टर)

- मानविकी तथा सामाजिकशास्त्र सङ्काय : समाजशास्त्र/मानवशास्त्र तथा नेपाली
- शिक्षाशास्त्र सङ्काय : नेपाली शिक्षा, पाठ्यक्रम, अङ्ग्रेजी शिक्षा
- व्यवस्थापन सङ्काय : विशिष्टीकरण विषयहरू - वित्तशास्त्र, बजारशास्त्र, लेखाशास्त्र

## १.३ सिकाइ प्रक्रिया

क्याम्पसमा शिक्षण सिकाइमा विद्यार्थीहरूको सक्रिय सहभागितालाई उच्च प्राथमिकता दिई परम्परागत शैलीका कक्षाहरू तथा शिक्षण सिकाइका नविनतम् प्रक्रियाहरूको समिश्रण गरी सिकाइ उपलब्धिलाई गुणस्तरीय बनाउने गरी आवश्यक व्यवस्थाहरू गरिएको छ । नवीनतम् शिक्षण विधिहरूको प्रयोग गरी जटिल र अमूर्त विषयवस्तुलाई सरल र मूर्तरूपमा सिकाउने गरी आवश्यक व्यवस्था गरिएको छ । आवश्यकताअनुसार अनलाइन कक्षा सञ्चालन गरी विद्यार्थीहरूलाई अध्ययनको अवसरबाट वञ्चित गरिएको छैन । क्याम्पसमा प्रयोग हुँदै आइरहेका शिक्षण सिकाइका मुख्य विधिहरू यस प्रकार रहेका छन् :-

- समूहगत छलफल,
- अन्तरक्रिया तथा पृष्ठपोषण,
- श्रव्यदृष्य सामग्रीको प्रयोग,
- परियोजना कार्य तथा प्रस्तुतिकरण,

- ननक्रेडिट कोर्स सञ्चालन,
- उपचारात्मक कक्षा सञ्चालन,
- स्थलगत भ्रमण तथा अनुगमन ।

## १.४ विद्यार्थी सहयोगका कार्यक्रमहरू

क्याम्पसले यहाँ अध्ययन गर्न आउने विद्यार्थीहरूलाई लक्षित गरी विभिन्न किसिमका कार्यक्रमहरू कार्यान्वयनमा ल्याइरहेको छ । विद्यार्थीहरूलाई प्रत्यक्ष लाभ पुग्ने गरी परम्परागत किसिमको शिक्षण प्रविधिमा सुधारका अतिरिक्त प्रविधिसँग सम्बन्धित प्रयोगशाला, मल्टिमेडियाबाट अध्यापन, छात्रावास, आवश्यक परामर्श लगायतका विविध कार्यक्रमहरूमा आफ्नो ध्यानकेन्द्रित गर्दै आएको छ । क्याम्पसमा देहायअनुसार विद्यार्थी सहयोगका कार्यक्रमहरू रहेका छन् :-

- जेहेन्दार छात्रवृत्ति तथा निःशुल्क छात्रवृत्तिका लागि अक्षय कोष स्थापना,
- विज्ञान प्रयोगशाला, कम्प्युटर प्रयोगशाला, मल्टिमेडिया, इन्टरनेट सुविधा,
- छात्र र छात्राहरूका लागि छात्रावास सुविधा,
- चमेनागृहको व्यवस्था,
- परामर्श सेवा,
- सुविधासम्पन्न पुस्तकालयको व्यवस्था,
- अतिरिक्त क्रियाकलापहरूको नियमित सञ्चालन,
- विविध खेलकूदका कार्यक्रम सञ्चालन,
- गुनासो सुनुवाई तथा व्यवस्थापन ।

## १.५ क्याम्पसका उपलब्धिहरू

क्याम्पसले हासिल गरेका उपलब्धिहरू यस प्रकार रहेका छन् :-

- विश्वविद्यालय अनुदान आयोगबाट प्रत्यायनकृत हुन सफल,
- सबै सङ्काय र संस्थानतर्फ लगातार उत्कृष्ट नतिजाहरू ल्याउन सफल,
- अनुशासन तथा प्राज्ञिक मर्यादा र स्तरियतामा छुट्टै पहिचान बनाउन सफल,
- खोज तथा अनुसन्धान संस्कृतिको विकास हुँदै गइरहेको,
- क्याम्पसबाट प्रकाशित हुने जोर्नलहरूको स्तरोन्नति,
- क्याम्पस परिसर सरसफाईमा विशेष ध्यान दिइएको,
- विद्यार्थीकेन्द्रित अतिरिक्त क्रियाकलापमा वृद्धि हुँदै गइरहेको,
- विद्यार्थीहरूलाई छात्रवृत्ति प्रदान गर्नका लागि एक करोड भन्दा बढी राशीको अक्षय कोष स्थापना,
- पछिल्ला वर्षमा क्याम्पस र समुदायसँगको सम्बन्ध बढ्दै गइरहेको ।

## १.६ क्याम्पसमा कार्यरत शिक्षक र कर्मचारीहरूको विवरण

क्याम्पसमा कार्यरत प्राध्यापक तथा कर्मचारीको विवरण यसप्रकार रहेको छ :-

*तालिका : १*

*क्याम्पसमा कार्यरत शिक्षक र कर्मचारीहरूको विवरण-२०८२*

| विषय | शिक्षक विवरण | | | | | | कर्मचारी विवरण | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | जम्मा सं. | पूर्णकालीन | | पूर्णकालीन शिक्षक | कोर्सकरार तथा आशिंक | | पद | स्थायी | करार | जम्मा |
| | | स्थायी | करार | | कोर्स करार | आंशिक | शाखा अधिकृत | ६ | | ६ |
| अङ्ग्रेजी | १३ | ७ | - | २ | ४ | | मुख्य कार्यालय सहायक | ५ | | ५ |
| नेपाली | ८ | ६ | - | २ | — | | मुख्य लेखा सहायक | १ | | १ |
| अर्थशास्त्र | ५ | ४ | | — | — | १ | मुख्य प्राविधिक सहायक | १ | | १ |
| इतिहास | २ | १ | १ | — | — | — | कार्यालय सहायक | २ | २ | ४ |
| राजनीतिशास्त्र | २ | २ | — | — | — | — | पुस्तकालय सहायक | १ | | १ |
| समाजशास्त्र/ मानवशास्त्र | ३ | १ | १ | १ | - | — | कार्यालय सहयोगी | ५ | | ५ |
| गणित | ६ | ३ | — | ३ | | — | सेवा करार | - | २ | २ |
| स्वास्थ्य शारीरिक | ३ | - | — | २ | १ | — | सेन्ट्री | | २ | २ |
| शिक्षा/ पाठ्यक्रम | २ | १ | — | — | १ | — | | | | |
| व्यवस्थापन | ८ | ३ | २ | ३ | - | | | | | |
| विज्ञान तथा प्रविधि | १२ | ३ | — | ६ | ३ | — | | | | |
| सूचना तथा प्रविधि | २ | - | - | १ | १ | - | | | | |
| जम्मा | ६६ | ३१ | ४ | २० | १० | १ | | २१ | ६ | २७ |
| | | प्राध्यापक/कर्मचारी जम्मा : ६६+२७ = ९३ जना | | | | | | | | |

प्रशासन शाखा, ध.ब.क्या., २०८२, साउन ।

*तालिका : २*

*क्याम्पसमा कार्यरत शिक्षकहरूको विवरण २०८२*

| क्र. सं. | नाम, थर | पद | विषय |
|---|---|---|---|
| १ | डा. रामप्रसाद उपाध्याय | प्राध्यापक | इतिहास शिक्षा |
| २ | डा. दिनबहादुर थापा | प्राध्यापक | नेपाली शिक्षा |
| ३ | डा. सुदर्शन सिलवाल | सह-प्राध्यापक | अर्थशास्त्र |
| ४ | डा. आनन्दराज सिलवाल | उप-प्राध्यापक | नेपाली शिक्षा |
| ५ | शेषकान्त रिजाल | उप-प्राध्यापक | नेपाली |
| ६ | ध्रुवराज गौतम | उप-प्राध्यापक | व्यवस्थापन |

| | | | |
|---|---|---|---|
| ७ | विश्वबन्धु अधिकारी | उप-प्राध्यापक | समाजशास्त्र/ मानवशास्त्र |
| ८ | विजयराज पन्त | उप-प्राध्यापक | अङ्ग्रेजी |
| ९ | बलराम शर्मा | उप-प्राध्यापक | अङ्ग्रेजी शिक्षा |
| १० | डम्मरबहादुर वि.क. | उप-प्राध्यापक | अङ्ग्रेजी |
| ११ | कुलप्रसाद अधिकारी | उप-प्राध्यापक | गणित शिक्षा |
| १२ | दिपकप्रसाद शर्मा कँडेल | उप-प्राध्यापक | अर्थशास्त्र |
| १३ | हिरालाल रेग्मी | उप-प्राध्यापक | अर्थशास्त्र |
| १४ | भक्तिराम न्यौपाने | उप-प्राध्यापक | अर्थशास्त्र |
| १५ | तिलकप्रसाद कँडेल | उप-प्राध्यापक | अङ्ग्रेजी |
| १६ | प्रकाश शर्मा | उप-प्राध्यापक | अङ्ग्रेजी |
| १७ | उदयचन्द्र चपाईँ | उप-प्राध्यापक | अङ्ग्रेजी |
| १८ | डा. डिल्लीराज गौतम | उप-प्राध्यापक | राजनीतिशास्त्र |
| १९ | डा. गणेशप्रसाद शर्मा | उप-प्राध्यापक | नेपाली |
| २० | गोविन्दराज गौतम | उप-प्राध्यापक | राजनीतिशास्त्र |
| २१ | हरिप्रसाद पाण्डेय | उप-प्राध्यापक | नेपाली |
| २२ | हरिप्रसाद शर्मा | उप-प्राध्यापक | नेपाली |
| २३ | विप्लव शर्मा | उप-प्राध्यापक | व्यवस्थापन |
| २४ | जोहन बज्राचार्य | उप-प्राध्यापक | व्यवस्थापन |
| २५ | शिवप्रसाद पौडेल | उप-प्राध्यापक | पाठ्यक्रम |
| २६ | डा. चुडामणि पोखरेल | उप-प्राध्यापक | गणित |
| २७ | दिपेन्द्र जैसी क्षेत्री | उप-प्राध्यापक | अङ्ग्रेजी शिक्षा |
| २८ | यदुनाथ पौडेल | उप-प्राध्यापक | विज्ञान |
| २९ | लखन थापा | उप-प्राध्यापक | विज्ञान |
| ३० | नारायण सुबेदी | उप-प्राध्यापक | विज्ञान |
| ३१ | ओमप्रसाद शर्मा | प्रशिक्षक | गणित |
| ३२ | रामचन्द्र शर्मा | शिक्षण सहायक | इतिहास |
| ३३ | यमप्रसाद शर्मा | शिक्षण सहायक | व्यवस्थापन |
| ३४ | रामराजा कँडेल | शिक्षण सहायक | व्यवस्थापन |
| ३५ | डा. प्रकाशप्रसाद सापकोटा | शिक्षण सहायक | समाजशास्त्र/मानवशास्त्र |
| ३६ | डा. देवबहादुर क्षेत्री | शिक्षक | गणित शिक्षा |
| ३७ | सरोजराज पन्त | शिक्षक | समाजशास्त्र/मानवशास्त्र |
| ३८ | श्यामप्रसाद शर्मा | शिक्षक | अङ्ग्रेजी |
| ३९ | विष्णुप्रसाद चापागाई | शिक्षक | गणित |
| ४० | सरस्वती शर्मा | शिक्षक | स्वास्थ्य तथा शारीरिक |
| ४१ | यमबहादुर पोख्रेल | शिक्षक | विज्ञान |

| | | | |
|---|---|---|---|
| ४२ | रामजीप्रसाद सुवेदी | शिक्षक | नेपाली |
| ४३ | दलबहादुर थापा | शिक्षक | गणित |
| ४४ | केदारनाथ शर्मा | शिक्षक | स्वास्थ्य तथा शारीरिक |
| ४५ | नारायणप्रसाद पौडेल | शिक्षक | नेपाली |
| ४६ | नरेन्द्रप्रतापसिंह बुढाथोकी | शिक्षक | विज्ञान |
| ४७ | डम्मरसिंह खत्री | शिक्षक | विज्ञान |
| ४८ | रेशमलाल सापकोटा | शिक्षक | व्यवस्थापन |
| ४९ | खगराज शर्मा | शिक्षक | व्यवस्थापन |
| ५० | प्रदिप पन्त | शिक्षक | अङ्ग्रेजी |
| ५१ | मनबहादुर रोका | शिक्षक | विज्ञान |
| ५२ | नवराज शर्मा | शिक्षक | व्यवस्थापन |
| ५३ | ज्ञानेन्द्रप्रसाद शर्मा | शिक्षक | विज्ञान |
| ५४ | रोशन क्षेत्री | शिक्षक | विज्ञान |
| ५५ | सुवाष के.सी. | शिक्षक | सूचना प्रविधि |
| ५६ | नेत्रलाल न्यौपाने | कोर्स करार | अङ्ग्रेजी |
| ५७ | बालकृष्ण शर्मा | कोर्स करार | अङ्ग्रेजी शिक्षा |
| ५८ | गणेशप्रसाद शर्मा | कोर्स करार | अङ्ग्रेजी |
| ५९ | शिवप्रसाद पाध्या | कोर्स करार | अङ्ग्रेजी |
| ६० | हशंबहादुर सार्की | कोर्स करार | पाठ्यक्रम तथा मूल्याङ्कन |
| ६१ | यमप्रसाद शर्मा | कोर्स करार | स्वास्थ्य तथा शारीरिक |
| ६२ | केदारनाथ पौडेल | कोर्स करार | सूचना प्रविधि |
| ६३ | गोविन्द राना | कोर्स करार | विज्ञान |
| ६४ | भरतराज ओभा | कोर्स करार | विज्ञान |
| ६५ | रविन्द्र पौडेल | कोर्स करार | विज्ञान |
| ६६ | नेत्रराज सिलवाल | आंशिक शिक्षक | अर्थशास्त्र |

*तालिका : ३*

*क्याम्पसमा कार्यरत कर्मचारीको विवरण (२०८१/०८२)*

| क्र. सं. | नाम, थर | पद |
|---|---|---|
| १ | नारायणप्रसाद सापकोटा | शाखा अधिकृत |
| २ | कल्पना रेग्मी | शाखा अधिकृत |
| ३ | अम्बिका रेग्मी | शाखा अधिकृत |
| ४ | हुमबहादुर थापा | निमित्त लेखा अधिकृत |
| ५ | शिवप्रसाद पाध्या | निमित्त शाखा अधिकृत |
| ६ | शिवराज पन्त | निमित्त शाखा अधिकृत |
| ७ | कल्पना शर्मा | मुख्य कार्यालय सहायक |

| | | |
|---|---|---|
| ८ | मोतीकला शर्मा | मुख्य कार्यालय सहायक |
| ९ | शान्तिकुमारी रेग्मी | मुख्य कार्यालय सहायक |
| १० | प्रविनाकुमारी रेग्मी | मुख्य लेखा सहायक |
| ११ | भुपाल चालिसे | मुख्य कार्यालय सहायक |
| १२ | रूपादेवी सापकोटा | मुख्य कार्यालय सहायक |
| १३ | आनन्द पाठक | मुख्य प्राविधिक सहायक (सूचना प्रविधि) |
| १४ | डोलेन्द्रराज शर्मा | कार्यालय सहायक |
| १५ | गितादेवी शर्मा | पुस्तकालय सहायक |
| १६ | रामु आचार्य | कार्यालय सहायक |
| १७ | संगिता शर्मा | कार्यालय सहायक |
| १८ | सूर्यप्रसाद गौतम | कार्यालय सहायक |
| १९ | ठाकुरप्रसाद आचार्य | कार्यालय सहयोगी |
| २० | महेन्द्र गर्वूजा | कार्यालय सहयोगी |
| २१ | टुल्की जैसी | कार्यालय सहयोगी |
| २२ | बिन्दु शर्मा | कार्यालय सहयोगी |
| २३ | लक्ष्मी जैसी | कार्यालय सहयोगी |
| २४ | चित्रराज पन्त | सुरक्षा गार्ड (सेन्ट्री) |
| २५ | बिनोद ठकुरी | सुरक्षा गार्ड (सेन्ट्री) |
| २६ | मङ्गली माझी | सेवा करार |
| २७ | सिर्जना गैरे केसी | सेवा करार |

प्रशासन शाखा, ध.ब.क्या., २०८२, साउन ।

## १.७ विद्यार्थी विवरण

सूचना तथा प्रविधिका क्षेत्रमा भएको विकास एवम् विश्वकीकरणको प्रभावका कारण वार्षिक रूपमा वैदेशिक अध्ययन एवम् रोजगारीमा जाने युवाहरूको सङ्ख्या बढ्दै गइरहेको छ । यसको प्रभाव क्याम्पसमा पनि परेकोले विद्यार्थी भर्ना अनुपात अपेक्षित रूपमा बढ्न सकिरहेको छैन । प्रथम वर्षमा भर्ना भएका विद्यार्थीहरू चौँथो वर्षसम्म पुग्दा समग्रमा करिब ५० प्रतिशतले क्याम्पस छाड्दै गएको अवस्थाप्रति क्याम्पस चिन्तित रहेको छ । यसका लागि विभिन्न रणनीतिहरू अवलम्बन गर्दागर्दै पनि ड्रपआउट दरलाई कम गर्न सकिएको छैन । पछिल्ला वर्षमा स्नातक तहमा व्यवस्थापन सङ्कायतर्फ विद्यार्थी सङ्ख्या उल्लेख्य रहेको भए तापनि बिएस्सी, शिक्षाशास्त्र सङ्काय र मानविकी सङ्कायतर्फ भने विद्यार्थी भर्ना दर बढ्न सकेको छैन । मानविकी सङ्कायतर्फ नियमित रूपमा अध्ययन गर्न आउने विद्यार्थी सङ्ख्या भने अत्यन्तै न्यून हुँदै गएको छ । शैक्षिक सत्र २०८० र २०८१ मा यस क्याम्पसको विभिन्न सङ्काय र संस्थानअन्तर्गत विभिन्न तहमा अध्ययनरत् विद्यार्थीहरूको विवरण यस प्रकार रहेको छ :-

*तालिका : ४*

*क्याम्पसमा अध्ययनरत विद्यार्थीको विवरण-२०८१ (स्नातक तहतर्फ)*

| सङ्काय तथा संस्थान | वर्ष | कार्यक्रम तथा तहगत विद्यार्थी सङ्ख्या (२०८१) | | |
|---|---|---|---|---|
| | | छात्र | छात्रा | जम्मा |
| मानविकी | प्रथम | १६ | १८ | ३४ |
| | दोस्रो | ५ | १० | १५ |
| | दोस्रो | २५ | ८ | ३३ |
| | तेस्रो | ८ | १० | १८ |
| | चौँथो | ४ | १५ | १९ |
| | जम्मा | ५८ | ६१ | ११९ |
| शिक्षाशास्त्र | प्रथम | १७ | ७८ | ९५ |
| | दोस्रो | २१ | ७५ | ९६ |
| | दोस्रो | २१ | ८५ | १०६ |
| | तेस्रो | १७ | ८६ | १०३ |
| | चौँथो | १३ | १२५ | १३८ |
| | जम्मा | ८९ | ४४९ | ५३८ |
| बिबिएस | प्रथम | १३३ | १४३ | २७६ |
| | दोस्रो | ७३ | ११७ | १९० |
| | दोस्रो | ८६ | १३६ | २२२ |
| | तेस्रो | ५३ | ८८ | १४१ |
| | चौँथो | ३४ | १०९ | १४३ |
| | जम्मा | ३७९ | ५९३ | ९७२ |
| बिएससी | प्रथम | ५ | २४ | २९ |
| | दोस्रो | ४ | ३५ | ३९ |
| | दोस्रो | १० | १३ | २३ |
| | तेस्रो | ३ | ८ | ११ |
| | चौँथो | ५ | १० | १५ |
| | जम्मा | २७ | ९० | ११७ |
| बिबिए | प्रथम सत्र | ६ | २७ | ३३ |
| | तेस्रो सत्र | २ | १८ | २० |
| | पाचौँ सत्र | ५ | २५ | ३० |
| | छैठौँ सत्र | ५ | २१ | २६ |
| | आठौँ सत्र | ९ | १७ | २६ |
| | जम्मा | २७ | १०८ | १३५ |
| स्नातक तह जम्मा | | ५८० | १३०१ | १८८१ |

स्नातकोत्तर तहतर्फ

| | | | | |
|---|---|---|---|---|
| नेपाली शिक्षा | दोस्रो सत्र | ५ | १ | ६ |
| | चौंथो सत्र | १ | ४ | ५ |
| | प्रथम सत्र | ४ | १२ | १६ |
| | जम्मा | **१०** | **१७** | **२७** |
| अङ्ग्रेजी शिक्षा | दोस्रो सत्र | ७ | ६ | १३ |
| | चौंथो सत्र | ७ | ५ | १२ |
| | प्रथम सत्र | ३ | ९ | १२ |
| | जम्मा | **१७** | **२०** | **३७** |
| पाठ्यक्रम शिक्षा | दोस्रो सत्र | ९ | १० | १९ |
| | चौंथो सत्र | ६ | ७ | १३ |
| | प्रथम सत्र | ३ | ४ | ७ |
| | जम्मा | **१८** | **२१** | **३९** |
| एमबिएस | दोस्रो सत्र | ६ | ९ | १५ |
| | चौंथो सत्र | ५ | १० | १५ |
| | प्रथम सत्र | ११ | १६ | २७ |
| | जम्मा | **२२** | **३५** | **५७** |
| समाजशास्त्र/मानवशास्त्र | दोस्रो सत्र | १३ | ३ | १६ |
| | चौंथो सत्र | १४ | ६ | २० |
| | प्रथम सत्र | ६ | १५ | २१ |
| | जम्मा | **३३** | **२४** | **५७** |
| स्नातकोत्तर तहतर्फ जम्मा | | **१००** | **११७** | **२१७** |
| कुल जम्मा | | ६८० | १४१८ | २०९८ |

*तालिका : ५*

*स्नातक तथा स्नातकोत्तर तहमा गत दुई वर्षको विद्यार्थीको विवरण -२०८२*

| सङ्काय तथा संस्थान | तह | विद्यार्थी सङ्ख्या | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | २०८० | | | २०८१ | | |
| | | जम्मा | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा |
| मानविकी | स्नातक | ११० | ५२ | ५८ | ११९ | ५८ | ६१ |
| शिक्षाशास्त्र | स्नातक | ६४४ | ११८ | ५२६ | ५३८ | ८९ | ४४९ |
| व्यवस्थापन बिबिएस | स्नातक | ९८८ | ३५० | ६३८ | ९७२ | ३७९ | ५९३ |
| व्यवस्थापन बिबिए | स्नातक | १३७ | ३१ | १०६ | १३५ | २७ | १०८ |
| विज्ञान तथा प्रविधि | स्नातक | ११४ | २९ | ८५ | ११७ | २७ | ९० |
| **स्नातक तह जम्मा** | | **१९९३** | **५८०** | **१४१३** | **१८८१** | **५८०** | **१३०१** |
| नेपाली शिक्षा | स्नातकोत्तर | १८ | ८ | १० | २७ | १० | १७ |
| समाजशास्त्र/मानवशास्त्र | स्नातकोत्तर | ५२ | ३९ | १३ | ५७ | ३३ | २४ |
| पाठ्यक्रम तथा मूल्याङ्कन | स्नातकोत्तर | ३४ | २० | १४ | ३९ | १८ | २१ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| एमबिएस | स्नातकोत्तर | ७७ | ३९ | ३८ | ५७ | २२ | ३५ |
| अङ्ग्रेजी शिक्षा | स्नातकोत्तर | ३३ | १७ | १६ | ३७ | १७ | २० |
| **स्नातकोत्तर तह जम्मा** | | २१४ | १२३ | ९१ | २१७ | १०० | ११७ |
| **कूल विद्यार्थी सङ्ख्या** | | २२०७ | ७०३ | १५०४ | २०९८ | ६८० | १४१८ |

स्रोतः परीक्षा तथा लेखा शाखा, ध.ब.क्या., २०८२ साउन मसान्तसम्मको विवरण ।

## १.८ शैक्षिक उपलब्धि

शैक्षिक संस्थाको गरिमा तथा प्रतिष्ठा भनेको भौतिक पूर्वाधारको उपलब्धता मात्र होइन । भौतिक पूर्वाधारहरू शैक्षिक उपलब्धिका सहायक स्रोत मात्र हुन् । क्याम्पसको विभिन्न तह र वर्षको वार्षिक परीक्षामा उत्तीर्ण हुने विद्यार्थीहरू र आफ्नो अध्ययन पुरा गरेर तह पार भएर जाने विद्यार्थीहरूको सङ्ख्यालाई अध्ययन गर्दा यस क्याम्पसको शैक्षिक उपलब्धि निराशाजनक देखिदैन । क्याम्पसबाट स्नातक तथा स्नातकोत्तर तह पार भएर जाने विद्यार्थीहरूको पेशा र रोजगारका क्षेत्रमा पहुँचलाई पनि शैक्षिक उपलब्धिको मानकका रूपमा लिन सकिन्छ । यसका लागि क्याम्पसले विगतका केही वर्ष अगाडिदेखि ट्रेसर स्टडिको कार्यलाई निरन्तरता दिइरहेको छ । आधुनिक प्रविधियुक्त पुस्तकालयको कमी, शिक्षाप्रति विद्यार्थीको उदासिनता, अभिभावकहरूमा पनि छोराछोरीप्रतिको पढाइबारेको चासो कम, तालिमप्राप्त र पूर्णकालीन शिक्षकहरूको अभाव आदिका बाबजुद पनि वार्षिक परीक्षाहरूमा सन्तोषजनक नतिजा ल्याउन क्याम्पस सफल रहेको देखिन्छ ।

क्याम्पसको समग्र नतिजाको विश्लेषण गर्दा पूर्णरूपमा सन्तोष गर्न सकिने अवस्था रहेको छैन । स्नातक तहतर्फ वार्षिक प्रणालीअन्तर्गत प्रथम वर्षको नतिजा अपेक्षा गरेअनुरूप नभए तापनि दोस्रो, तेस्रो तथा चौँथो वर्षको परीक्षाफल क्रमशः बढ्दै गएको देखिन्छ । स्नातक तहतर्फ बिबिएको नतिजा उत्कृष्ट रहेको छ ।

क्याम्पसको पठनपाठनलाई अझै प्रभावकारी बनाई उत्तीर्ण प्रतिशतलाई बढाउनका लागि क्याम्पसका सम्बन्धित सरोकारवालाहरूको निरन्तर प्रयास जारी रहेको छ । यसका लागि क्याम्पसले आन्तरिक परीक्षा सञ्चालन गरेपछि वार्षिक परीक्षा सुरू नहुँदैसम्मको अवधिमा उपचारात्मक कक्षा ( Remedial Class) सञ्चालन समेतको व्यवस्था गर्दै आएको छ ।

विगत केही वर्षदेखि क्याम्पसले वार्षिक शैक्षिक क्यालेण्डर निर्माण गरी सोहीअनुसार शिक्षकहरूलाई वार्षिक शैक्षिक कार्ययोजना तथा एकाइ योजना निर्माण गर्न लगाइ शिक्षण गतिविधिहरू अगाडि बढाइएको छ । त्यसै गरी शिक्षक कर्मचारीलाई स्वमूल्याङ्कन, समकक्षी मूल्याङ्कन, आन्तरिक विद्यार्थी तथा सरोकारवालाहरू समेतको मूल्याङ्कन गर्न गराउन लगाई आवश्यक पृष्ठपोषण दिने परिपाटीको सुरूवात गरिएको छ । क्याम्पसले वार्षिकोत्सवका अवसरमा विगतका वर्षहरूमा हरेक सङ्काय तथा संस्थानका प्रत्येक तह/वर्ष तथा सेमेस्टरमा उत्कृष्ट नतिजा ल्याउने जेहेन्दार विद्यार्थीहरूलाई नगद पुरस्कारसहित पुरस्कृत गर्दै आइरहेको छ । यस वर्ष पनि यसलाई निरन्तरता दिइएको छ ।

क्याम्पसमा कार्यरत प्राध्यापक तथा कर्मचारीमध्येबाट सेवाकालीन समयावधिका आधारमा प्रत्येक वर्ष एकएक जनालाई सम्मान गर्दै आइरहेको छ । कुल पाठ्यभार, विद्यार्थी सङ्ख्या, क्याम्पसमा उपस्थिति (साप्ताहिक ४२ घण्टा), अनुसन्धानमूलक कार्य, विद्यार्थीको औसत उत्तीर्ण प्रतिशत तथा कार्यसम्पादन आदि सूचकका आधारमा एकएक जना शिक्षक र कर्मचारीलाई सम्मान गर्ने परिपाटीको शूरूवात गरिएको थियो । यस वर्ष पनि उक्त कार्यलाई निरन्तरता दिइएको छ । यी सबै कार्यहरूले शैक्षिक उपलब्धिलाई बृद्धि गर्नमा सहयोग पुग्ने अपेक्षा गरिएको छ ।

क्याम्पसमा विभिन्न सङ्काय तथा संस्थानका तह र वर्षमा अध्ययन गरी तह पार गर्ने विद्यार्थीहरूको विवरणलाई देहायअनुसार प्रस्तुत गरिएको छ :-

*तालिका : ६*

*विभिन्न शैक्षिक सत्रमा स्नातक तथा स्नातकोत्तर तह उत्तीर्ण हुने विद्यार्थीको विवरण*

| सङ्काय तथा वर्ष | तह | तह पार हुने विद्यार्थी सङ्ख्या २०७८ | | | तह पार हुने विद्यार्थी सङ्ख्या २०७९/०८० | | | तह पार हुने विद्यार्थी सङ्ख्या २०८०/२०८१ | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा |
| मानविकी तथा सामाजिकशास्त्र | स्नातक | ९ | ११ | २० | ३ | ७ | १० | ४ | ५ | ९ |
| शिक्षाशास्त्र | स्नातक | ६ | ३० | ३६ | ३ | १४ | १७ | ९ | ३६ | ४५ |
| व्यवस्थापन | स्नातक | ७ | २१ | २८ | ७ | १५ | २२ | ७ | २४ | ३१ |
| विज्ञान तथा प्रविधि | स्नातक | ३ | ४ | ७ | ० | ६ | ६ | ३ | ७ | १० |
| बिबिए | स्नातक | ० | ० | ० | ८ | २० | २८ | ११ | २६ | ३७ |
| **स्नातक तह जम्मा** | | २५ | ६६ | ९१ | १३ | ४२ | ५५ | ३४ | ९८ | १३२ |
| एमबिएस | स्नातकोत्तर | ४ | २ | ६ | ६ | १३ | १९ | १३ | १४ | २७ |
| एमएड पाठ्यक्रम/नेपाली | स्नातकोत्तर | ३ | ३ | ६ | २ | २ | २ | ५ | १० | १५ |
| एमए समाजशास्त्र | स्नातकोत्तर | १ | ३ | ४ | ५ | ३ | ८ | ५ | १० | १५ |
| **स्नातकोत्तर तह जम्मा** | | ८ | ८ | १६ | १३ | १८ | ३१ | २३ | ३४ | ५७ |
| **कुल जम्मा** | | ३३ | ७४ | १०७ | २६ | ६० | ८६ | ५७ | १३२ | १८९ |

*तालिका : ७*

*क्याम्पसमा गत विगत तिनओटा शैक्षिक सत्रको नतिजा विवरण*

**स्नातक तह**

| सङ्काय तथा वर्ष | २०७८/२०७९ | | | २०७९/२०८० | | | २०८०/२०८१ | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | परीक्षामा सम्मिलित | उत्तीर्ण | प्रतिशत | परीक्षामा सम्मिलित | उत्तीर्ण | प्रतिशत | परीक्षामा सम्मिलित | उत्तीर्ण | प्रतिशत |
| **मानविकी तथा सामाजिकशास्त्र** | | | | | | | | | |
| प्रथम वर्ष | ३७ | ६ | १६.२३ | ४४ | २ | ४.५४ | ३३ | १७ | ५१.५२ |
| दोस्रो वर्ष | २२ | १२ | ५४.५४ | ४० | १४ | ३५ | १८ | ६ | ३३.३३ |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| तेस्रो वर्ष | ३१ | १८ | ५८.०६ | २१ | ७ | ३३.३३ | १८ | ५ | २७.७८ |
| चौँथो वर्ष | | | | | | | १७ | १० | ५८.८२ |
| **मानविकी जम्मा** | ९८ | २७ | २७.५५ | ९७ | ३२ | ३२.९९ | ८६ | ३८ | ४४.१९ |
| **शिक्षाशास्त्र** | | | | | | | | | |
| प्रथम वर्ष | २२३ | १२ | ५.३८ | १७६ | १३ | ७.३९ | १०३ | १२ | ११.६५ |
| दोस्रो वर्ष | १६२ | ३० | १८.५२ | १३३ | २८ | २१.०५ | ९४ | २१ | २२.३४ |
| तेस्रो वर्ष | १११ | २५ | २२.५२ | १०४ | ४० | ३८.४६ | १०० | २४ | २४ |
| चौँथो वर्ष | ९६ | ५४ | ५६.२५ | ६८ | २४ | ३५.२९ | ९३ | ५१ | ५४.८४ |
| **शिक्षाशास्त्र जम्मा** | ५९२ | १२१ | २०.४४ | ४८१ | १०५ | २१.८३ | ३९० | १०८ | २७.६९ |
| **व्यवस्थापन** | | | | | | | | | |
| प्रथम वर्ष | ३२८ | १८ | ५.४९ | २२२ | ८ | ३.६० | २१५ | १५ | ६.९८ |
| दोस्रो वर्ष | १८७ | २८ | १४.९७ | १४४ | ११ | ७.६३ | १२१ | १२ | ९.९२ |
| तेस्रो वर्ष | १०२ | १४ | १३.७२ | १४२ | ५४ | ३८.०३ | ९४ | २० | २१.२८ |
| चौँथो वर्ष | ७७ | ३२ | ४१.५६ | ७३ | ३९ | ५३.४२ | १२६ | ४६ | ३६.५१ |
| **व्यवस्थापन जम्मा** | ६९४ | ९२ | १३.२६ | ५८१ | ११२ | १९.२८ | ५५६ | ९३ | १६.७३ |
| **विज्ञान तथा प्रविधि प्रथम वर्ष** | १८ | ० | ० | १६ | ० | ० | २३ | ० | ० |
| दोस्रो वर्ष | १७ | ३ | १७.६५ | १५ | ५ | ३३.३३ | १२ | १ | ८.३३ |
| तेस्रो वर्ष | १९ | ५ | २६.३१ | १७ | १४ | ८२.३५ | १४ | १० | ७१.४३ |
| चौँथो वर्ष | २३ | १५ | ६५.२२ | १४ | १० | ७१.४३ | १५ | १३ | ८६.६७ |
| विज्ञान तथा प्रविधि जम्मा | ७७ | २३ | २९.८७ | ६२ | २९ | ४६.७७ | ६४ | २४ | ३७.५० |
| **बिबिए बाहेक स्नातक जम्मा** | १४६० | २६८ | १८.३६ | १०२१ | २४२ | २३.७० | १०९६ | २६३ | २४.०० |
| **व्यवस्थापन बिबिए प्रथम** सेमेस्टर | ३१ | २२ | ७०.९७ | ३२ | २४ | ७५ | २१ | ११ | ५२.३८ |
| बिबिए दोस्रो सेमेस्टर | ३१ | २५ | ८०.६४ | २७ | २३ | ८५.१९ | २० | १४ | ७०.० |
| बिबिए तेस्रो सेमेस्टर | ३० | २३ | ७६.६६ | २६ | २४ | ९२.३१ | ३० | २० | ६६.६७ |
| बिबिए चौँथो सेमेस्टर | २८ | २५ | ८९.२८ | २७ | २४ | ८८.८९ | २९ | २५ | ८६.२१ |
| बिबिए पाँचौ सेमेस्टर | २८ | २८ | १०० | ३० | ३० | १०० | २६ | १८ | ६९.२३ |
| बिबिए छैटौँ सेमेस्टर | | | | ३० | ३० | १०० | २५ | २३ | ९२.०० |
| बिबिए सातौँ सेमेस्टर | | | | २८ | २८ | १०० | २६ | २६ | १००.० |
| बिबिए आठौँ सेमेस्टर | | | | २८ | २८ | १०० | ३० | ३० | १००.० |
| बिबिए जम्मा | १४८ | १२३ | ८३.११ | २२८ | २११ | ९२.५४ | २०७ | १६७ | ८०.६८ |
| **स्नातक तह जम्मा** | १६०८ | ३९१ | २४.३१ | १२४९ | ४५३ | ३६.२७ | १३०३ | ४३० | ३३.०० |

**स्नातकोत्तर तह**

| सङ्काय तथा वर्ष | २०७८ | | | २०७९/२०८० | | | २०८०/२०८१ | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | परीक्षामा सम्मिलित | उत्तीर्ण | प्रतिशत | परीक्षामा सम्मिलित | उत्तीर्ण | प्रतिशत | परीक्षामा सम्मिलित | उत्तीर्ण | प्रतिशत |
| **मानविकी तथा सामाजिकशास्त्र सङ्काय** | | | | | | | | | |
| समाजशास्त्र प्रथम सेमेस्टर | - | - | - | | | | १९ | १४ | ७३.६८ |
| समाजशास्त्र दोस्रो सेमेस्टर | ७ | ५ | ७१.४३ | १६ | ८ | ५० | | | |
| समाजशास्त्र तेस्रो सेमेस्टर | १५ | ४ | २६.६६ | ८ | ५ | ६२.५ | १७ | १२ | ७०.५९ |
| समाजशास्त्र चौँथो सेमेस्टर | १५ | १५ | १०० | ८ | ७ | ८४.५ | ८ | ७ | ८७.५ |
| **जम्मा** | ३७ | २४ | ६४.८६ | ३२ | २० | ६२.५० | २५ | १९ | ७६.० |
| **शिक्षाशास्त्र सङ्काय** | | | | | | | | | |
| पाठ्यक्रम प्रथम सेमेस्टर | - | - | - | १४ | ४ | २८.५७ | १४ | ४ | २८.५७ |
| पाठ्यक्रम दोस्रो सेमेस्टर | १३ | ४ | ३०.३७ | ७ | ३ | ४२.८६ | १३ | ६ | ४६.१५ |
| पाठ्यक्रम तेस्रो सेमेस्टर | ९ | ५ | ५५.५५ | ६ | १ | १६.६७ | ६ | २ | ३३.३३ |
| पाठ्यक्रम चौंथो सेमेस्टर | ९ | ८ | ८८.८८ | १२ | ८ | ६६.६७ | ६ | ४ | ६६.६६ |
| नेपाली प्रथम सेमेस्टर | - | - | - | ६ | १ | १६.६७ | ६ | १ | १६.६६ |
| नेपाली दोस्रो सेमेस्टर | ६ | १ | १६.६६ | ५ | ० | ० | ० | ० | ० |
| नेपाली तेस्रो सेमेस्टर | १२ | २ | १६.६६ | ५ | ० | ० | ४ | ० | ० |
| नेपाली चौँथो सेमेस्टर | १२ | ८ | ६६.६६ | ३ | ० | ० | २ | ० | ० |
| अङ्ग्रेजी प्रथम सेमेस्टर | | | | २४ | १० | | १४ | ४ | २८.५७ |
| अङ्ग्रेजी दोस्रो सेमेस्टर | | | | ० | ० | | १२ | ४ | ३३.३३ |
| **जम्मा** | ६१ | २८ | ४५.९० | ८२ | २७ | ३२.९३ | ७७ | २५ | ३२.४७ |
| **व्यवस्थापन सङ्काय** | | | | | | | | | |
| प्रथम सेमेस्टर | - | - | - | २४ | १० | ४१.६७ | २४ | ९ | ३७.५ |
| दोस्रो सेमेस्टर | ३१ | १२ | ३८.७१ | ३७ | २६ | ७०.२७ | २४ | ६ | २५ |
| तेस्रो सेमेस्टर | २५ | १५ | ६० | ३४ | २७ | ७९.४१ | ३४ | २८ | ८२.३५ |
| चौँथो सेमेस्टर | २५ | ११ | ४४ | २८ | २२ | ७८.५७ | ३१ | २९ | ९३.५५ |
| **व्यवस्थापन सङ्काय जम्मा** | ८१ | ३८ | ४६.९१ | १२३ | ८५ | ६९.११ | ११३ | ७२ | ६३.७२ |
| **स्नातकोत्तर तह जम्मा** | १७९ | ९० | ५०.२७ | २३७ | १३२ | ५५.७ | २१५ | ११६ | ५३.९५ |
| **स्नातक तथा स्नातकोत्तर तह जम्मा** | १७८७ | ४८१ | २६.९१ | १४८६ | ५८५ | ३९.३७ | १५१८ | ५४५ | ३५.९० |

तथ्याङ्क स्रोत : क्याम्पस परीक्षा शाखा तथा EMIS Unit, २०८२ ।

माथिको तालिका ४ र ५ मा प्रस्तुत गरिएको विद्यार्थीको शैक्षिक उपलब्धि विवरणमा त्रिभुवन विश्वविद्यालयबाट २०८२ असार मसान्तसम्म प्रकाशित भएका स्नातक र स्नातकोत्तर तहका परीक्षाफल देखाइएको छ । यो सम्पूर्ण नतिजा विवरण क्याम्पसको EMIS अन्तर्गत परीक्षासम्बन्धी सफ्टवेयरमा प्रविष्टी भएका तथ्याङ्कमा आधारित छन् ।

## १.९ क्याम्पसको सबल पक्ष, कमजोर पक्ष, अवसर र चुनौतीको विश्लेषण

कुनै पनि संघ संस्था निश्चित उद्देश्य र अपेक्षाका साथ स्थापना गरिएको हुन्छ । ती अपेक्षा प्राप्तिको कार्य निकै नै चुनौतीपूर्ण हुन्छ । संस्था स्थापनाकालको समय, परिस्थिति र अवस्थामा व्यापक बदलाव वा परिवर्तन आइसकेको हुन्छ । परिवर्तित समाज र वातावरणसँगै मानवीय सोच, धारणा र व्यवहारहरू परिवर्तन हुँदै गएका हुन्छन् । परिवर्तित वातावरणअनुसार संस्थामा विविधखालका समस्या तथा चुनौतीहरू थपिदैँ गएका हुन्छन् । निर्वाधरूपमा सञ्चालन भइरहेका संस्थामा पनि अनेकौँ समस्या तथा चुनौतीहरू सिर्जना भइरहन्छन् ।

यसमा पनि समुदायको अग्रसरतामा स्थापित तथा सञ्चालित शैक्षिक संघ संस्थाहरू झनै विविधखाले समस्या र चुनौतीहरूको चाङका बिचमा जेलिएर रहेका हुन्छन् । समयसमयमा एकपछि अर्को गर्दै आर्थिक, शैक्षिक, प्रशासनिक, व्यवस्थापकीय, मानवीय तथा अन्य समस्याहरू संस्थाले झेल्नुपर्ने हुन्छ । यस क्याम्पस पनि आफ्नो स्थापना कालदेखि नै अनेकौँ खालका आरोह अवरोहका बिच गुज्रदैँ आइरहेको छ । एउटा सबल र सक्षम शैक्षिक संस्थाले फेरि जस्तासुकै समस्या र चुनौतीलाई पार लगाउने गरी आवश्यक नीति, कार्यनीति, योजना तथा कार्यक्रम बनाएर अघि बढिरहेको हुन्छ । धवलागिरि बहुमुखी क्याम्पसको बृहत्तर विकासका लागि स्वायत्तताको प्राप्तिसँगै सञ्चालक समितिको काम, कर्तव्य र अधिकार प्रयोग गरी विविध भौतिक निर्माणका तथा नीतिनिर्माणका कामहरू भइरहेका छन् ।

क्याम्पसले विश्वविद्यालय अनुदान आयोगबाट गुणस्तर सुनिश्चिता प्रत्यायन (QAA) प्रमाणपत्र प्राप्त गरिसकेको छ । यस प्रमाणपत्रबाट पनि यो क्याम्पसको शैक्षिक गुणस्तरमा कुनै शंका गर्ने ठाउँ छैन । यो वार्षिक नीति तथा कार्यक्र क्याम्पसको पाँच बर्से रणनीतिक योजना र वार्षिक कार्ययोजनालाई समेत आधार बनाइ क्याम्पसका शिक्षक, कर्मचारी, विद्यार्थी, अभिभावक, बुद्धिजीवीहरू र सञ्चालक समितिसँगको आवश्यक छलफलबाट प्राप्त सुझावहरूलाई समेटी तयार गरिएको क्याम्पसको  हो । क्याम्पसका आफ्नै सबल पक्ष, कमजोर पक्ष, अवसर र चुनौतीहरूलाई निम्नानुसार प्रस्तुत गरिएको छ :-

### क्याम्पसका सबल पक्षहरू (Strengths)

- क्याम्पसले विश्वविद्यालय अनुदान आयोगबाट शैक्षिक गुणस्तर प्रत्यायन (QAA) प्रमाणपत्र प्राप्त गर्न सफल भएको,
- व्यवसायिक सटरहरू निर्माण गरी आन्तरिक आयस्रोतलाई दीगो स्रोत बनाउने सम्भावना रहेको,
- आन्तरिक स्रोत तथा वित्तीय व्यवस्थापनमा स्वायत्तताको नीति अवलम्बन गरिएको,
- क्याम्पसमा क्रियाशील पेसागत तथा वैचारिक संघसंगठनहरू, शिक्षक, कर्मचारी, विद्यार्थी, अभिभावक र समुदायबीच आपसी सहकार्य र सदभाव कायम रहेको,
- अनुसन्धान तथा शैक्षिक गुणस्तर वृद्धिमा अनुसन्धान व्यवस्थापन समिति (RMC) ले तालिम, गोष्ठि तथा सेमिनारहरु आयोजना गर्दै आएको,

- प्राध्यापक संघ, अनुसन्धान समिति र समाजशास्त्र/मानवशास्त्र विभागका तर्फबाट नियमित रूपमा तीनवटा DOI प्राप्त जर्नलहरू प्रकाशन हुँदै आएका,
- क्याम्पसमा विविध कार्यक्रमहरू सञ्चालन गर्न र भौतिक पूर्वाधारहरू थप गर्न क्याम्पसको नाममा ८८ रोपनीभन्दा बढी जग्गा जमिन रहेको,
- क्याम्पससँग कालीगण्डकी करिडोर र मध्यपहाडी राजमार्ग जोडिन पुगेको हुनाले यातयातको पहुच र विद्यार्थीको आकर्षण बढ्ने सम्भावना रहेको,
- क्याम्पस हाताभित्र शिक्षक तथा विद्यार्थीहरूका लागि आवास, क्यान्टिन, खेलकूद मैदानको सुविधा रहेको,
- व्यवस्थित प्रयोगशाला, पुस्तकालय, अधिकांश कक्षा कोठामा प्रोजेक्टर, सेमिनार हल लगायतको व्यवस्था गरिएको छ,
- जेहेन्दार तथा गरिब विद्यार्थीका लागि करिब एक करोडको हाराहारीमा छात्रवृति कोषको स्थापना गरिएको,
- धवलागिरिको एक मात्र आङ्गिक क्याम्पस भएको र अगुवा क्याम्पसको भूमिका निर्वाह गरिरहेको,
- क्याम्पसको विषय विशेषज्ञ जनशक्तिमा १० जना शिक्षकले विद्यावारिधि (PhD) र ७ जनाले एमफिल गर्दै गर्नु,
- सेमिष्टर प्रणालीअन्तर्गतका विषयहरूमा विद्यार्थी उत्तीर्ण प्रतिशत अति राम्रो भएको,
- सुविधासम्पन्न पुस्तकालय, अत्याधुनिक विज्ञान प्रयोगशाला, मल्टिमेडिया, इन्टरनेट र कम्प्युटर ल्यावको सुविधा रहेको,
- क्याम्पस हाताभित्र चमेनागृह, बगैँचा र खेलकूद मैदानको व्यवस्था भएको,
- त्रिविका नियमित कार्यक्रममा २० प्रतिशत र अन्यमा तोकिए बमोजिमका जेहेन्दार तथा निःशुल्क छात्रवृत्तिको सुविधा भएको,

**क्याम्पसका कमजोर पक्ष (Weaknesses)**

- सबै विभाग र विषयमा विषयविशेषज्ञ जनशक्तिको अभाव रहेको,
- विज्ञान संस्थानमा स्थायी शिक्षक र प्रयोगशालामा जनशक्ति (ल्यावब्वाइ) को समस्या रहेको,
- विद्यार्थीको अनुपातमा शिक्षक र कर्मचारी दरबन्दी कम रहेको,
- विद्यार्थीहरूलाई नियमित रूपमा कक्षामा उपस्थिति गराउन र क्याम्पसको आन्तरिक परीक्षामा सहभागी गराउन समस्या रहेको,
- भर्नाको अनुपातमा विद्यार्थीहरू नियमित तहपार गर्ने र बिचैमा कक्षा छाड्ने रमस्या रहेको,

- विद्यार्थीको चाप भएका नयाँ कार्यक्रमहरूमा जनशक्ति अभाव रहेको र जनशक्ति भएको विषयमा विद्यार्थी कम हुँदै गएको,
- आवश्यक संख्यामा विद्यार्थीलाई छात्रावास र शिक्षक तथा कर्मचारीलाई आवास सुविधा उपलब्ध गर्न नसकिएको,
- अनुसन्धानको स्रोत सङ्कलन गर्न र व्यवस्थापन गर्न चुनौती रहेको,
- पुरस्कार र दण्डको नीतिलाई प्रभावकारी रूपमा कार्यान्वयनमा ल्याउन नसकिएको,
- पूर्व विद्यार्थी समूह र सेवानिवृत्त शिक्षक तथा कर्मचारी संघलाई प्रभावकारी बनाउन नसकिएको,
- शैक्षिक क्यालेन्डरको प्रभावकारी कार्यान्वयनमा केही चुनौतीहरू रहेका,
- अनुसन्धान र नयाँ भौतिक पूर्वाधार निर्माण गर्नका लागि वित्तीय अभाव रहेको,
- सबै शिक्षकलाई अनिवार्य रूपमा अनुसन्धानात्मक कार्य र प्राज्ञिक लेखनमा उत्प्रेरित गराउन नसकिएको,
- आन्तरिक स्रोतबाट व्ययभार बहन गरी सञ्चालित शैक्षिक कार्यक्रम, अतिरिक्त कक्षा सञ्चालन र मर्मतसम्भारमा आवश्यक बजेटको अभाव रहेको,

## क्याम्पसका अवसरहरू (**Opportunities**)

- साबिक धवलागिरि अञ्चलको सदरमुकाम, कालिगण्डकी करिडोर र मध्यपहाडी लोकमार्गले छोएको व्यापारिक केन्द्र भएको र पहाडी क्षेत्रका गरिब विद्यार्थीहरूले अध्ययन गर्ने क्याम्पस भएको,
- धवलागिरि क्षेत्रका २२ ओटा क्याम्पसको अगुवा क्याम्पसका रूपमा रहेको हुँदा यो मानित विश्वविद्यालय (Deemed University) बनाउन सकिने सम्भावना बोकेको,
- गण्डकी प्रदेशको उत्कृष्ट शैक्षिक गन्तव्य तथा अनुसन्धान केन्द्रका रूपमा विकास गर्नसकिने सम्भावना रहेको,
- नयाँनयाँ शैक्षिक तथा अनुसन्धान सम्बन्धी कार्यक्रमहरू सञ्चालन गर्नसकिने सम्भावना रहेको,
- सस्तो लागतमा विश्व बजारमा प्रतिस्पर्धा गर्नसक्ने र गुणस्तरीय शिक्षा प्रदान गर्नसकिने सम्भावना रहेको,
- क्याम्पसको बिच भागबाट मध्यपहाडी लोकमार्ग निर्माण भएको हुँदा सो क्षेत्रमा करिब १०० ओटा व्यवसायिक भवनहरू निर्माण गरी क्याम्पसको आयस्रोतलाई दीगो बनाउन सकिने सम्भावना रहेको,
- क्याम्पसको हाताभित्र व्यवसायिक प्रयोजनाका कार्यहरू सञ्चालन गर्नसकिने सम्भावना रहेको,

- समुदायको आवश्यकता र विद्यार्थीको रोजाइअनुसारका नयाँ प्राविधिक कार्यक्रम जस्तै, Bachelor of Information and Communication Technology in Education (BICTE), Bachelor of Science in Computer Science and Information Technology (BCSIT), Bachelor of Information Technology (BIT), Bachelor of Computer Applications (BCA), Bachelor of Travel and Tourism Management (BTTM), Bachelor of Arts, Bachelor of Law (BALLB) लगायतका शैक्षिक कार्यक्रमहरू थप गर्नसकिने सम्भावना रहेको,
- क्याम्पसलाई धवलागिरि क्षेत्रको शैक्षिक अनुसन्धान केन्द्र बनाउन सकिने सम्भावना रहेको,
- क्याम्पसको आफ्नै जग्गा र भवनमा १० परिवार क्षमताको शिक्षक कर्मचारी आवास, ३० क्षमताको पुरूष छात्रावास र ८० क्षमताको महिला छात्रावासको सुविधा रहेको,
- स्थानीय तहसँग समन्वय गरी स्थानीय योजना तर्जुमा तथा कार्यान्वयन गर्नका लागि आवश्यक पर्ने जनशक्ति उपलब्ध गराउन सक्ने सम्भावना रहेको ।

## क्याम्पसका चुनौतीहरू (**Threats\Challenges**)

- अध्ययन तथा अध्यापनलाई उत्पादन र बजारसँग जोड्न नसकिएको
- त्रिवि ऐन नियम, स्वायत्तता नीति र QAA प्रक्रियाको नीतिका बिचमा तालमेल मिलाई सोहीअनुसार कार्य गर्न गराउन चुनौती रहेको,
- सञ्चालनमा रहेका कार्यक्रमहरूमा विद्यमान जनशक्ति र विद्यार्थीहरूको नयाँनयाँ विषयप्रतिको आकर्षणले गर्दा जनशक्ति व्यवस्थापनमा चुनौती देखिएको,
- सम्पूर्ण शैक्षिक कार्यक्रमहरू प्रविधिमैत्री बनाउनु पर्ने तर विद्यमान जनशक्तिलाई प्रविधिमैत्रि बनाउन चुनौती रहेको,
- स्वायत्तताको मूल मर्म बमोजिम आवश्यक जनशक्तिको व्यवस्थापन त्रिविबाट हुनु पर्नेमा सो हुन नसकेको,
- अनुसन्धानका लागि आवश्यक बजेटको अभाव रहेको,
- आन्तरिक स्रोतका पूर्णकालीन जनशक्तिलाई त्रिविको सेवासुविधा उपलब्ध गराउने समस्या,
- क्याम्पसको शैक्षिक जनशक्ति सरूवा तथा निवृत्त भई घट्दै जानु तर रिक्त रहेका दरबन्दीमा शिक्षक आपूर्ति नहुनु,
- विगतका आ.व. का तुलनामा नयाँ विद्यार्थी भर्ना सङ्ख्या र आम्दानीको स्रोत घट्दो क्रममा र तलवभत्ता, प्रशासनिक खर्च लगायतका शीर्षकमा खर्च बढ्दो क्रममा देखिनु,
- मानविकी सङ्कायतर्फ विद्यार्थी संख्यका घट्दो क्रममा हुनु र अन्य संकायतर्फ विद्यार्थीहरू बिचैमा कक्षा छोड्ने समस्या बढ्दोक्रममा रहेको,

- क्याम्पसमा सञ्चालित कार्यक्रमहरूका अनुपातमा विषयगत र दक्ष शैक्षिक जनशक्ति अपुग रहनु,
- स्नातकोत्तर तहका सेमेष्टर प्रणालीमा दिवा कक्षाहरू सञ्चालनमा समस्या रहनु,
- त्रिविले आर्थिक भार बहन नगरेका विषय (बिबिएस, बिएस्सी र सबै स्नातकोत्तर तहका कार्यक्रमहरू) मा न्यूनतम् शुल्कमा गुणस्तरीय शिक्षा प्रदान गर्न समस्या भएको,

## १.१० वार्षिक नीति तथा कार्यक्रम

धवलागिरि बहुमुखी क्याम्पसले तय गरेको गुणस्तरीय शिक्षा : हाम्रो प्रतिवद्धताको आदर्श वाक्यलाई सार्थक बनाउनका लागि क्याम्पस सञ्चालक समितिका तर्फबाट वार्षिक नीति तथा निम्न कार्यक्रमहरू निम्न समूहमा प्रस्ताव गरिएको छ :

**१. सेवाप्रवाह तथा प्रशासनिक कार्यक्रम**

- क्याम्पसको दोस्रो पञ्चवर्षीय रणनीतिक योजना (२०७९/०८४) र नवनियुक्त क्याम्पस प्रमुख सहप्रा.डा. सुदर्शन सिलवालले तयार गरेको सोंच पत्र (क्याम्पस सुधारयोजना) अनुसार काम गर्ने गराउने,
- तह पार गर्ने विद्यार्थीहरूको ट्रेसर स्टडीको कार्यलाई निरन्तरता दिने,
- पूर्णकालिक शिक्षकहरूलाई क्याम्पसमा प्रतिहप्ता न्यूनतम् ४२ घण्टा ड्युटीमा रहने व्यवस्थालाई निरन्तरता दिने,
- हरेक विभाग, शाखा, कार्यक्रम तथा विभागीय प्रमुख, शाखा प्रमुख र कार्यक्रम संयोजकहरूलाई थप जवाफदेही र क्रियाशील बनाउने,
- प्रभावकारी रूपमा कामयाबी हुन नसकेका विभिन्न उपसमिति, एकाइहरु, शाखाहरू र विभागहरु आवश्यकता अनुसार परिमार्जन, समायोजन र सुधार गर्ने,
- गुनासो व्यवस्थापन समितिलाई प्रभावकारी रूपमा कार्यान्वयनमा ल्याउने,
- क्याम्पसको वार्षिकोत्सवमा उत्कृष्ट नतिजा ल्याउने विद्यार्थी, चन्दादाता र स्मृतिकोषका संस्थापकहरूलाई पुरस्कृत गर्ने परम्परालाई निरन्तरता दिने,
- उत्कृष्ट कार्यसम्पादन गर्ने शिक्षक तथा कर्मचारीलाई पुरस्कृत गर्ने परम्परालाई निरन्तरता दिने,
- क्याम्पसका विशेष समारोहहरूमा शिक्षक, कर्मचारी र विद्यार्थीहरूलाई तोकिए बमोजिमको पोशाक लगाउन अनिवार्य गर्ने, गराउने,
- हरेक महिनाको अन्तिम हप्तामा क्याम्पसअन्तर्गत क्रियाशील प्रशासन, विभाग र समितिहरूको बैठक बसी कार्य सम्पादनका विषयमा छलफल गर्ने र त्रैमासिक रूपमा क्याम्पस सञ्चालक समितिको बैठक बसी नीतिगत विषयमा समीक्षा गर्ने,

- क्याम्पसका विभिन्न उपसमितिहरू, विभाग, प्रशासनिक शाखा र संयन्त्रबीच समन्वय कायम गर्ने र थप जिम्मेवार बनाउने,
- संस्थाको आर्थिक कारोवारलाई पारदर्शी र जवाफदेही बनाउन आ.ले.प. र मलेपाको प्रतिवेदनमा बेरूजु शून्य बनाउने ।

**२. शैक्षिक तथा प्राज्ञिक कार्यक्रम**

- क्याम्पसको वार्षिक शैक्षिक क्यालेन्डरका आधारमा क्याम्पसका हरेक गतिविधिहरू (पठनपाठन तथा सह र अतिरिक्त कार्यक्रमहरू) सञ्चालनमा ल्याउने,
- गुणस्तर सुनिश्चतता प्रत्यायन (QAA) को प्राप्तिलाई थप जिम्मेवारी र जवाफदेहिताका साथ निरन्तरता दिने,
- गुणस्तर सुनिश्चतता प्रत्यायन (QAA) प्राप्तिको निरन्तरता र शैक्षिक गुणस्तर वृद्धिलाई प्रभावकारी बनाउन क्याम्पस प्रशासन, विभागीय प्रमुख, कार्यक्रम संयोजक, शिक्षक, कर्मचारी र विद्यार्थी गुणस्तर समूह (SQC) लाई थप जिम्मेवार र प्रभावकारी गराउने,
- संस्थान र संकायअन्तर्गतका हरेक विभागले आफ्नो पाठ्यक्रमको समीक्षा गर्ने, संशोधनका लागि सिफारिस गर्ने र ननक्रेडिट कोस (अतिरिक्त कार्यक्रम) तयार गरी कार्यान्वयनमा लैजाने,
- समग्र शैक्षणिका योजना (OTP) निर्माण र कार्यान्वयन प्रक्रियालाई थप प्रभावकारी बनाउने,
- विद्यार्थीको भर्नादर, प्रवेश परीक्षा, सिकाइको गुणस्तर र उत्तीर्ण प्रतिशतमा वृद्धि गर्ने तथा बिचैमा कक्षा छोड्ने प्रवृत्तिलाई न्युनीकरण गर्ने उपायहरूको खोजी गर्ने,
- आन्तरिक परीक्षाको नतिजा विश्लेषण गरी विद्यार्थीहरूको वैयक्तिक भिन्नताका आधारमा पृष्ठपोषण र उपचारात्मक कक्षा सञ्चालनको प्रबन्ध मिलाउने,
- विद्यार्थीहरूको बिचैमा कक्षा छोड्ने समस्या र प्रवृत्तिलाई न्यूनीकरण गर्ने उपायहरू खोजी गर्ने,
- विद्यार्थीहरूलाई शिक्षण, निजामती, बैङ्किङ्, स्वरोजगार र समाजसेवासँग सम्बन्धित पेसाप्रति आकर्षित गराउने खालका अभिमुखीकरण कार्यक्रमहरू सञ्चालन गर्ने,
- उद्यमशीलता र स्वरोजगासँग जोडिन चाहने विद्यार्थीहरूका लागि प्राविधिक सीप, आर्थिक सहयोग र भौतिक सुविधाहरूको प्रबन्ध मिलाइदिने,
- शैक्षकि सत्र २०८० /०८१ को बिबिए तर्फका विद्यार्थीहरूको औसत तहपारको उत्तीर्ण प्रतिशत सतप्रतिशत रहेकामा अन्य तहका उत्तीण प्रतिशतमा समेत वृद्धि गरी शैक्षिक सत्र २०८० /०८१ को शैक्षिक सत्रमा समग्र उत्तीण प्रतिशत ५० भन्दामाथि पुऱ्याउने लक्ष्य राखिएको छ ।

- स्नातकोत्तर तहको पठनपाठनलाई थप प्रभावकारी र अनुसन्धानमुखी बनाउन स्नातकोत्तर कार्यक्रम प्रमुखको नियुक्ति, कार्यकक्षको प्रबन्ध र कर्मचारीको प्रबन्ध मिलाउने,

**३. आर्थिक स्रोत परिचालन तथा व्यवस्थापन**

- विश्वविद्यालय अनुदान आयोगको सहयोग र क्याम्पसको आन्तरिक आयस्रोतको लगानी (जोडकोष वा Matching fund) अन्तर्गत इ-लाइब्रेरी, एक शिक्षक एक ल्यापटप, विभागीय पुस्तकालय, कम्प्युटर ल्याब, विभागीय कम्प्युटर, प्रविधिमैत्री तालिम लगायतका कार्यहरू सम्पन्न गर्ने,
धवलागिरि बहुमुखी क्याम्पस विश्वविद्यालय अनुदान आयोगबाट गुणस्तर सुनिश्चतता प्रत्यायनकृत क्याम्पस हो । यस क्याम्पसबाट प्रवाह हुने सेवाका सम्बन्धमा विद्यार्थी, शिक्षक, कर्मचारी तथा सरोकारवालाहरूको गुनासो तथा पृष्ठपोषण प्राप्त गरी त्यसको उचित समाधान र व्यवस्थापन गरी जवाफदेहिता र पारदर्शिताको अनुभूति गराउने प्रमुख उद्देश्यसहित क्याम्पसमा गुनासो व्यवस्थापन तथा अनुशासन कायम समितिको व्यवस्था गरिएको छ । क्याम्पसले प्रदान गर्ने सेवा सुविधाहरूलाई पारदर्शी बनाउन, सरोकारवालाहरूलाई सुशासनको प्रत्याभूति दिलाउन, पठनपाठनमा देखिने कमी, कमजोरीहरूलाई सुधार गरी गुणस्तरीय शिक्षा दिलाउन, शिक्षक तथा कर्मचारीहरूलाई आफ्नो पद, पेशा र जिम्मेवारीप्रति उत्तरदायी तथा जवाफदेही बनाउन, क्याम्पसमा पठनपाठनका क्रममा देखापर्ने समस्याहरूलाई सहज र उपयुक्त किसिमबाट समाधान, व्यवस्थापन गर्न, विद्यार्थीलाई अनुशासित र मर्यादित बनाउन र समग्रमा क्याम्पसको शैक्षिक प्रशासनलाई सुधार गरी सशक्त र सक्षम बनाई सरोकारवालाहरूप्रति जवाफदेही बनाउने उद्देश्यका साथ क्याम्पसले सुझाव तथा गुनासो सङ्कलन र व्यवस्थापन एकाइ गठन गरेको हो ।

गुनासो व्यवस्थापनलाई प्रभावकारी ढङ्गबाट कार्यान्वयन गर्नका लागि गुनासो व्यवस्थापन कार्यविधि समेत क्याम्पसले तयार गरेको छ । यस कार्यविधिअनुसार विद्यार्थी कल्याण प्रमुखको संयोजकत्वमा गुनासो व्यवस्थापन समिति रहने व्यवस्था रहेको भए तापनि हाल उक्त पद रिक्त रहेकोले सहायक क्याम्पस प्रमुख डा. डिल्लीराज गौतमको संयोजकत्वमा ५सदस्यीय समिति गठन गरिएको छ । क्याम्पसमा विद्यार्थीहरूबाट धेरैजसो गुनासाहरू मौखिक रूपमा आउने र स्ववियुमार्फत् क्याम्पस प्रशासनमा प्रत्यक्ष रूपमा गुनासाहरू जाहेर हुने गरेकोले क्याम्पसले व्यवस्था गरेको गुनासो पेटिकामा लिखित गुनासाहरू कमै मात्रामा आउने गरेको पाइन्छ ।

क्याम्पसमा गठित गुनासो व्यवस्थापन तथा अनुशासन कायम समितिको विवरण निम्नानुसार रहेको छ :-

संयोजक : डा. डिल्लीराज गौतम
सदस्य : ध्रुवराज गौतम
सदस्य : कुलप्रसाद अधिकारी
सदस्य : यदुनाथ पौडेल
सदस्य : शिवराज पन्त

यस गुनासो व्यवस्थापन तथा अनुशासन कायम समितिको मिति २०८१ साउन १ गतेदेखि हालसम्म विभिन्न मितिमा बैठक बसी विद्यार्थीहरूबाट आएका लिखित गुनासाहरूका बारेमा छलफल गरी उपयुक्त तरिकाबाट व्यवस्थापन गरिएको थियो । क्याम्पसले विगतका केही वर्ष अगाडिदेखि क्याम्पसबाट प्रवाह भइरहेका सेवा र सुविधाका बारेमा शिक्षक, कर्मचारी, विद्यार्थी एवम् स्थानीय समुदायका मानिसहरूको प्रतिक्रिया सङ्कलन गरी आएका सुझाव र निश्कर्षलाई IQAC, क्याम्पस कार्यकारी समिति एवम् सञ्चालक समितिको बैठकमा छलफल गरी सकेसम्म सुधार गर्ने र गुनासा व्यवस्थापन गर्ने गरिएको छ ।

**विद्यार्थीबाट आउने गुनासाहरूको प्रकृति**

क्याम्पस प्रशासनसमक्ष विद्यार्थीहरूबाट धेरैजसो पठनपाठन र खेलकुदसम्बन्धी नै गुनासाहरू बढी आउने गरेको पाइन्छ । क्याम्पसले प्रवाह गराइरहेका सेवासुविधा र पठनपाठनका सम्बन्धमा विद्यार्थीहरूसंग छलफल गरेर उनीहरूबाट आएका प्रतिक्रियाहरू अध्ययन गर्दा क्याम्पस प्रशासनमा आउने गुनासाहरूको प्रकृति देहायअनसार रहेको देखिन्छ :-

- क्याम्पसमा संचालित Online Class प्रभावकारी नभएको,
- क्याम्पसको वडापत्र पुरानो भएकोले नयाँ बनाउनुपर्ने,
- खेलकूद मैदानमा रहेको घाँसका कारणले विद्यार्थीको खेलकूद र क्याम्पसको सरसफाइमा नकारात्मक असर पारेको,
- केही विषयको पढाइ नियमित रूपमा नहुने गरेको,
- कुनैकुनै शिक्षक/प्राध्यापकहरू कक्षामा ढिलो आउने र छिटो निस्कने,
- केही सरहरूलाई कक्षामा प्रश्न सोध्दा रिसाउने र विद्यार्थीहरूलाई सम्मानपूर्वक व्यवहार नगर्ने,
- शिक्षाशास्त्र सङ्कायतर्फ शैक्षिक अवलोकन भ्रमण हुने नगरेको र अतिरिक्त क्रियाकलापमा ध्यान नदिइएको,
- बिबिएसतर्फ केही विषयमा सरहरूले विषयवस्तुलाई लगातार अध्यापन नगराइकन आफ्नो खुशीअनुसार कोर्स पढाउने र विषयवस्तु बुझाउनपट्टिभन्दा कोर्स सक्नपट्टि बढी ध्यान दिने गरेको,
- प्रात/दिवा दुबै सत्रमा सरहरूले द्यचभबप त्ङभ लाई ख्याल नगरी अध्यापन गराउन गरेको,
- बिबिएसतर्फ Statistics, Account र Finance जस्ता विषयमा विद्यार्थीहरूलाई कक्षाकोठामा अभ्यासहरू बढी गराउनुपर्ने,
- केही कर्मचारीहरूको सेवा विद्यार्थीमैत्री नभएको,
- पुस्तकालयमा विषयवस्तुसँग सम्बन्धित पाठ्यपुस्तक पर्याप्त नभएको,

- क्याम्पसमा अझै पनि आवश्यक मात्रामा शौचालयहरू नभएको र छात्रा शौचालयमा प्याडहरू राख्नका लागि पर्याप्त डस्टविनहरू नभएको,
- क्याम्पसले विद्यार्थीहरूका अभिभावकसँग सम्बन्ध बढाउन नसकेको,
- शौचालयमा हातधुने साबुन पनि राख्नुपर्ने,
- पावर ब्याकअपको व्यवस्था सबै कक्षामा नभएको,
- केही शिक्षकहरूले कक्षामा व्यक्तिगत कुराहरू बढी गर्ने,
- Numerical Exercises बढी गराउनुपर्ने,
- छात्रवृत्ति वितरण समयमै हुनुपर्ने,
- कक्षाको सिफ्ट मिलाउने,
- क्याम्पसमा Online payment प्रणालीलाई सरल र सहज नभएको,

यस किसिमका गुनासाहरूलाई सकेसम्म सम्बन्धित शिक्षक र कर्मचारीलाई प्रत्यक्ष रूपमा समन्वय गरी सुधार गर्ने गरिएको छ । क्याम्पसमा आउने गुनासोहरूको उचित समाधान एवम् कार्यान्वयनका लागि क्याम्पस प्रशासनले गहन चासो दिइरहेको छ । विद्यार्थीहरूबाट गुनासाहरू आए लगत्तै तिनीहरूको समाधानका लागि सम्बन्धित निकायलाई जानकारीसहित अनुरोध गर्ने कार्य गर्ने गरिएको छ ।

**आगामी शैक्षिकसत्र २०८२ का लागि कार्ययोजना**

- गुनासो सङ्कलन प्रणालीलाई प्रभावकारी बनाउने र गुनासो संकलन कार्यलाई सकेसम्म सहज र नियमित बनाउने,
- विद्यार्थीहरूलाई सकेसम्म लिखित गुनासाहरू पेश गर्नका लागि अनुरोध गर्ने,
- क्याम्पसको फेसबुक पेज एवम् वेबसाइटमार्फत् पनि गुनासाहरू सङ्कलन गर्ने व्यवस्था मिलाउने,
- विद्यार्थी आचार संहिताका बारेमा प्रथम वर्षमा भर्ना भएका विद्यार्थीहरूलाई कक्षाकक्षामा नै गएर अभिमुखीकरण गर्ने र यसलाई प्रभावकारी ढङ्गबाट कार्यान्वयन गर्ने,
- क्याम्पस युनिफर्मलाई कडाइका साथ लागु गर्ने,
- गुनासो सङ्कलन पेटिकालाई सोधपुछ कक्षको नजिक राख्ने व्यवस्था मिलाउने,
- विद्यार्थी एवम् अन्य सरोकारवालाबाट आएका गुनासाहरूलाई तत्काल समाधानका लागि पहल गर्ने,
- क्याम्पस प्रशासनबाट विद्यार्थीलाई प्रवाह गरिने सेवासुविधाहरू छिटोछरितो गराउने,
- सबै कक्षामा SQC गठन भइसकेकोले यथाशक्य छिटो मूल SQC गठन गर्ने र यसमार्फत् पठनपाठन, प्रशासन, खेलकुद तथा क्याम्पसले प्रदान गर्दै आएका सेवाहरूमा कुनै समस्या भए उजुरीपेटिकामा उजुरी राख्न सूचनाको सम्प्रेषण गर्ने,

- सबै कक्षाकोठा र आवश्यक ठाउँमा डस्टविनहरू राखी फोहोरको उचित व्यवस्थापन गर्ने,
- IQAC ले तोकेका अन्य कामहरू गर्ने,
- गुनासो संकलन कार्यलाई सकेसम्म सहज र नियमित बनाउने,
- विद्यार्थीहरूबाट संकलन हुन आएका गुनासाहरूलाई हप्ताको कम्तीमा एकपटक सुझाव पेटिका खोली यथाशीघ्र व्यवस्थापन गर्न पहल गर्ने,
- क्याम्पसको नियमित सरसफाइमा विशेष ध्या|या दिन क्याम्पस प्रशासनको ध्यानाकर्षण गराउने र क्याम्पसका विशेष दिवसहरूमा स्ववियुको आयोजनामा सरसफाइ अभियान चलाउन लगाउने,
- प्रोजेक्टर भएका तर रिमोट नभएर समस्या परेका कोठामा रिमोटको प्रबन्ध गर्ने,
- नियमित पठनपाठन र परीक्षा संचालन हुने गरेका कोठा नं.३, १५ र १७ मा ˆया्नको व्यवस्था मिलाउने,
- क्याम्पसको वडापत्र पुरानो भएकोले परिमार्जित वडापत्र राख्ने,
- महिला/छात्राहरूको लागि छुट्यायाइएको सेनिटरी प्याडको समुचित वितरणको प्रबन्ध मिलाउने,
- महिलामैत्री शौचाालय उपयोगमा नआएकाले त्यसलाई खुला राखी नियमित प्रयोगमा ल्याउने,
- खेलकुद मैदानमा रहेको घाँसका कारणले विद्यार्थीको खेलकुद र क्याम्पसको सरसफाइमा नकारात्मक असर पारेकोले अब उप्रान्त घाँस बिक्री गर्ने कार्यलाई बन्द गरी हाल बिक्री गरिएको खेलमैदानको घाँसलाई तुरून्तै काटिदिन सम्बन्धित व्यक्तिलाई अनुरोध गर्ने,
- क्याम्पसमा संचालित Online Class प्रभावकारी बनाउन प्रशासनको तर्फबाट पहल गर्ने,
- क्याम्पसमा गरिने Online payment प्रणालीलाई सरल र सहज बनाउन पहल गर्ने,
- क्याम्पसमा संचालित विभिन्न शाखाहरूबाट प्रवाह गरिने सेवालाई टिफिनटाइममा पनि सुचारू हुने प्रबन्ध मिलाउने,

# अनुसन्धान व्यवस्थापन समितिको वार्षिक प्रगति प्रतिवेदन

-प्रा. डा. दिनबहादुर थापा
संयोजक, अनुसन्धान व्यवस्थापन समिति

**परिचय**

धवलागिरि बहुमुखी क्याम्पसको 'गुणस्तरीय शिक्षा हाम्रो प्रतिबद्धता' भन्ने आदर्श वाक्यलाई पूरा गर्न तथा त्रिभुवन विश्वविद्यालयको दक्ष जनशक्ति उत्पादन गर्ने नीतिअनुरूप विभिन्न क्षेत्रका लागि आवश्यक पर्ने शैक्षिक जनशक्तिको उत्पादन र वृत्ति विकासमा सहयोग पुर्‍याउने किसिमका कार्यक्रम संचालन गर्ने उद्देश्यले यो 'अनुसन्धान व्यवस्थापन समिति, धबक्या, बागलुङ- २०६६' स्थापना भएको हो । यही उद्देश्य प्राप्तिका लागि यसले निरन्तर कार्य गर्दै आएको छ । यस कार्यसमितिको पटकपटक समिति थपघट हुँदै आएको र हाल यस समितिमा संयोजकसहित सात जनाको कार्यसमिति रहेको छ । मिति २०८१ वैशाख ०७ गतेदेखि २०८२ असार मसान्तसम्म यस समितिले सम्पन्न गरेका कार्यक्रमहरू र आर्थिक वर्ष २०८२/०८३ का लागि प्रस्तावित कार्यक्रम तथा आय–व्यय विवरणलाई यस प्रतिवेदनमा समावेश गरिएको छ ।

**२०८१ वैशाख ०७ गतेदेखि हालसम्म यस समितिबाट सम्पन्न भएका कार्यक्रमहरू**

- अनुसन्धान व्यवस्थापन समिति बागलुङको बैठक बसी आर्थिक वर्ष २०८१/०८२ का लागि प्रस्तावित कार्यक्रम तर्जुमा गरिएको Dhaulagiri Journal of Contemporary Issues, मा लेख प्रकाशन गर्ने लेखकहरूका लागि रू. १५०० (एक हजार पाँच सय) लेखकस्व उपलब्ध गराउने निर्णय गरिएको र सेवारत प्राध्यापकहरूको एकीकृत बायोडाटा प्रकाशित गर्ने (२०८१/०१/०७),
- अनुसन्धान प्रस्ताव लेखन तथा अनुसन्धान व्यवस्थापनसम्बन्धी तालिम (Training for Research Proposal Development and Research Managemen) सञ्चालनका लागि जिम्मेवार बाडफाँड गरिएको (२०८१/०२/१३),
- अनुसन्धान प्रस्ताव लेखन तथा अनुसन्धान व्यवस्थापनसम्बन्धी पाँच दिने तालिम सञ्चालन कार्यक्रमको उद्घाटन कार्यक्रम (शिक्षाध्यक्ष प्रा.डा. खडक के.सी. को प्रमुख आतिथ्यमा) सम्पन्न गरिएको (२०८१/०२/१३),
- अनुसन्धान प्रस्ताव लेखन तथा अनुसन्धान व्यवस्थापनसम्बन्धी पाँच दिने तालिम सञ्चालन कार्यक्रमको समापन कार्यक्रम (क्या.प्र. प्रा.डा. रामप्रसाद उपाध्यायको प्रमुख आतिथ्यमा) सम्पन्न गरिएका (२०८१/०२/१९),
- अनुसन्धान प्रस्ताव लेखन तथा अनुसन्धान व्यवस्थापनसम्बन्धी तालिम (Training for Research Proposal Development and Research Managemen) सम्पन्न समीक्षा,

काठखोला गाउँपालिकाको ऐतिहासिक भीमादरबारको अनुसन्धान प्रक्रिया अगाडि बढाउन समितिका सदस्य उपप्रा. डा. डिल्लीराज गौतमलाई जिम्मेवारी प्रदान गर्ने निर्णय गरिएको र प्रमुख अतिथि तथा अतिथिहरूलाई धन्यवाद ज्ञापन गरिएको (२०८१/०२/२०),

- यस समितिको नाममा रा.बा. बैंक, बागलुङमा रहेको बैंक खाता नवीकरण गर्ने तथा बौद्धिक चोरी परीक्षण वापत प्राप्त हुने रकम यसै समितिको खातामा जम्मा गर्ने, Dhaulagiri Journal of Contemporary Issues, July 2024, vol.2, Issue1 अनलाइन प्रकाशन तथा मुद्रण गर्ने निर्णय गरिएको (२०८१/०३/२६),
- काठखोला गाउँपालिका वडा नं. २ भीमापोखरासँग भएको ऐतिहासिक भीमादरबारको अनुसन्धान प्रक्रिया सम्बन्धमा सम्झौत गरी अनुसन्धान प्रक्रिया अगाडि बढाउन समितिका सदस्य उपप्रा. डा. डिल्लीराज गौतमलाई जिम्मेवारी प्रदान गर्न र गएका वर्षहरूमा अनुसन्धान प्रस्ताव स्वीकृत भएका अनुसन्धान कर्ताहरूलाई यथाशीघ्र अनुसन्धान प्रतिवेदन पेस गर्न ताकेता गर्ने निर्णय गरिएको (२०८१/०४/१५),
- यस क्याम्पसको व्यवस्थापन संकायअन्तर्गत विविए चौँथो सेमेस्टरमा अध्ययनरत विद्यार्थीहरूको प्रतिवेदन लेखनका लागि अनुसन्धान प्रस्तावको प्रतिरक्षा (Proposal defense) कार्यक्रम सम्पन्न (२०८१/०४/२९),
- यस समितिद्वारा गुणस्तरीय शिक्षा आजको आवश्यकता विषयक छलफल तथा अन्तर्क्रिया कार्यक्रम सम्पन्न गरिएको (२०८१/०५/०५),
- विश्वविद्यालय अनुदान आयोगमा प्राध्यापकहरूको क्षमता विकास तालिम शीर्षकमा समयसीमाभित्र प्रस्ताव तयार पारी पेस गर्न समितिका सदस्य उपप्रा.डा. डिल्लीराज गौतम र उपप्रा. प्रकाश शर्मालाई जिम्मेवारी तोक्ने, सहप्रा. डा. सुदर्शन सिलवाल, उपप्रा.डा. डिल्लीराज गौतम र उपप्रा. प्रकाश शर्माले तयार गरेका अनुसन्धान प्रतिवेदनलाई बाह्य मूल्याङ्कन प्रक्रियाका लागि अगाडि बढाउने निर्णय गरियो (२०८१/०७/०७),
- सहप्रा. डा. सुदर्शन सिलवाल, उपप्रा.डा. डिल्लीराज गौतम र उपप्रा. प्रकाश शर्माले तयार गरेका अनुसन्धान प्रतिवेदनलाई मूल्याङ्कन प्रक्रिया पूरा गरी स्वीकृत गर्ने निर्णय गरियो (२०८१/०७/२१),
- विश्वविद्यालय अनुदान आयोगमा प्राध्यापकहरूका लागि क्षमता विकास तालिम र उद्यमशीलता सहयोग कार्यक्रम (ESP 2025) का लागि आशय पत्र पेस गर्ने निर्णय गरिएको (२०८१/०७/२१),
- Dhaulagiri Journal of Contemporary Issues, July 2025, vol.3, Issue1 का लागि लेखरचना माग गर्ने र क्याम्पसमा कार्यरत शिक्षक, कर्मचारी तथा विद्यार्थीबाट लघुअनुसन्धानका लागि प्रस्ताव माग गर्ने निर्णय गरिएको (२०८१/०८/२१),

- Dhaulagiri Journal of Contemporary Issues, July 2025, vol.3, Issue1 का लागि तोकिएको अवधिमा प्रयाप्त लेखरचना उपलब्ध नभएका हुँदा पुनः लेखरचनाका लागि समयम थप गर्ने तथा लेखक र समीक्षकलाई समेत प्रति लेख रू. दुई हजारका दरले पारिश्रमिक उपलब्ध गराउने निर्णय गरिएको र समितिका सदस्य सहप्रा.डा. सुदर्शन सिलवाल क्याम्पस प्रमुख हुनु भएकामा बधाई ज्ञापन गर्ने निर्णय गरिएको (२०८१/१०/११),
- अनुसन्धान व्यवस्थापन समिति बागलुङका लागि पुनर्गठित समितिमा थप हुन आएका समितिलाई बधाई ज्ञापन, शिक्षक सरोजराज पन्तको प्रक्रिया पूरा भइ आएको लघुअनुसन्धान स्वीकृत र धवलागिरि जर्नल वर्ष तीन, अंक तीनका लागि प्राप्त हुन आएका लेखहरू मध्येबाट १७ वटा लेख मात्र विज्ञसमीक्षाका लागि पठाउन प्रधान सम्पादकलाई अख्तियारी प्रदान गर्ने निर्णय गरिएको (२०८१/११/०१),
- यस अनुसन्धान व्यवस्थापन समिति र आइनो, सोओवा, खानसाइ र फुकुओका विश्वविद्यालयका प्रतितिहरू बीच आपसी भेटघान, अन्तरक्रिया र छलफल सम्पन्न गरिएको (२०८१/१२/१३),
- विश्वविद्यालय अनुदान आयोगमा पेस गरिएको क्षमता विकास तालिम प्रस्ताव स्वीकृत भई आएकामा सोको कार्यान्वयनका लागि डा. डिल्लीराज गौतमको संयोजकत्वमा कार्यान्वयन उपसमिति गठन गर्ने, कार्यक्रममा सहभागी हुनेहरूका लागि लेखसारसहित नाम दर्ता गराउनका लागि डा. गणेशप्रसाद शर्माको संयोजकत्वमा उपसमिति गठन गर्ने र उद्यमशीलता सहयोग कार्यक्रम (ESP) को प्रारम्भिक प्रस्ताव पत्र (LOI) स्वीकृत भएको हुँदा विश्वविद्यालय अनुदान आयोगसँग परामर्श गरी थप कार्यक्रम तय गर्न डा. डिल्लीराज गौतमलाई जिम्मेवारी तोक्ने निर्णय गरियो (२०८१/१२/२९),
- यस क्याम्पसका अनुसन्धान व्यवस्थापन समितिका सदस्यहरू, क्याम्पस प्रशासन, प्राध्यापक संघ, कर्मचारी संघ र स्ववियुका बीच उद्यमशीलता सहयोग कार्यक्रमको मोडालिटी र सञ्चालन कार्यविधिका सम्बन्धमा सम्बन्धित विषयका विज्ञसहजकर्ता डोलेन्द्र पौडेलको उपस्थितिमा सर्वपक्षीय छलफल तथा अन्तरक्रिया कार्यक्रम सम्पन्न गरिएको ( २०८२/०१/०५),
- प्राध्यापकहरूको क्षमता विकास लागिम २०८२ जेठ १४ देखि १८ सम्म सञ्चालन गर्ने भनिएकामा उक्त मिति संशोधन गरी २०८२ जेठ २३ देखि २७ सम्म सञ्चालन गर्ने र उपप्रा. डा. डिल्लीराज गौतमले तयार गरेको भीमादरबारको ऐतिहासिक, सामाजिक र सांस्कृतिक शीर्षकको लघुअनुसन्धान कृति मूल्याङ्कनका लागि विषय विज्ञलाई जिम्मा दिने निर्णय गरिएको (२०८२/०१/२६),

- बिवाइसी, बागलुङको अनुदान सहयोगमा स्नातकोत्तर तहमा अध्ययनरत विद्यार्थीबाट शोध गर्न इच्छुक विद्यार्थी अनुसन्धान प्रस्ताव तयार गर्न लगाउन सम्बन्धित विभागहरूलाई जानकारी गराउने तथा प्राविधिक सहयोग उपलब्ध गराउने,
- क्याम्पसमा अध्ययनरत् विद्यार्थी एवं सेवारत प्राध्यापक तथा कर्मचारीमा उद्यमशीलता प्रवर्द्धनका लागि विश्वविद्यालय अनुदान आयोगमा पेश गरिएको प्रस्तावपत्र स्वीकृत भइसकेको र सो कार्यक्रमका लागि विश्वविद्यालय अनुदान आयोगले तोकेको मापदण्डभित्र रही क्या.प्र. सहप्रा. डा. सुदर्शन सिलवाल, स.क्या.प्र. हिरालाल रेग्मी र उपप्रा. विप्लव शर्माले ESP सञ्चालनसम्बन्धी पाठ्यक्रम तयार गरी UGC मा पेश भएकोमा उक्त पाठ्यक्रम स्वीकृत भई तोकिएको आर्थिक सहयोग प्राप्त भइसकेको,
- मिति २०८२ जेठ २३ देखि २७ सम्म सञ्चालन हुने प्राध्यापकहरूको क्षमता विकास तालिमका लागि कार्यविभाजन गर्ने निर्णय र धवलागिरि जर्नल वर्ष ३, अंक १ प्रकाशन बापत भएको खर्च स्वीकृत गरी भुक्तानीका लागि प्रशासनलाई अनुरोग गर्ने निर्णय गरिएको (२०८२/०२/२०),
- प्राध्यापकको क्षमता विकाससम्बन्धी पाँच दिने तालिम सञ्चालन कार्यक्रमको उद्घाटन कार्यक्रम -क्या. प्र. सहप्रा.डा. सुदर्शन सिलवालको प्रमुख आतिथ्यमा) सम्पन्न गरिएको ( २०८२/०२/२३),
- क्षमता विकाससम्बन्धी पाँच दिने तालिम सञ्चालन कार्यक्रमको समापन कार्यक्रम (क्या.प्र. प्रा.डा. हरिप्रसाद पाठक, पृथ्वीनारायण क्याम्पस, पोखराको प्रमुख आतिथ्यमा) सम्पन्न गरिएको (२०८२/०२/२७),
- विश्वविद्यालय अनुदान आयोगको आर्थिक सहयोग र अनुसन्धान व्यवस्थापन समितिको सञ्चालनमा भएको प्राध्यापकहरूको क्षमता विकास लागिम (२०८२ जेठ २३ देखि२७) को समीक्षा गरिएको, तालिममा भएको खर्च स्वीकृत गरी भुक्तानीका लागि प्रशासनलाई अनुरोग गर्ने निर्णय गरिएको र सोको प्रतिवेदन तयार गरी विश्वविद्यालय अनुदान आयोगमा पेस गर्ने निर्णय गरिएको (२०८२/०३/०२),
- विश्वविद्यालय अनुदान आयोगबाट स्वीकृत उद्यमशीलता सहयोग कार्यक्रम प्रभावकारी कार्यान्वयनका लागि पाठ्यक्रम निर्माण र तालिम सञ्चालनको कार्यविधि तथा कार्ययोजनाका विषयमा क्याम्पस परिवार र स्थानीय पालिका, उद्यमी, व्यापारी, समाजसेवी, शिक्षाप्रेमी लगायत बिच बृहत् अन्तरक्रिया र छलफल कार्यक्रम आयोजना गरिएको (२०८२/०३/०२),
- स्नातक तथा स्नातकोत्तर तहमा अध्ययनरत विद्यार्थीहरूले तयार गरेका ५५ शोधपत्रको बौद्धिक चोरी (Plagiarism) परीक्षण गरी शोधार्थीहरूलाई बौद्धिक परामर्श उपलब्ध गराइएको,

- धवलागिरि बहुमुखी क्याम्पसका विभिन्न तह, संकाय र संस्थानमा अध्ययनरत विद्यार्थीहरूले तयार गरेका अवलोकन भ्रमणका प्रतिवेदन, अनुसन्धान पत्र र गोष्ठी पत्रहरूमा बौद्धिक परामर्श तथा आर्थिक सहयोगका लागि क्याम्पस प्रशासनमा सिफारिस गरिएको,
- यस क्याम्पसका शिक्षक, कर्मचारी र विद्यार्थीहरूले स्थानीय तह, संघसंस्था र अन्य दातृनिकायबाट अनुसन्धानमूलक कार्य गर्न चाहनेहरूका लागि मध्यस्थता, बौद्धिक परामर्श र सिफारिस गर्ने गरिएको,

**अनुसन्धान व्यवस्थापन एकाइबाट सम्पन्न भएको अनुसन्धानमूलक कार्यहरूको विवरण**

अनुसन्धान व्यवस्थापन एकाइबाट आ.व. २०८१/०८२ मा सम्पन्न भएका लघुशोधपत्रको विवरण तपशील बमोजिम रहेको छ-

| क्र.सं. | अनुसन्धान कर्ता | शीर्षक | स्वीकृत मिति | कैफियत |
|---|---|---|---|---|
| 1 | Lecturer Prakash Sharma | Interface Between Myth and Reality Exploration of Myths Associated with Kalika Bhagawati Temple | 20\07\2081 | |
| 2 | Assoc.Prof. Dr. Sudarshan Silwal | Micro finance as a Catalyst for Socioeconomic change of User group in Baglung district. | 21\07\2081 | |
| 3 | Lecturer Dr. Dilli Raj Gautam | Enrollment Dynamics in Humanities and Sicial Sciences: Trends, Prospect and Challenges at T.U, Nepal | 21\07\2081 | |
| 4 | Teaching Assistant Saroj Raj Panta | Causes and Effect of Destroying Chautari in Fhalebas Municipality | 01\11\2081 | |
| 5 | उपप्रा. डा. डिल्लीराज गौतम | भीमा दरबारको ऐतिहासिक, सामाजिक र सांस्कृतिक महत्त्व | २०८२/०२/०२ | |

**आर्थिक वर्ष २०८१/०८२ मा यस समितिद्वारा सञ्चालित कार्यक्रमको आम्दानी र खर्चको विवरण**

| क्र.स. | विवरण | आय तथा व्यय (रू. मा) | | कैफियत |
|---|---|---|---|---|
| क. | आयतर्फ | आम्दानी | खर्च | |
| १. | **बैक मौज्दात** | १,३६,००० | | |
| २. | **बैंक व्याज वापतको रकम** | १०,००० | | |
| ३. | लघुअनुसन्धान तथा परियोजना -शिक्षकबाट) | ४००० | ८५००० | |
| ४. | विश्वविद्यालय अनुदान आयोगबाट सेमिनार र गोष्ठी | १८०००० | २७०९४१ | |
| ५ | काठेखोला गाउँपालिकाबाट | ८९२६८ | ८९२६८ | |
| ६ | बौद्धिक चोरी परीक्षणवापत | ५५,००० | | |
| ७ | Dhaulagiri Journal of Contemporary Issues , July 2025, vol.3, Issue 1 प्रकाशन | | ४४८३५ | |
| ८ | विज्ञ समीक्षकलाई पारिश्रमिक | | २२,००० | |
| ९ | Dhaulagiri Journal of socio\Anthropology | | ८४७५० | |
| १० | प्रज्ञा सारथि | | ६५३१४४ | |
| ११ | विद्यार्थी अनुसन्धान, अवलोकन भ्रमण तथा प्रकाशन | | ३८०००० | |
| | **अमेरिकाबाट सरसफाइमा** | **१९६६०३** | **१९६६०३** | |
| | | **६७०८७१** | १२३८७११ | |
| | **कुल खर्च** | | | |

स्रोतः धवक्या लेखा शाखा, बागलुङ, २०८२ ।

**आर्थिक वर्ष २०८२/०८३ का लागि यस समितिद्वारा सञ्चालन गरिने नीति तथा कार्यक्रमहरू**

१. अनुसन्धान व्यवस्थापन समितिका सदस्यहरूका लागि सदस्यता नवीकरण र नयाँ सदस्यता वितरण गर्ने कार्यलाई निरन्तरता दिने,

२. Dhaulagiri Journal of Contemporary Issues, July 2026, vol.4, Issue 4 प्रकाशन गर्ने,

३. शैक्षणिक कार्ययोजना, शिक्षण विधि तथा मूल्याङ्कनसम्बन्धी कार्यशाला गोष्ठी सञ्चालन कार्यलाई निरन्तरता दिने,

४. शोध प्रस्ताव लेखन, अनुसन्धान प्रतिवेदन लेखन, अनुसन्धान विधि तथा प्राज्ञिक लेखनसम्बन्धी कार्यशाला गोष्ठी आयोजना गर्ने,

५. क्याम्पसका विभिन्न विभागहरूबाट विद्यार्थीहरूले गर्ने शोधकार्यमा **एकरूपता र गुणस्तरीयता** कायम गर्न अनुसन्धान व्यवस्थापन समितिले तयार गरेको अनुसन्धान निर्देशिकालाई पूर्ण **कार्यान्वयनमा जोडदिने,**

६. क्याम्पसका प्राध्यापक संघ, समाजशास्त्र/मानवशास्त्र विभाग लगायत क्याम्पस परिवारबाट प्रकाशित हुने जर्नलका लगायत अन्य निकायहरूबाट प्रकाशित हुने अन्य पुस्तक, जर्नल, बुलेटिन र स्मारिका लगायतका प्रकाशनहरूमा एकरूपता र गुणस्तरीयता कायम गर्न समितिका तर्फबाट आर्थिक एवम् प्राविधिक सहयोग उपलब्ध गराउने,

७. क्याम्पसमा अध्ययनरत विद्यार्थीहरूले प्रकाशित गर्ने अध्ययन अवलोकन भ्रमणका प्रतिवेदनहरू तथा स्नातकोत्तर तहका शोधकार्यका लागि आवश्यकता अनुसार प्राविधिक सहयोग र उत्कृष्ट कार्यका लागि केही विद्यार्थीहरूलाई आर्थिक सहयोग समेत उपलब्ध गराउन सिफारिस गर्ने,

८. समितिका तर्फबाट प्रदान हुँदै आएको लघुशोध कार्यका लागि यस आर्थिक वर्षमा पनि आठदेखि १० जना शोधकर्तालाई उत्कृष्टताका आधारमा आर्थिक तथा प्राविधिक सहयोग उपलब्ध गराउन सिफारिस गर्ने र गराउने कार्यलाई निरन्तरता दिने,

९. क्याम्पसभित्र तथा क्याम्पस बाहिरका स्थानीय तह, संघसंस्था तथा अन्य निकायहरूबाट परामर्श सेवा, अनुसन्धान कार्य सम्पादन र अक्षयकोष स्थापनाका लागि माग भई आएमा समितिका तर्फबाट समझदारी पत्र गर्ने, गराउने,

१०. यस क्याम्पसका स्नातकोत्तर तहमा अध्ययनरत विद्यार्थीहरू मध्येबाट विभिन्न शीर्षकमा शोध प्रस्ताव माग गर्ने र उक्त शोधप्रस्ताव अनुसारको शोधवृत्ति उपलब्ध गराइदिन स्थानीय सरकारसँग पत्राचार तथा समन्वय गर्ने गराउने,

११. समितिका तर्फबाट भएगरेका कार्यहरूको प्रतिवेदन तयार गरी प्रकाशित गर्ने, गराउने,

१२. अनुसन्धान व्यवस्थापन समिति सदस्य तथा शिक्षक, कर्मचारी र विद्यार्थीहरूलाई समेत समेट्ने गरी अनुकूलता अनुसार अध्ययन तथा अवलोकनमूलक भ्रमणको आयोजना गर्ने, गराउने,

१३. अनुसन्धान व्यवस्थापन समितिका तर्फबाट वार्षिक रूपमा प्रकाशित हुने Dhaulagiri Journal of Contemporary Issues लाई केन्द्रित गरी OJS System, Plagiarism ( भावहरण) सम्बन्धी सम्बन्धित लेखकहरूलाई अभिमुखीकरण कार्यक्रमको आयोजना गर्ने,

१४. मिति २०७४ फागुन २१ देखि व्यक्तिगत रूपमा रू ५००० सहयोग संकलन गरी अनुसन्धान कार्यलाई निरन्तरता दिइदै आएकामा आगामी वर्ष २०८१/०८२ देखि उक्त व्यक्तिगत आर्थिक सहयोगलाई समितिको अक्षयकोषमा जम्मा गरिएको र नयाँ सदस्यता थप गर्ने कार्यलाई निरन्तरता दिने,

१५. अनुसन्धान समितिको खातामा अक्षयकोष राख्ने आजीवन सदस्यहरूलाई विशेष अवसरमा सम्मान गर्ने,

१६. समितिको आयोजना र विश्वविद्यालय अनुदान आयोगको सहयोगमा पाँच दिने अनुसन्धान प्रस्ताव लेखन विकास सम्बन्धी गोष्ठी सञ्चालन गर्ने र सहभागीलाई लघुअनुसन्धान तथा

अनुसन्धानमूलक लेख तयार गर्न लगाई DOI प्राप्त जर्नलमा लेख प्रकाशन कार्यलाई निरन्तरता दिने,

१७. यस क्षेत्रका स्थानीय तह, शैक्षिक संघसंस्थाहरू, बैंक तथा वित्तीय संस्थाहरू र सहकारी लगायतका सरकारी तथा गैरसरकारी संघसंस्थाहरूलाई समितिका तर्फबाट बौद्धिक परामर्श सेवा उपलब्ध गराउने,

१८. आर्थिक वर्ष २०८२/०८३ भित्रमा विश्वविद्यालय अनुदान आयोग र अन्य संघसंस्थाको आर्थिक सहयोगमा एउटा अन्तराष्ट्रिय स्तरको कार्यशाला गोष्ठी कार्यक्रमको आयोजना गर्ने,

**आर्थिक वर्ष २०८२/०८३ मा यस समितिद्वारा सञ्चालन गरिने कार्यक्रमहरूका लागि आर्थिक स्रोत व्यवस्थापनका आधारहरू**

१. सदस्यता नवीकरण र नयाँ सदस्यता वितरण शुल्क,

२. क्याम्पस प्रशासनले नियमअनुसार अनुसन्धान, कार्यशाला गोष्ठी, प्रशिक्षण, प्रविधि तथा क्षमता विकास तालिम, अभिमुखीकरण गोष्ठी, अध्ययन अवलोकन भ्रमण, प्रकाशन, छात्रवृत्ति लगायतका अनुसन्धानमूलक तथा प्राज्ञिक कार्यका लागि नियमानुसार छुट्याइएको बजेट,

३. क्याम्पस प्रशासनका तर्फबाट विभिन्न शीर्षकमा हुने आम्दानी खर्चको नियमानुसार प्राप्त हुने कार्यसञ्चालन खर्च वापतको रकम,

४. अनुसन्धान व्यवस्थापन समितिका तर्फबाट हुने परामर्श सेवावापतको प्राप्त हुन आउने रकम,

५. अनुसन्धान व्यवस्थापन समितिको राष्ट्रिय बाणिज्य बैंकको वचत खातामा रहेको रकमको व्याज वापत प्राप्त हुने रकम,

६. विभिन्न तह र निकायहरूबाट शोध प्रस्ताव स्वीकृत भए पश्चात प्राप्त हुन आउने रकम,

७. समितिद्वारा प्रकाशित जर्नल तथा अन्य सामग्रीहरूको विक्रीवितरणबाट प्राप्त हुन आउने रकम,

८. अन्य विविध स्रोतबाट प्राप्त हुने रकम ।

**RMC को प्रस्तावित कार्यक्रमहरू र अनुमानित आय व्यय विवरण (आ. व. २०८२/०८३)**

| क्र.स. | विवरण | आय तथा व्यय (रू. मा) | | जम्मा (रू. मा) जम्मा | कैफियत |
|---|---|---|---|---|---|
| | आय तर्फ | आन्तरिक | बाह्य | | |
| | **बैक मौज्दात** | १५०००० | | | **बचत** |
| | **बैंक व्याज वापतको रकम** | ७,००० | | | **बचत** |
| क. | **क्याम्पसबाट प्राप्त हुने आय शीर्षक** | | | | |
| १. | अनुसन्धान तथा विकास | १,०००,००० | | १,०००,००० | |
| २. | तालिम, सेमिनार र गोष्ठि | २००,००० | | २००,००० | |
| ३. | अन्य | ५००,००० | | ५००,००० | |

| | | | | | |
|---|---|---|---|---|---|
| ख. | **अनुदान आयोगबाट प्राप्त आय शीर्षक** | | ३००,००० | ३००,००० | |
| ग. | **विविध स्रोतबाट प्राप्त आय** | **३००,१०१** | | ३००,१०१ | स्थानीय तह तथा अन्य |
| **जम्मा (क+ख+ग)** | | **२,०००,१०१** | **३००,०००** | **२,३००,१०१** | |
| घ. | **व्यय तर्फ** | **आन्तरिक** | **बाह्य** | **जम्मा** | |
| १. | Dhaulagiri Journal of Contemporary Issues , July 2024, vol.2, Issue 2 प्रकाशन | २००,००० | ०.०० | २००,००० | धवक्या |
| २. | कार्यशाला गोष्ठी सञ्चालन | २००,००० | १००,००० | ३००,००० | धवक्या र त्रिवि अनुसन्धान निर्देशनालय |
| ३. | लघु शोध विद्वत्वृति | ३००,००० | १००,००० | ४००,००० | धवक्या र अन्य |
| ४. | शैक्षणिक कार्ययोजना तथा शिक्षण विधि सम्बन्धी गोष्ठी सञ्चालन | १००,००० | ०.०० | १००,००० | धवक्या |
| ५. | अनुसन्धान अवलोकन भ्रमण तथा प्रकाशन | २००,००० | ०.०० | २००,००० | धवक्या |
| | शिक्षक तथा कर्मचारी | ३००,००० | ०.०० | ३००,००० | |
| | विद्यार्थी | २००,००० | ०.०० | २००,००० | |
| ६ | परामर्श तथा विशेषज्ञता सेवा | १००,००० | ०.०० | १००,००० | विषय विज्ञ |
| ७. | शोध प्रस्ताव लेखन तथा प्राज्ञिक लेखन सम्बन्धी कार्यशाला गोष्ठी आयोजना | २००,००० | १००,००० | ३००,००० | धवक्या र UGC |
| ८. | कार्यालय व्यवस्थापन | ५०,१०१ | ०.०० | ५०,१०१ | धबक्या |
| ९. | बैठक तथा साधारण सभा सञ्चालन | ५०,००० | ०.०० | ५०,००० | धबक्या |
| १०. | अन्य खर्च | १००,००० | ०.०० | १००,००० | धबक्या |
| | **आन्तरिकबाट खर्च** | **२,०००,१०१** | | | |
| | **बाह्यबाट खर्च** | | **३००,०००** | | |
| | **कुल खर्च** | | | **२,३००,१०१** | |

माथि उल्लेखित कार्यक्रमहरूका अतिरिक्त अन्य कार्यक्रमहरू आवश्यकता अनुसार थपघट गर्न सकिने छ ।

**निष्कर्ष**

मिति २०८१ वैशाख ०७ गतेदेखि २०८२ असार मसान्तसम्म यस समितिमा कुल २४ वटा बैठक, भेला र ठूला कार्यक्रमहरू सम्पन्न भएका छन् । आर्थिक वर्ष २०८१/०८२ मा प्रस्तावित नीति तथा कार्यक्रमहरू मध्य करिब ७५ प्रतिशत काम सम्पन्न भइसकेका र विविध कारणले गर्दा पूरै प्रस्तावित कार्यक्रमहरू सम्पन्न हुन नसकेको देखिन्छ । प्रस्तावित कार्यक्रमअनुसार लघुशोध कार्य सम्पन्न गराउन नसकिएको, अवलोकन भ्रमणको कार्यक्रम आयोजना गर्न नसकिएको, धवलागिरि जर्नलमा लेख प्रकाशन गर्ने लेखकहरूलाई पारिश्रमिक उपलब्ध गराउन नसकिएको र प्रस्तावित कार्यक्रमअनुसारको खर्च गर्न नसकिएको अवस्था रहेको छ ।

# शैक्षिक क्यालेन्डर निर्माण उपसमितिको वार्षिक प्रतिवेदन

-कुलप्रसाद अधिकारी
OTP निर्माण तथा शैक्षिक क्यालेन्डर निर्माण उपसमिति

**परिचय**

OTP (Overall Teaching Plan) भन्नाले वार्षिक कार्ययोजना, एकाइ योजना र दैनिक पाठयोजनालाई जनाउँछ । योजनाबिना कुनै पनि कार्य सहज तरिकाबाट निर्धारित समयमा पूरा हुन गाह्रो हुन्छ । त्यस्तै शिक्षणकार्यमा पनि सत्रको आरम्भमा उचित योजना बनाएर अगाडि बढिएन भने शिक्षण कार्य सहज रूपमा अघि बढ्ने कुरामा अवरोध सिर्जना हुन सक्छ । त्यसैले शैक्षिक कार्य पात्रो निर्माण गरी OTP समेत बनाउनुपर्छ । पाठ्यक्रमअनुसारका विषयवस्तु शिक्षण गर्न र आवश्यकताअनुसार क्रियाकलाप गराउन शैक्षिक योजनाको आवश्यकता पर्दछ । हरेक शिक्षकले आफ्नो शिक्षण कार्यलाई प्रभावकारी, उद्देश्यपूर्ण र व्यावहारिक बनाउन शैक्षणिक योजना निर्माण गरी त्यसको प्रभावकारी कार्यान्वयन गर्नुपर्छ । योजनाबद्ध ढङ्गले शिक्षण गरेमा मात्र पाठ्यक्रमले अपेक्षा गरेका उद्देश्यप्राप्तिमा सहयोग पुग्दछ ।

शैक्षणिक योजना निर्माण गर्नका लागि आवश्यक पर्ने महत्त्वपूर्ण साधन शैक्षिक कार्यपात्रो हो । यसले जुन कुनै शैक्षिक संस्थामा एक शैक्षिक सत्रभित्र हुने सम्पूर्ण शैक्षिक तथा अतिरिक्त क्रियाकलापको खाका प्रस्तुत गर्दछ । यसले एकातर्फ सम्पूर्ण प्राध्यापकहरूलाई वार्षिक कार्ययोजना, एकाइ योजना तथा पाठयोजना निर्माण कार्यमा सहयोग पुऱ्याउँछ भने अर्कोतर्फ विद्यार्थीलाई पठनपाठनलगायत सहक्रियाकलाप र अतिरिक्त क्रियाकलाप सञ्चालन गर्न मार्गदर्शन गर्दछ । क्याम्पसले पठनपाठनलगायत विद्यार्थीहरूको विशेष सीप र क्षमताको विकास गर्ने कुरालाई उच्च प्राथमिकतामा राखी कार्यसम्पादन गरिरहेको छ । यसका लागि २०७९।११।१४ मा गठन गरिएको शैक्षिक क्यालेन्डर निर्माण उपसमितिलाई अझ व्यवस्थित र कामकाजी बनाउनको लागि OTP निर्माण तथा शैक्षिक क्यालेन्डर निर्माण उपसमिति भनी मिति २०८२।१।१० मा पुनर्गठन गरिएको छ । यो समिति शिक्षा विभागका विभागीय प्रमुख कुलप्रसाद अधिकारीको संयोकत्वमा रहेको छ । समितिको संरचना यसप्रकार छ :

संयोजक : कुलप्रसाद अधिकारी
सदस्य : शिवप्रसाद पौडेल
,, : देवबहादुर क्षेत्री
,, : सरस्वती शर्मा
,, : केदारनाथ शर्मा
: डम्मरसिंह खत्री

: नवराज शर्मा
: प्रदीप पन्त
: हंशबहादुर सार्की

**समितिमार्फत भएका कार्यहरु**

- प्रत्येक वर्ष र सेमेस्टरको कक्षा सञ्चालन भएको मितिबाट एक हप्ताभित्र सम्पूर्ण शिक्षकहरूले आफूले प्राध्यापन गर्ने विषयको वार्षिक कार्ययोजना एकाइ योजना सम्बन्धित विभागीय प्रमुख, इन्चार्ज तथा कोअर्डिनेटरमार्फत QAA शाखाको Email मा पठाउनको लागि पहल।
- शैक्षिक सत्र ०८१/०८२ का लागि अघिल्लो समितिले निर्माण गरेका कार्य गरेका योजनाहरु अनुमोदन गर्दै वि. सं. २०८२ को भित्तेपात्रो निर्माणका लागि क्याम्पसमा सञ्चालन गर्न सकिने सम्भावित कार्यक्रमहरु विभिन्न विभाग, सङ्काय तथा संस्थानबाट आआफ्नो विभागले गर्ने अभिमुखीकरण, प्रयोगात्मक परीक्षा, आन्तरिक परीषा, सह तथा अतिरिक्त क्रियाकलापको सूची समितिमा पेस गर्न आव्हान ।
- क्याम्पस प्रशासनले गर्ने क्रियाकलापहरूको सूची मितिसहित समितिमा पेस गर्न अनुरोध ।
- विभिन्न विभाग र अध्ययन संस्थानबाट प्राप्त कार्यक्रम र सूचीलाई एकीकृत गर्ने काम सम्पन्न ।
- विभिन्न विभाग र अध्ययन संस्थानबाट प्राप्त भएका कार्यक्रमका सूचीलाई क्याम्पस प्रमुख र सहायक क्याम्पस प्रमुखहरूलाई जानकारी गराई क्याम्पस प्रशासनबाट प्राप्त कार्यक्रमका सूचीसहित समावेश गरी शैक्षिक कार्यपात्रो २०८२ निर्माण गर्ने निर्णय ।
- विभिन्न विभाग र अध्ययन संस्थानबाट आएका कार्यक्रमका सूचीलाई काँटछाँट र एकीकृत गरी शैक्षिक क्यालेन्डर २०८२ मा समावेश गर्नुका सार्थ त्तब्ब सँग सम्बन्धित विभिन्न समिति र उपसमितिका बैठकहरूसमेत शैक्षिक क्यालेन्डरमा समावेश गर्ने निर्णय
- शैक्षिक क्यालेन्डरमा सम्पूर्ण विभाग, संस्थान, क्याम्पस प्रशासनका कार्यहरु, विद्यार्थीकेन्द्रित कार्यक्रमलगायत सम्पूर्ण कक्षाका विषय कोडहरु शिक्षक र सरोकारवालाका फोन नम्बरलगायत अन्य उपयोग सन्दर्भ सामग्रीहरु, शैक्षिक कार्यक्रम, हिउँदे र बर्खे बिदा, चाडपर्व बिदा, स्थानीय बिदा, सार्वजनिक बिदासमेत समावेश गरी वि. सं. २०८२ को भित्तेपात्रो प्रकाशनका लागि क्याम्पस प्रशासन र स्व. वि. यू. लाई जिम्मा लगाउने कार्य सम्पन्न ।

# अध्याय : तीन

## विभिन्न शिक्षण विभागका वार्षिक प्रगति प्रतिवेदन

यस खण्डमा क्याम्पसमा रहेका विभिन्न विषयका विभागीय प्रमुख एवम् कार्यक्रम संयोजकबाट प्रस्तुत गरिएका वार्षिक प्रगति प्रतिवेदनलाई समावेश गरिएको छ ।

### नेपाली तथा नेपाली शिक्षा विषयको प्रगति प्रतिवेदन २०८१/०८२

-उपप्रा. डा. आनन्दराज सिलवाल
विभागीय प्रमुख

**परिचय**

धवलागिरि बहुमुखी क्याम्पस धवलागिरि महेन्द्र इन्टर कलेजको नामबाट २०१९ सालभाद्र २ गते स्थापना भई महेन्द्र बहुमुखी क्याम्पस हुँदै हाल धवलागिरि बहुमुखी क्याम्पसका रूपमा परिचित रहेको छ । यस क्याम्पस स्थापना भएको ६४ वर्ष भन्दा बढी भइसकेको छ । क्याम्पसमा २०२३ साल जेष्ठमहिनादेखि मानविकी तथा सामाजिकशास्त्र सङ्कायका विषयहरूबाट प्रमाणपत्र तहको रात्रिकालीन कक्षा सञ्चालन भएको हो । क्याम्पसलाई २०३० सालमा त्रिभुवन विश्वविद्यालयले आफ्नो आंगिक क्याम्पसको रूपमा परिणत गरेको हो । यस क्याम्पसमा २०३४ सालदेखि मानविकी सङ्कायमा स्नातक तहको पढाइ सञ्चालन भएको हो । क्याम्पसमा हाल मानविकी तथा सामाजिकशास्त्र र शिक्षाशास्त्र सङ्कायमा नेपाली विषयमा स्नातकदेखि स्नातकोत्तरसम्मको पठनपाठन हुँदै आएको छ ।

**उद्देश्यहरू**

प्रस्तुत कार्यक्रमको मुख्य उद्देश्य शैक्षिक सत्र २०८१ देखि २०८२ असारसम्मको नेपाली र नेपाली शिक्षा विषयको शैक्षिक उपलब्धिको यथार्थ अवस्थाको विश्लेषण गर्नु र यस विभागले आगामी शैक्षिक सत्रमा सम्पन्न गर्ने  कार्यक्रमहरू प्रस्तावित गर्नु रहेको छ ।

**अपेक्षित उपलब्धिहरू**

प्रस्तुत कार्यक्रममा शैक्षिक सत्र २०८१ देखि २०८२ असारसम्मको नेपाली र नेपाली शिक्षा विषयको शैक्षिक उपलब्धिको यथार्थ अवस्था पहिचान भई आगामी शैक्षिक सत्रको शैक्षिक उपलब्धिमा थप प्रगति हासिल हुने अपेक्षा गरिएको छ ।

**शैक्षिक सत्र २०८१ देखि ०८२ असारसम्म सम्पन्न गरिएका कार्यहरू**

प्रस्तुत कार्यक्रमलाई थप उपलब्धिमूलक बनाउने प्रयोजनका लागि यस शैक्षिक सत्र २०८१/०८२ मा १८ ओटा नियमित बैठकहरू र ५ ओटा स्नातक र स्नातकोत्तर तहका शोधपत्र, सिर्जना पत्र र पत्रकारितासम्बन्धी मूल्यांकन बैठकहरू सम्पन्न भएका छन् । बैठकले गरेका निर्णयहरू मूलतः कार्यान्वयन भएका छन् । जसलाई निम्नानुसार प्रस्तुत गरिएको छ :-

(क) स्नातक तहका शोध तथा सिर्जना गर्ने विद्यार्थीका शोधपत्र तथा सिर्जनापत्रको आवश्यक मूल्यांकन गरी सम्बन्धित निकायमा पेश गरिएको,
(ख) स्नातकोत्तर मानविकितर्फका शोधपत्रहरूको आवश्यक मूल्यांकन गरी सम्बन्धित निकायमा पेश गरिएको,
(ग) स्नातक मानविकि चौथो वर्षतर्फका शोधपत्रहरूको आवश्यक मूल्यांकन गरी सम्बन्धित निकायमा पेश गरिएको,
(घ) स्नातकोत्तर शिक्षातर्फका ८ ओटा शोधपत्रहरूको आवश्यक मूल्यांकन गरी सम्बन्धित निकायमा पेश गरिएको,
(ङ) स्नातकोत्तर शिक्षातर्फका ५ ओटा शोधपत्रहरूको आवश्यक मूल्यांकनको अवस्थामा पुराइएको,
(च) स्नातकोत्तर शिक्षातर्फका विद्यार्थीहरूको प्राज्ञिकलेखन, शोधप्रस्तावलेखन तथा भाषिक सम्पादनलेखनको आवश्यक मूल्यांकन गरी सम्बन्धित निकायमा पेश गरिएको,
(छ) विभागलाई थप व्यवस्थित गरिएको ।

**शैक्षिक सत्र २०८१ देखि ०८२ असारसम्मको नेपाली विषयको शैक्षिक उपलब्धि**

वि.ए. प्रथम वर्ष २०८१मा नेपाली विषयतर्फ विद्यार्थी भर्ना नभएको ।

**Table 1:** BA 2nd Year 2081

| SN | Subject Title | Subject Code | Abs. | Pass | Fail | Total | Pass % |
|---|---|---|---|---|---|---|---|
| 1 | Comp. Nepali (Theory) | Cnep. 402 | 2 | 23 | 1 | 26 | 88.46 |
| 2 | Comp. Nepali (Asst) | Cnep 402 | | 26 | 0 | 26 | 100 |
| 3 | Nep 423: Nep. loksahitya ra Purbaadhunik Nep. Sahitya (Theory) | Nep. 423: | | 4 | 0 | 4 | 100 |
| 4 | Nep 423: Nep. loksahitya ra Purbaadhunik Nep. Sahitya (Asst) | Nep 423: | | 4 | 0 | 4 | 100 |
| 5 | Nep 424: Adhunik Nep. Nibandha, yatrasahitya (Theory) | Nep. 424: | | 4 | 0 | 4 | 100 |
| 6 | Nep 424: Adhunik Nep. Nibandha, yatrasahitya (Asst) | Nep 424: | | 4 | 0 | 4 | 100 |

**Table 2:** BED 1st Year 2081

| SN | Subject Title | Sub. Code | Absent | Pass | Fail | Total | Pass% |
|---|---|---|---|---|---|---|---|
| 1 | Compulsory Nepali | CNEP401 | 2 | 93 | 1 | 96 | 96.88 |
| 2 | Nepali Katha Ra Upanyas | NEP416 | 1 | 20 | 16 | 37 | 54.05 |
| 3 | Nepali Natak Ekanki Ra Niban | NEP417 | 2 | 25 | 10 | 37 | 67.57 |
| 4 | Nepali Katha Ra Upanyas 418 | NEP418 | | 3 | 0 | 3 | 100 |

**Table 3:** BED 2nd Year 2081

| SN | Subject Title | Sub. Code | Absent | Pass | Fail | Total | Pass % |
|---|---|---|---|---|---|---|---|
| 1 | Bhasa Bigyan ra Nepali Bhasa | NEP422 | 2 | 7 | 20 | 29 | 24.14 |
| 2 | Nepali Kabita Kabya | NEP423 | 1 | 23 | 5 | 29 | 79.31 |
| 3 | Nepali Bhasa Pathya, Pathyapustak tatha Sikshen Pad | NEP424 | 1 | 15 | 13 | 29 | 51.72 |
| 4 | Nepali Kabita Kabya | NEP429 | 1 | 7 | 0 | 8 | 87.5 |

**Table 4:** MED NEPALI 1st SEMESTER

| SN | SubjectTitle | SubjectCode | Absent | Pass | Fail | Total | Pass % |
|---|---|---|---|---|---|---|---|
| 1 | Bhasha bigyan | NEPED 515 | | 3 | 3 | 6 | 50 |
| 2 | Nepali aakhyan ra natak | NEP.ED.516 | | 6 | 0 | 6 | 100 |
| 3 | Purbiya ra pashchatya samalochana | NEP.ED.517 | | 6 | 0 | 6 | 100 |
| 4 | Prayogik bhasha bigyan ka pramukh kshetra | NEP.ED.518 | | 6 | 0 | 6 | 100 |

**Table 5:** MED NEPALI 2nd SEMESTER

| SN | SubjectTitle | Subject Code | Absent | Pass | Fail | Total | Pass % |
|---|---|---|---|---|---|---|---|
| 1 | Bhashik Parikshyan | NEP.ED.524 | | 5 | 0 | 5 | 100 |
| 2 | Nepali Kabita Kabya | NEP.ED.525 | | 5 | 0 | 5 | 100 |
| 3 | Aadhunik Nepali Nibandha ra Samalochana | NEP.ED.526 | | 5 | 0 | 5 | 100 |
| 4 | Samajik Tatha Mano-Bhasa Bigyan | NEP.ED.529 | | 5 | 0 | 5 | 100 |

**Table 6:** MED NEPALI 3rd SEMESTER

| SN | Subject Title | Sub. Code | Absent | Pass | Fail | Total | Pass % |
|---|---|---|---|---|---|---|---|
| 1 | Nepali Bhasha Shikshyan | Nep. Ed. 535 | 1 | 4 | 0 | 5 | 80 |
| 2 | Bhasha Bigyan Ka Pramukh Siddhanta | Nep. Ed. 537 | | 3 | 2 | 5 | 60 |
| 3 | Bhashik Anusandhan Bidhi | Nep. Ed. 538 | | 5 | 0 | 5 | 100 |
| 4 | Bhashik Bidha Shikshyan | Nep. Ed. 539 | | 5 | 0 | 5 | 100 |

एम.एड्. चौथो सेमेष्टरमा सतप्रतिशत नतिजा प्राप्त भएको पाइन्छ ।

**नतिजा विश्लेषण**

(क) स्नातभन्दा स्नातकोत्तर तहको नतिजा औषतमा राम्रो रहेको पाइयो,

(ख) विद्यार्थीले नियमित कक्षा नलिने, बिचैमा कक्षा त्याग्ने, पूरै परीक्षा नदिने समस्या देखियो,

(ग) शिक्षा संकायका तुलनामा मानविकी संकायमा विद्यार्थीको संख्या अत्यधिक न्युन रहेको पाइयो,

(घ) कुनै विषयमा नतिजा राम्रो हुने र कुनैमा नतिजा नराम्रो हुनुका कारणहरूका विषयमा समीक्षा गरियो,

(ङ) पहिलो पिरियड र अन्तिम पिरियमा विद्यार्थी कक्षामा नबस्ने समस्या देखियो ।

(च) कुनै वर्ष कुनै विषयको प्रश्नपत्र विद्यार्थीको तयारी अनुसार नभइ फरक ढंगले प्रश्न सोध्ने र कुनै वर्ष कुनै विषयको उत्तर पुस्तिका परीक्षण सन्तोषजनक नभएको भन्ने विषयमा पनि छलफल गरियो,

(छ) स्नातक तह मानविकी र शिक्षा तर्फको २०८१ देखि ०८२ असारसम्मको नतिजा विश्लेषण गर्दा औषतमा ४०-८० प्रतिशत रहेको पाइयो,

(ज) स्नातकोत्तर तह सेमेस्टरतर्फको २०८१ देखि ०८० सम्मको नतिजा विश्लेषण गर्दा औषतमा ६०-९० रहेको पाइयो,

(झ) स्नातकोत्तर तह सेमेस्टरतर्फको २०८१ देखि ०८२ असारसम्मको नतिजा विश्लेषण गर्दा औषतमा ८०-९९ रहेको पाइयो,

(ञ) सेमेस्टर प्रणालीमा विद्यार्थी संख्या कम हुने भएको र केही विद्यार्थीले बिचैमा कक्षा त्याग्ने, पूरै परीक्षा नदिने समस्या देखियो,

(ट) विभागको बैठक बसी आआफ्नो विषयको नतिजाका विषयमा छलफल गरी आगामी दिनमा विद्यार्थी संख्या बढाउने, अनिवार्य वार्षिक कार्ययोजना बनाइ पठन पाठन गर्ने, तोकिएको समयमा विद्यार्थीको आन्तरिक परीक्षा लिई विद्यार्थीलाई पृष्ठपोषण गर्ने र आगामी नतिजा योभन्दा पनि राम्रो गर्ने निर्णय गरियो,

(ठ) स्नातकोत्तर सिर्जनशील विद्यार्थी समूहले प्रकाशन गरेको धवलागिरि प्रवाह पत्रिकालाई पुनः प्रकाशनमा ल्याउने निर्णय गरियो ।

**विभागका मूलभूत चुनौतिहरू**

(क) अधिकतम पाठ्यभार र न्युन जनशक्ति हुनु,

(ख) एउटै जनशक्ति विहानी सत्र, दिवा सत्र र सन्ध्याकालीन सत्रका शैक्षिक कार्यक्रममा सम्लग्न हुनुपर्ने बाद्यता,

(ग) अधिक्तम पाठ्यभार वहन गर्दा जनशक्ति प्राज्ञिग उन्नयनमा सक्रिय हुन नसक्नु,

(घ) जनशक्तिका अभावमा अपेक्षित उपलब्धि हासिल गर्न नसक्नु,

(ङ) जनशक्तिका अभावका कारणले अनुसन्धान तथा सिर्जनात्मक कार्यमा जनशक्ति सर्पित हुन नसक्नु र विद्यार्थीहरूलाई पनि प्रस्तुत कार्यमा सम्लग्न गराउन असमर्थ हुनु ।

**विभागका भावी नीति तथा कार्यक्रमहरू**

शैक्षिक सत्र २०८२/०८३ का लागि निम्न कार्यक्रमका योजनाहरू बनाइएको छ :

(क) क्याम्पसले तयार गरेको वार्षिक कार्ययोजना अनुसारको आन्तरिक परीक्षा विभागका तर्फबाट सञ्चालन गर्ने,

(ख) मानविकी संकायतर्फ विद्यार्थी संख्या र नतिजालाई बढाउन विशेष पहल गर्ने,

(ग) शिक्षाशास्त्र संकायतर्फ विद्यार्थी संख्या र नतिजालाई बढाउन अग्रसर हुने,

(घ) आगामी वर्षमा विद्यार्थीको उत्कृष्ट नतिजा ल्याउन विशेष पहल गर्ने,

(ङ) धवलागिरि प्रवाह पत्रिकालाई प्रकाशनमा ल्याउने,

(च) स्नातकोत्तर तहका विद्यार्थीलाई ध्यानमा राखी अनुकूल समयमा शोधप्रस्ताव लेखनसम्बन्धी गोष्ठीको आयोजना गर्ने,

(छ) स्नातक तहका विद्यार्थीलाई ध्यानमा राखी अनुकूल समयमा शोध, सिर्जना र पत्रकारितासम्बन्धी गोष्ठीको आयोजना गर्ने,

(ज) विभागीय पठनपाठनमा सहजताका लागि विभागीय पुस्तकालयको व्यवस्था मिलाउन क्याम्पस प्रशासनसँग अनुरोध गर्ने,

(झ) विभागबाट प्रकाशित भइसकेको प्रायोगिक नेपाली सन्दर्भ सामग्रीलाई आगामी वर्षदेखि क्रमशः प्रकाशन गर्दै जाने,

(ञ) स्नातकोत्तर तहका कार्यक्रमहरू भौतिक उपस्थितिमा भन्दा विद्युतीय सञ्जालमा प्रभावकारी भएको हुँदा आगमी वर्षका लागि पनि निरन्तरता दिने,

(ट) क्याम्पसले तोकेको वार्षिक कर्यातालिकानुसार कम्तीमा दुईपटक विद्यार्थीको भौतिक उपस्थितिमा आन्तरिक परीक्षा सञ्चालन गर्ने,

(ठ) विभागको कार्यकक्ष व्यवस्थित गर्न, विभागीय सदस्यहरूलाई बस्ने कुर्ची, टेवल र शिक्षण सामग्री राख्ने घर्रावाला दराजका साथै आवश्यक सामग्रीको व्यवस्थापनका लागि करिब रू २,५०००० अक्षरूपी दुइलाख लागत लाग्ने भएकाले प्रस्तुत बजेटको व्यवस्था मिलाइदिन क्याम्पस प्रशासनमा अनुरोध गर्ने ।

**निष्कर्ष**

निष्कर्षतः मानविकितर्फ स्नातक र स्नातकोत्तर तहमा अनिवार्य र ऐच्छिक विषयको नतिजा उपलब्धिमूलक नै रहन गएको छ । यसैगरी शिक्षाशास्त्रतर्फ स्नातक र स्नातकोत्तर तहमा अनिवार्य र ऐच्छिक विषयको नतिजा पनि उपलब्धिमूलक नै रहेको देखिन्छ । विषयगत दक्षता र अनुसन्धानमूलक कार्यमा जनशक्तिलाई समर्पित गराउन र पाठ्यभारका आधारमा जनशक्तिको

व्यवस्थापन गर्न सकियो भने आगामी शैक्षिक सत्रमा विद्यार्थीहरूलाई समेत पाठ्यक्रमले तोकेको विषयवस्तुका साथै अनुसन्धानमूलक तथा सिर्जनात्मक कार्यमा सम्लग्न गराई उत्कृष्ट उपलब्धि हासिल गर्न सकिने देखिन्छ ।

## Educational Progress Report of Management Department

**–Dhurba Raj Gautam**
Head of Department

**Background**

Dhawalagiri Multiple Campus is one of the pioneer education institutions in Nepal and only one leading constituent campus of Tribhuvan University in this Dhaulagiri area. It was established in 2019 Bhadra 2 as Dhawalagiri inter college with a greater enthusiasm of the local communities, social workers and leaders, businessman, intellectuals, educationalist and others people of neighbouring districts Myagdi, Parbat and Mustang. In 2030 BS, this college was included as one of the constituent campus of the TU named as Mahendra Campus Baglung. After the political change in 2063 Bs its named is changed to Dhawalagiri Multiple Campus by TU Assembly.

From the beginning campus started by education of Humanities IA and BA laterally college launched different faculty and programs such as BED, BBS, BSC, MBS, MA, MED and BBA Program and planning to conduct BCA programs from this year. The flow of student in Management Programs is attractive and holds majority of the students, and result of BBA programs is very good and leading all over nations.

Limited faculties of the department only 10 members serving in our department are devoting to their duties and responsibilities to achieve successful result.

**Structure of Management Department**

Department of Management of this campus is the largest department in this Campus. There is 11 members in this department from management stream and others faculties from English, Statistics, Economics, Social science departments are also involved in teaching learning activities of the department. The departmental structure of this department is as follows.

Chair Person: Dhurba Raj gautam
Member: Biplov Sharma
Member: John Bajracharya
Member: Yam Prasad Sharma
Member: Ramraja Kandel
Member: Resham Lal Sapkota
Member: Khagaraj Sharma
Member: Navaraj Sharma
Member: Shuwash KC
Member: Kedarnath Paudel

**Result Analysis**

The result of academic year 2080/081 and 2081/082 is analyzed and presented as below on the table.

For The Year 2081/082

| **Subject & Code** | **Academic Year: 2080 Faculty: Management Level: Bachelor (BBS) Year : First** | | | | | |
|---|---|---|---|---|---|---|
| | **Total** | **Appeared in exam** | **Absent** | **Passed** | **Failed** | **Pass %** |
| **Business English MGT-201** | **215** | **213** | **2** | **43** | **170** | **20** |
| **Micro Economics MGT-203** | **215** | **198** | **17** | **23** | **164** | **15.42** |
| **Business Statistics MGT- 202** | **215** | **199** | **16** | **29** | **170** | **13.49** |
| **Principle of Management MGT- 213** | **215** | **194** | **21** | **54** | **140** | **25.12** |
| **Accounting for Financial Analysis MGT- 211** | **215** | **191** | **24** | **64** | **127** | **29.77** |

**The minimum pass percentage is 13.42% and maximum pass percentage is 29/77%. Average pass % of BBS 1st year's is 21.56 %. Which is very low level of achievement.**

| Subject & Code | Academic Year: 2081 Faculty: Management Level : Bachelor (BBS)Year : First | | | | | |
|---|---|---|---|---|---|---|
| | Total | Appeared in exam | Absent | Passed | Failed | Pass % |
| Business English MGT-201 | 169 | 163 | 6 | 49 | 112 | 29.34 |
| Micro Economics MGT-203 | 169 | 162 | 7 | 12 | 150 | 7.06 |
| Business Statistics MGT-202 | 169 | 160 | 9 | 17 | 143 | 10.12 |
| Principle of Management MGT- 213 | 169 | 158 | 11 | 21 | 137 | 12.43 |
| Accounting for Financial Analysis MGT- 211 | 169 | 162 | 7 | 19 | 143 | 11.24 |

The minimum pass percentage is 10.12% and maximum pass percentage is 29.34% Average pass % is 19,73% which is very low level of achievement.

| Subject & Code | Academic Year: 2080 Faculty: Management Level: Bachelor (BBS) Year: Second | | | | | |
|---|---|---|---|---|---|---|
| | Total | Appeared in exam | Absent | Passed | Failed | Pass % |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| **Macro Economics MGT-209** | **121** | **121** | | **14** | **107** | **11.57** |
| **Cost & Mgmt. Account ACC-212** | **121** | **121** | | **35** | **86** | **28.93** |
| **OB & HRM MGT- 223** | **121** | **121** | | **39** | **82** | **32.23** |
| **Business Communication MGT-205** | **121** | **121** | | **63** | **58** | **52.07** |
| **Fundamentals of Financial Management FIN- 215** | **121** | **121** | | **47** | **75** | **38.02** |

The minimum pass % is 11.57% and maximum pass % is 52.07% and average pass % is 31.82% which is satisfactory level of achievement

| **Subject & Code** | **Academic Year: 2080 Faculty: Management Level: Bachelor (BBS) Year: Third** | | | | | |
|---|---|---|---|---|---|---|
| | **Total** | **Appeared in exam** | **Abs.** | **Passed** | **Failed** | **Pass %** |
| **Business Law MGT:204** | **92** | **89** | **3** | **49** | **40** | **53.26** |
| **Business Strategy & Environment MGT:217** | **92** | **84** | **9** | **33** | **51** | **35.86** |
| **Taxation in Nepal ACC: 224** | **92** | **80** | **12** | **30** | **50** | **32.60** |
| **Fundamentals of Marketing MKT-214** | **92** | **85** | **7** | **41** | **44** | **44.57** |
| **Fundamentals of financial systems FIN:226** | **92** | **83** | **9** | **45** | **38** | **48.91** |

**The minimum pass percentage is 32.6% and maximum pass percentage is48.91%. High level of fluctuation is in result. Average pass % of BBS 3rd year is40.755%. which is satisfactory level of achievement.**

| Subject & Code | Academic Year: 2080<br>Faculty: Management Level: Bachelor (BBS)<br>Year: Fourth | | | | | |
|---|---|---|---|---|---|---|
| | Total | Appeared in exam | Absent | Passed | Failed | Passed % |
| Entrepreneurship and Enterprise Development MGT-220 | 126 | 125 | 1 | 55 | 70 | 43.65 |
| Business Research Methods MGT-221 | 126 | 124 | 2 | 89 | 35 | 70.63 |
| Final Project MGT -401 | 126 | 115 | 11 | 115 | 0 | 91.26 |
| Fundamental of Corporate Finance FIN-250 | 68 | 67 | 1 | 48 | 19 | 70.58 |
| Fundamental of Investment FIN- 253 | 68 | 66 | 2 | 46 | 20 | 67.64 |
| Financial Institution Management (FIM)252 | 68 | 67 | 1 | 57 | 20 | 83.82 |
| Fundamental of Selling MKT - 250 | 58 | 56 | 2 | 38 | 18 | 65.31 |
| Fundamentals of Advertising MKT- 253 | 58 | 57 | 1 | 50 | 7 | 86.20 |
| Fundamentals of Services Marketing MKT- 254 | 58 | 56 | 2 | 38 | 18 | 65.51 |

**- Minimum pass percentage is 43.556% and maximum past percentage is91.26%. It suggests that project type of papers should be included in curriculum.**

**- Average pass % of BBS 4th year is 67.40%, Which is good level of achievement.**

| Subject and Code | Academic Year: 2080<br>Faculty: Management Level: Master (MBS)<br>Semester: Second | | | | | |
|---|---|---|---|---|---|---|
| | Total | Appeared in Exam | Abs. | Passed | Failed | Pass % |
| Financial Management FIN-510 | 22 | 13 | 9 | 11 | 2 | 50 |
| Human Resource Management MGT-513 | 22 | 13 | 9 | 11 | 2 | 50 |
| Production and Operation Mgmt. MSC-516 | 22 | 14 | 8 | 14 | 0 | 63.63 |
| Management Accountancy Acc-517 | 22 | 13 | 9 | 13 | 0 | 59.10 |
| Business Environment in Nepal MGT-518 | 22 | 12 | 10 | 12 | 0 | 54.54 |

**-The minimum pass percentage is 50% and maximum pass percentage is 63.63%**

**- Average pass % of MBSS second semester is 56.82%.Which is Good level of achievement.**

| **Subject and code** | **Academic year:2080 Faculty: Management Level: Master (MBS) Semester: Fourth** | | | | | |
|---|---|---|---|---|---|---|
| | **Total** | **Appeared in Exam** | **Absent** | **Passed** | **Failed** | **Pass %** |
| **Strategic Management MGT-523** | **31** | **31** | **0** | **31** | **0** | **100** |
| **Financial Markets and Institutions FIN-685** | **28** | **28** | **0** | **28** | **0** | **74.07** |
| **Investment Management FIN-689** | **28** | **26** | **2** | **26** | **9** | **92.85** |
| **Consumer Behavior MKT-685** | **3** | **3** | **9** | **3** | **0** | **100** |
| Service Marketing MKT-690 | **3** | **3** | **0** | **3** | **0** | **100** |

**-The minimum pass percentage is74.07% and maximum pass percentage is 100%.**

**- Average pass % of MBS 4th semester is 87 %. which is outstanding level of achievement.**

| Subject and code | Academic year:2080 Faculty: Management Level: Master (MBS) Semester: First | | | | | |
|---|---|---|---|---|---|---|
| | Total | Appeared in Exam | Absent | Passed | Failed | Pass % |
| Statistical Method-MSC 514 | 12 | 11 | 1 | 9 | 2 | 75 |
| Organizational Behavior-MGT515 | 12 | 10 | 2 | 10 | 0 | 100 |
| Managerial Communication-MGT 519 | 12 | 1o | 2 | 12 | 0 | 83.33 |
| Managerial Economic – ECO 512 | 12 | 12 | 0 | 9 | 3 | 75 |
| Marketing Management- MKT 511 | 12 | 10 | 2 | 10 | 0 | 83.33 |

**-The minimum pass percentage is 75% and maximum pass percentage is 100%**

**- Average pass % of MBS 1st semester is 87.50% which is excellent level of achievement.**

| Subject and code | Academic year: 2080 Faculty: Management Level: Master (MBS) Semester: Third | | | | | |
|---|---|---|---|---|---|---|
| | Total | Appeared in Exam | Absent | Passed | Failed | Pass % |
| ACC. For Financial management and Decision ACC-519 | 15 | 12 | 3 | 12 | 0 | 80 |
| Research Methodology-MSC 521 | 15 | 14 | 1 | 14 | 0 | 93.33 |
| International Business-MGT 522 | 15 | 13 | 2 | 12 | 1 | 86.66 |
| Corporate Finance-Fin. 618 | 15 | 14 | 1 | 11 | 2 | 73.33 |
| Entrepreneurship-MGT 524 | 15 | 14 | 1 | 12 | 2 | 80 |

**-The minimum pass percentage is 73.33% and maximum pass percentage is 93.33%.**

**- Average pass % of MBS 4th semester is 83.33%. Which is outstanding level of achievement.**

The result of BBA Programs is very good in each semester and MBS programs is also satisfactory but result of BBS is not satisfactory in first- and second-year students' third- and Fourth-year students' is good.

**Activities Performed by Department during 2081/082**

- Regular division of work load for each year and semester of BBS & MBS Program.
- All the faculties have developed and successfully implemented annual plan.
- Conduction of unit test and class test by all faculties.
- Suggest the list of basic books and reference books for procurement to library section.
- Conduction of guest lecture classes about banking, insurance and entrepreneurship classes for BBS & MBS

- Welcome and orientation programs organized for BBS first and MBS first semester student
- Management of departmental library for faculties.
- The use of ICT in each class room by faculties.
- Remedial class conducted for BBS Students.
- Orientation program organized for Securities market and insurance business.
- Result analysis for each year and semester students and discuss about improvement of results.
- Annual evaluation and feedback meeting organized.
- Educational and research tour organized 7 days for BBS 4th year student to the Kori Annapurna Base Camp (ABC) and BBS second years student to Kori Trek Kaski to study the potentiality of corolla boarder and other touristic destinations.
- Participating on the Campus Day programs by the faculties.
- Report writing Program organized for BBS 4th year students
- Educational Tour program by the BBA student to the Upper Mustang Corolla Boarder.
- Organization of Tug of War sports program between Employees and faculties on the campus annual day.
- Thesis and report writing program was conducted by management research committee.
- 15 days noncredit course for accounting and tax provided to BBS IV years student.
- Cyber Securities Program organized for BBS students with the support of District Police Office Baglung chapter.

**Weakness**

In order to achieve better result in our faculty, there are some weaknesses to be solved which are listed below.

- There is not sufficient interaction with parents about their children educational achievement
- Regularity of student's attendance
- Weak backgrounds of students

- Attractions of aboard study and employment
- Lack of professionalism
- Lack of regular on the job training to the faculties
- Poor number of faculties in education
- Low use of ICT in teaching learning activities and student doesn’t have access.
- Lack of evaluation system
- Lack of availability of books in time.
- Lack of practical knowledge to the students

**Suggestions to improve Quality Education**

- To increase participation of students in internal examination
- Regular interaction with their parents about students' activities in campus
- Organization of parents meeting twice a year
- Upgrade of existing faculties Internal contract to central contract)
- Appointment of few faculties in the department
- Procurement of books timely
- Training and career development programs organized for faculties regularly
- Motivational programs for faculties
- Management of departmental library
- Organized evaluation programs for better implementation
- Conduction of remedial class
- Provide noncredit for final year students of BBS and MBS
- Improve class room qualities (IT friendly)
- To make a master plan for long term planning
- Conduction of research-oriented teaching learning activities.

**Planning for the Year 2082**

| S.N. | Activities to be Performed | Date | Concerned Authority |
|---|---|---|---|
| 1 | Conduction of Welcome and Orientation Program | As per the campus calendar | Department |
| 2 | Division of Load | As per the campus notice published | All Members of Department |
| 3 | Preparation of Annual Plan | As per the campus notice published | All Members of Department |
| 4 | Preparation of Unit Plan | As per the campus notice published | All Members of Department |
| 5 | Class Resume | As per the campus notice published | DMC/Department |
| 6 | Departmental Meeting | Each Month at least one | Department |
| 7 | Extra/Co-curricular Activities | As per the campus calendar | Teachers/Students |
| 8 | Internal Exam conduction | As per the campus calendar | Department |
| 9 | Result Analysis and interaction with parents | As per the campus calendar | Department |
| 10 | Interaction Program Among the Faculty Members | At least one of the academic years | All Department |
| 11 | Visit Program: Faculties | One time of the Year | Members of Department |
| | Students | BBS IV, MBS IV, BBA III, VI, VIII | Students |

| | | | |
|---|---|---|---|
| 12 | Student Record Keeping | Each Year | Department |
| 13 | Conduction of Remedial Class | After the Result Published (Internal Exam) | Department |
| 14 | Library Management | Regularly | Department |
| 15 | Conduction of Practical Examination | As per the campus notice published | |
| 16 | Publication of Journal | Each Year | Department |
| 17 | Management of Computer, Printer and Internet Link to the Department | Up to Ashoj end 2080 | Campus and Department |
| 18 | Consultancy Service or Conduction of Research Related Activities | Regularly | Department |
| 19 | Recruitment Of Manpower/Teaching Staff | Up to this Academic Year | Campus/Department |
| 20 | Non-Credit course | During the year | Department |
| 21 | Seminar and workshop | At least two times | Department |
| 22 | Preparation of Annual Progress Report of the Department | At the End of the Academic Year | Department |
| 23 | Visiting to the Entrepreneur | Three times in the year | Department |
| 24 | Industrial Tour/ Research Tour | Every year | Department |

**Report of BBA program and Research management committee has been submitted separately.**

## समाजशास्त्र तथा मानवशास्त्र विभागको वार्षिक प्रगति प्रतिवेदन-२०८१/०८२ एवं २०८२/०८३ को कार्ययोजना

-विश्वबन्धु अधिकारी
-विभागीय प्रमुख

धवलागिरि बहुमुखी क्याम्पसको स्थापना वि.सं. २०१९ भाद्र २ गते धवलागिरि महेन्द्र इन्टर कलेजका नामबाट भएको हो । मानविकी सङ्कायका विषयहरूबाट रात्रिकालीन रूपमा कक्षा सञ्चालन गर्ने गरी स्थापना भएको यस क्याम्पसमा वि. सं. २०२३ जेष्ठ महिनादेखि प्रमाणपत्र तहको कक्षा सञ्चालन भएको देखिन्छ । यो क्याम्पस वि.सं. २०३० मा त्रिभुवन विश्वविद्यालयको आङ्गिक क्याम्पसका रूपमा परिणत भएको थियो । वि.सं. २०५३ देखि स्नातक तहमा समाजशास्त्र/मानवशास्त्रको पठनपाठन सुरू भएको थियो । २०५९ सालदेखि स्नातकोत्तर तहको पठनपाठनसँगै समाजशास्त्र/मानवशास्त्र विभागको स्थापना भएको हो । वि.सं. २०७५ देखि स्नातकोत्तर तहमा सेमेस्टर प्रणालीबाट कक्षा सञ्चालन हुँदै आइरहेको छ । यस विभागले विगतका वर्षमा जस्तै यस वर्ष पनि आफ्नो वार्षिक प्रगति प्रतिवेदन तयारीको कार्यलाई निरन्तरता दिएको छ । यस प्रतिवेदनको मुख्य उद्देश्य शैक्षिक सत्र २०८१/०८२ को समाजशास्त्र/मानवशास्त्र विषयको शैक्षिक उपलब्धि विश्लेषण गर्नु रहेको छ ।

### शैक्षिक सत्र २०८१/०८२ को समाजशास्त्र/मानवशास्त्र विषयको शैक्षिक उपलब्धिहरू

शैक्षिक सत्र २०८१/०८२ को शैक्षिक उपलब्धिलाई तपसिलबमोजिम प्रस्तुत गरिएको छः-

**स्नातकोत्तर तह**

| Subject & code | Result Description Details | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | Total | Appeared in exam | Absent | Passed | Failed | Passed % | Remarks |
| Sociology 591 | 15 | 14 | 1 | 14 | 0 | 100 | |
| Sociology 592 | 15 | 13 | 2 | 13 | 0 | 100 | |
| Sociology 599 | 15 | 11 | 4 | 11 | 0 | 100 | |

**Result Analysis Sheet-2081**
**IV Semester (2021/ 2078) Batch**

| Subject & code | Result Description Details | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | Total | Appeared in exam | Absent | Passed | Failed | Passed % | Remarks |
| Sociology 561 | 16 | 15 | 1 | 15 | 0 | 100 | |
| Sociology 562 | 16 | 16 | 0 | 14 | 2 | 87.5 | |
| Sociology 563 | 16 | 16 | 0 | 16 | 0 | 100 | |
| Sociology 564 | 16 | 16 | 0 | 16 | 0 | 100 | |
| Sociology 565 | 16 | 16 | 0 | 16 | 0 | 100 | |

**I Semester (2023/ 2079 BS) Batch**

**MA sociology III Semester (2021/ 2078 BS) Batch**

| Subject & code | Result Description Details | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | Total | Appeared in exam | Absent | Passed | Failed | Passed % | Remarks |
| Sociology 581 | 20 | 20 | 0 | 20 | 0 | 100 | |
| Sociology 582 | 20 | 20 | 1 | 19 | 1 | 95.0 | |
| Sociology 583 | 20 | 20 | 1 | 20 | 0 | 100 | |
| Sociology 586 | 20 | 20 | 0 | 20 | 0 | 100 | |
| Sociology 589 | 20 | 20 | 0 | 19 | 1 | 95.0 | |

**MA sociology II Semester (2023/ 2079 BS) Batch**

| Subject & code | Result Description Details | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | Total | Appeared in exam | Absent | Passed | Failed | Passed % | Remarks |
| Sociology 571 | 17 | 17 | 0 | 17 | 0 | 100 | |
| Sociology 572 | 17 | 17 | 0 | 16 | 1 | 94.11 | |
| Sociology 573 | 17 | 17 | 0 | 17 | 0 | 100 | |
| Sociology 574 | 17 | 17 | 0 | 17 | 0 | 100 | |
| Sociology 575 | 17 | 17 | 0 | 17 | 0 | 100 | |

स्नातक तह

**BA II Year sociology (2076 Batch)**

| Subject & code | Result Description Details | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | Total | Appeared in exam | Absent | Passed | Failed | Passed % | |
| So. 423 : Sociological Theories | 19 | 19 | 0 | 14 | 5 | 73.68 | |
| So. 424 : Research Methods in Sociology | 19 | 19 | 0 | 13 | 6 | 68.42 | |

**BA I Year sociology (2079/2022 Batch)**

| **Subject & code** | **Result Description Details** | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | **Total** | **Appeared in exam** | **Absent** | **Passed%** | **Failed %** | **Passed %** | |
| So. 421 : Introduction to Sociology | 32 | 28 | 4 | 27 | 1 | 96.42 | |
| So. 422 : Dynamics of Nepali Society | 32 | 27 | 5 | 26 | 1 | 96.29 | |

**BA IV Year sociology (2077/2020 Batch)**

| **Subject & code** | **Result Description Details** | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | **Total** | **Appeared in exam** | **Absent** | **Passed** | **Failed** | **Passed %** | **Highest Marks** |
| So. 426 Sociology of Development and Democracy | 14 | 14 | 0 | 14 | 0 | 100 | **74** |
| So. 427 : Academic Research and Writting | 14 | 14 | 0 | 14 | 0 | 100 | **71** |

**BA I Year sociology (2081/2024 Batch)**

| **Subject & code** | **Result Description Details** | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | **Total** | **Appeared in exam** | **Absent** | **Passed** | **Failed** | **Passed %** | |
| So. 421 : Introduction to Sociology | 12 | 11 | 1 | 9 | 2 | 81.81 | |
| So. 422 : Dynamics of Nepali Society | 12 | 9 | 3 | 9 | 0 | 100 | |

## विभागको बैठक

मिति २०८१ साउनदेखि २०८२ आषाढ मसान्तसम्ममा विभागका दैनिक कार्यसञ्चालन, पठनपाठन लगायत विविध गतिविधिहरूको बारेमा आवश्यक छलफलसहित निर्णयका लागि जम्मा १६ वटा बैठक बसेको थियो ।

**जर्नल प्रकाशन**

यस विभागबाट सन् २००५ देखि नियमित वार्षिक अंकका रूपमा प्रकाशन हुँदै आएको धौलागिरि जर्नल अफ सोसीयोलजी एण्ड एन्थ्रोपोलोजीको शुरू अंकको प्रकाशन भएदेखि नै लोकप्रियता बढ्दै गएकाले लेखक तथा पाठकहरूको रूची र मागलाई मध्यनजर गर्दै सन् २०२४ देखि यस जर्नलको (वार्षिक) दुईवटा अंक प्रकाशन गर्ने भन्ने सरोकार पक्षबिच भएको सहमति एवं निर्णयअनुसार यस जर्नलको अठारौँ अंक -१ (V0l. XVIII /Issue 1 -2024) यही २०८१ असारमा अनलाइन तथा छायाप्रति (Hardcopy) प्रकाशन भैसकेको छ भने यसै जर्नलको अंक २ (Issue 2) अनलाइन प्रकाशन भएको छ । साथै यसको उन्नाइसौँ अंक-१ (V0l. XIX / Issue 1- 2025) अनलाइन प्रकाशन भैसकेको छ ।

**अनुसन्धान प्रतिवेदन प्रकाशन**

त्रि वि मानविकी संकाय, समाजशास्त्र विषय अन्तर्गत स्नातकोत्तर तह (MA) दास्रो सेमेस्टर (२०८०/ 2023 समूह) का विद्यार्थीहरूलाई विषयगत अध्ययनको प्रयोजनार्थ स्थलगत अध्ययन /अनुसन्धानमुलक कार्यका लागि यस विभागको संयोजन एवं विभागिय प्रमुख विश्वबन्धु अधिकारी, विभागिय सदस्यहरू डा. प्रकाश प्रसाद सापकोटा, सरोजराज पन्तको संरक्षकत्वमा मिति २०८१ आश्विन १७ देखि १९ गतेसम्म (३ दिन) बागलुङ जिल्ला बागलुङ नगरपालिका वडा नं १० अन्तरगर्त भकुण्डे गाँउको ग्रामिण पर्यटन (होमस्टे), सामाजिक-सांस्कृतिक, आर्थिक अवस्था तथा स्थानिय उत्पादन एवं स्रोत साधनको परिचालनसम्बन्धी स्थलगत अध्ययन अनुसंधान कार्य सम्पन्न भएको र सो कार्यको प्रतिवेदन प्रकाशनको तयारीमा रहेको छ ।

**शोधकार्य सम्पन्न विवरण**

शैक्षिक सत्र २०८१।०८२ मा स्नातकोत्तर तहको सेमेस्टर प्रणाली अन्तरगर्त १ जना विद्यार्थीले शोधकार्य सम्पन्न गरी यस विभागमा बुझाएका छन भने १ जना विद्यार्थीको मौखिक परीक्षा (Viva-Voce) सम्पन्न भएको छ ।

**विभागीय सदस्यहरूको विवरण**

| क्र.स. | नाम थर | पद | शैक्षिक योग्यता |
|---|---|---|---|
| १ | उप प्रा. विश्ववन्धु अधिकारी | विभागीय प्रमुख | एम.ए. (समाजशास्त्र) |
| २ | डा. प्रकाश प्रसाद सापकोटा | विभागीय सदस्य | पि.एच.डी. (मानवशास्त्र) |
| ३ | सरोजराज पन्त | विभागीय सदस्य | एम.फिल. (समाजशास्त्र) |
| ४ | डा. देव बहादुर क्षेत्री | विषय शिक्षक | पि. एच.डी. (गणीत) |

**स्मृति कोष स्थापनाः प्रोफेसर डा. ग्रेगरी जी मस्कारिनेक** (16 May,1951 AD- 16June, 2022 AD) **स्मृति कोष (२०८१**/ 2025 )

यस क्याम्पसको समाजशास्त्र/मानवशास्त्र विभागबाट सन् २००५ देखि सन् २०२३ सम्म नियमित रूपमा वार्षिक अंक र सन् २०२४ देखि वार्षिक २ वटा अंक (Online/ Hardcopy) प्रकाशन हुदैं आएको Dhawalagiri Journal and Sociology and Anthropology को दसौं अंक (X-2016) देखि ३ सदस्यीय International Advisory Board को व्यवस्था गरियो जसमा एक जना Prof. Dr. Gregory G. Maskarinec ( University of Hawaii - USA) पनि हुन् । उनले यस जर्नलको सो पदमा रहुन्जेल गरेको योगदान र सहयोगको उच्च मूल्याङ्कन गर्दै सन् २०२३ मा उनको स्मृतिमा विषेश अंक प्रकाशन भएको छ । यस जर्नलको निरन्तरता गुणस्तरियता, विश्वसनियता एवम् थप अध्ययन अनुसन्धान कार्यका लागि **रू ४,०५,५५५।- (अक्षरूपी चार लाख पाँच हजार पाँच सय पचपन्न मात्र)** मूल रकम रहने गरी यो स्मृति कोष स्थापना गर्ने निणर्य गरिएको छ । यसको सञ्चालन र व्यवस्थापन क्याम्पस प्रशासन, यस विभाग र सरोकार पक्षहरूबिचको आपसी सहमती र समन्वयमा प्रचलित कानुन एवम् कार्यविधीको अधिनमा रही गरिनेछ ।

**सवल पक्षहरू**

शैक्षिक सत्र २०८१।०८२ को समाजशास्त्र/ मानवशास्त्र विभागको शैक्षिक उपलब्धि तपशील बमोजिम रहेको छ । स्नातक र स्नातकोत्तर तहका केही विषयको शैक्षिक उपलब्धि सतप्रतिशत रहेको छ ।

**समस्या र चुनौतीहरू**

अपेक्षित शैक्षिक उपलब्धि हासिल गर्न नसक्नुमा तपशिल बमोजिमका समस्या र चुनौतीहरू रहेको देखिन्छ :

- त्रि. वि. ले नियमित रूपमा विज्ञापन नगर्दा दक्ष जनशक्तिको अभाव भै पठनपाठन कार्य प्रभावकारिता नहुनु,
- मानविकी संकायमा घटदो बिद्यार्थी संख्या,
- विभिन्न कारणले विद्यार्थी कक्षामा नियमित नहुनु,
- विद्यार्थीहरूको कमजोर शैक्षिक धरातल,
- बैदेशिक रोजगारको बढ्दो आकर्षण,
- शिक्षकहरूलाई आवश्यक शैक्षिक सामग्री को अभाव हुनु,
- शैक्षिक सामाग्रीको प्रयोगमा प्रभावकारिता नदेखिनु,
- शिक्षकहरूमा तालिम तथा प्रशिक्षणको अभाव हुनु,
- शिक्षक तथा विद्यार्थीहरूलाई अध्ययन अनुसन्धान, अवलोकन भ्रमण गराउने नितिगत व्यवस्था नहुनु,
- उपलब्धिको समीक्षा गर्ने परिपाटी नियमित हुन नसक्नु,
- दक्ष जनशक्तिको सिमितता, शैक्षिक जनशक्ति अन्यत्र सरूवा हुनु तथा विदामा बस्नु ,
- पाठ्यसामाग्रीहरू समयमा उपलब्ध नहुनु,
- विषयगत विशेषज्ञ सेवाका लागि विविध कठिनाई हुनु ।

**सुधारका पक्षहरु**

यस क्याम्पसले विश्वविद्यालय अनुदान आयोग (UGC) बाट QAA प्राप्त गरिसकेको परिप्रेक्ष्यमा अपेक्षित शैक्षिक उपलब्धिका लागि निम्न पक्षहरूमा सुधार गर्नुपर्ने देखिन्छ :

- पाठ्यक्रम , पाठ्यपुस्तक र पाठ्यसामाग्रीहरू समयमा नै उपलब्ध हुनुपर्ने,
- शिक्षकका लागि आवश्यक सीप विकास तथा प्रोत्साहनका कार्यक्रमहरू व्यवस्था गर्नुपर्ने,
- विभागमा जर्नल, पुस्तक तथा अध्ययनकालागि भौतिक सामग्रीको थप व्यवस्था हुनुपर्ने,
- उत्कृष्ट परीक्षा नतिजा र थप अध्ययन अनुसन्धान गर्न शैक्षिक जनशक्तिको व्यवस्था गर्नुपर्ने ।
- थप व्यवस्थापन नगरीकन विद्यमान जनशक्तिको अन्यत्र सरूवा हुने परिपाटिलाई रोक्नुपर्ने,

- सिमित स्रोत साधनका वाबजुद पनि गत शैक्षिक सत्रहरूमा प्राप्त उत्कृष्ट परीक्षा नतिजा, प्राज्ञिक अध्ययन, अनुसन्धानमुलक शैक्षिक उपलब्धिहरूलाई समीक्षा गरी थप प्रभावकारी र गुणस्तरीयताकालागि विभागलाई प्रोत्साहित गर्नुपर्ने,
- शैक्षिक उपलब्धिमा सुधार गर्न सबै कक्षा कोठालाई प्रविधिमैत्री बनाउनुपर्ने,
- मानविकी संकायमा घटदो बिद्यार्थीसंख्याको समस्या समाधान गर्न बिहानी कक्षाको व्यबस्था गर्नुपर्ने आदि ।
- स्नातकोत्तर तहमा ८५ प्रतिशत र स्नातक तहमा ५० प्रतिशत भन्दा माथि नतिजा आएको देखिन्छ ।

**निस्कर्ष**

अन्तमा, मानविकी संकाय अन्तरगर्तका विषयहरूको विश्लेषण गर्दा समाजशास्त्र विषयमा उत्तिर्ण प्रतिशत र प्राप्ताकं उत्कृष्ट देखिन्छ । सिमित जनशक्तीले अत्याधिक पाठ्यभार लिनुपर्ने, शोधकार्य, स्थलगत अध्ययन अनुसन्धान कार्य, जर्नल तथा प्रतिवेदन प्रकाशन लगायत विभागको दैनिक प्रशासनिक कार्य संचालन र व्यवस्थापन गर्नुपर्ने बाध्यात्मक विद्यमान अवस्थामा माथि उल्लेखीत शैक्षिक उपलब्धि हासिल हुनु अत्यन्त सवल पक्ष मान्न सकिन्छ ।

**आगामी वर्षका लागि प्रस्तावित कार्ययोजना**

धवलागिरि बहुमुखी क्याम्पसले विश्वविद्यालय अनुदान आयोग (UGC) बाट QAA प्राप्त गरिसकेको परिप्रेक्ष्यमा क्याम्पसले तय गरेको आदर्श वाक्य, दुरदृष्टि, ध्येय तथा लक्ष्य परिपूर्ति गर्न एवं विभागका अपेक्षित शैक्षिक उपलब्धिका लागि यस समाजशास्त्र/मानवशास्त्र विभागले आगामी आर्थिक वर्षका लागि निम्न कार्यक्रमहरू प्रस्ताव गरेको छ ।

२०८२/०८३ को वार्षिक कार्य योजना

| क्र.सं. | कार्य/कियाकलाप | मिति/ समय | लक्षित समुह/ सरोकार पक्ष |
|---|---|---|---|
| १. | गत शैक्षिक सत्रको समीक्षा, नतिजा विश्लेषण | श्रावण पहिलो हप्ता | विभाग, क्याम्पस, बिद्यार्थी, अनुसन्धानकर्ताहरू |
| २. | धवलागिरि जर्नल अफ सोसियोलोजी एण्ड एन्थ्रोपोलोजी प्रकाशनमा सहज बनाउन कोष स्थापना गर्ने | क्याम्पस प्रशासन संग समन्वय गर्ने | विभाग, क्याम्पस, बिद्यार्थी, अनुसन्धानकर्ताहरू |
| ३. | स्नातकोत्तर तहका बिद्यार्थीलाई अभिमुखीकरण कार्यक्रम | नयाँ भर्नापश्चात | स्नातकोत्तर तहमा नयाँ भर्ना भएका बिद्यार्थीहरू |
| ४. | स्नातक तह प्रथम बर्षका बिद्यार्थीलाई स्थलगत अध्ययन अनुसन्धानमा लैजाने | कात्तिक/मंसिर | स्नातक तह प्रथम बर्षका बिद्यार्थीहरू |
| ५. | स्नातक तह द्धितीय बर्षका बिद्यार्थीलाई स्थलगत अध्ययन अनुसन्धानमा लैजाने | मंसिर अन्तिम साताभित्र | स्नातक तह द्धितीय बर्षका बिद्यार्थीहरू |

| | | | |
|---|---|---|---|
| ६. | स्नातक प्रथम तहका बिद्यार्थीलाई अभिमुखी कार्यक्रम | मंसिर पहिलो हप्ताभित्र | स्नातक तहमा नयाँ भर्ना भएका बिद्यार्थीहरू |
| ७. | धवलागिरि जर्नल अफ सोसियोलोजी एण्ड एन्थ्रोपोलोजी अंक १९ को दोस्रो अंक प्रकाशन गर्ने | पुस | बिद्यार्थी, अनुसन्धानकर्ताहरू |
| ८. | स्नातक तह तृतीय बर्षका बिद्यार्थीलाई स्थलगत अध्ययन अनुसन्धानमा लैजाने | पुस पहिलो हप्ता | स्नातक तह तृतीय बर्षका बिद्यार्थीहरू |
| ९. | हरेक महिना विभागीय बैठक बस्ने, शिक्षण, सिकाई, आन्तरिक परिक्षा, अध्ययन अनुसन्धान, नतिजा विश्लेषण र समीक्षा गर्ने | अन्तिम बिहिबार | विद्यार्थी, शिक्षक, क्याम्पस, समुदाय |
| १०. | स्नातकोत्तर तह चौथो सेमेष्टरमा अध्ययनरत बिद्यार्थीलाई शोधपत्र अभिमुखी कार्यक्रम | फागुन | स्नातकोत्तर तह चौथो सेमेष्टरमा अध्ययनरत बिद्यार्थीहरू |
| ११. | शिक्षकको लागि तालिम, सेमिनार गोष्ठि | निरन्तर | विद्यार्थी, शिक्षक, क्याम्पस, समुदाय |
| १२ | स्नातकोत्तर तहमा अध्ययनरत बिद्यार्थीहरूलाई स्थलगत अध्ययन अनुसन्धानमा लैजाने | फागुन र चैत्र | स्नातकोत्तर तहका बिद्यार्थीहरू, समाज, शिक्षक, क्याम्पस |
| १३ | मानविकी संकायमा घटदो बिद्यार्थीसंख्याको समस्या समाधान गर्ने | निरन्तर | मानविकी संकाय एवम समाजशास्त्र बिषय अध्ययन गराउने बिद्यालय र बिद्यार्थी, समाज |
| १४ | थप गुणत्तरीयताका लागि मानविकी संकाय एवम समाजशास्त्र विषयको उपादेयताका लागि गोष्ठी, सेमिनार संचालन गर्ने | मंसिर | मानविकी संकाय एवम समाजशास्त्र बिषयका शिक्षक, विद्यार्थीहरू, समाज, क्याम्पस तथा यस क्षेत्रका शैक्षिक धरोहरहरू |

पुनश्च : उल्लिखित कार्यक्रम सञ्चालन गरी विभागलाई व्यवस्थित गर्न आवश्यक पर्ने आर्थिक स्रोत क्याम्पस प्रशासननसँग समन्वय गरी अगाडि बढाइने छ । माथि उल्लेखित कार्यक्रमहरूको उद्धेश्यसँग मिल्नेगरी यस क्याम्पसका विभिन्न संकाय, विभाग, संस्थान वा RMC ले कुनै कार्यक्रम सञ्चालन गरेमा पुनः सोसँग नदोहोरिने गरी अन्य बाँकी कार्यका लागि सरोकार पक्षहरूसँग समन्वय गर्दा समय हेरफेर हुन सक्नेछ ।

# शिक्षाशास्त्र विभागको शैक्षिक प्रगति विवरण तथा भावि कार्यक्रम २०८२
# (शैक्षिक सत्र २०८१।०८२

–उपप्रा. कुलप्रसाद अधिकारी
विभागीय प्रमुख, शिक्षा

**परिचय**

धवलागिरि क्षेत्रको शैक्षिक गन्तव्य तत्कालीन महेन्द्र बहुमुखी क्याम्पस र हालको धवलागिरि बहुमुखी क्याम्पस बागलुङको स्थापना वि. सं. २०१९ मा धवलागिरि इन्टर कलेजको नामबाट भएको थियो । यस क्याम्पसले विभिन्न आरोह र अवरोह पार गर्दै विश्वविद्यालय अनुदान आयोगबाट २०८१ असार १२ गते QAA प्रमाणपत्र प्राप्त गरेको छ । यस क्याम्पसमा २०५३ मा ३ वर्षीय बि.एड. र २०६१ बाट १ वर्षीय बि.एड.का कक्षाहरु सञ्चालनमा आएका थिए भने वि. सं. २०६६ बाट बाट एम.एड.मा नेपाली शिक्षा र पाठ्यक्रम तथा मूल्याङ्कन विषयका कक्षाहरू र २०७९ बाट अंग्रेजी शिक्षासमेत थप गरी शिक्षाशास्त्र संकायतर्फ तीनवटा विषयमा स्नातकोत्तर तह सञ्चालन भएको छ । साथै २०७१ बाट चार वर्षे बि.एड. कार्यक्रम सञ्चालन हुदै आएको छ । जसको परिणामस्वरूप शैक्षिक र प्रशासनिक क्षेत्रका लागि आवश्यक पर्ने जनशक्ति उत्पादनमा समेत, सहयोग पुगिरहेको छ ।

**विभागको वर्तमान अवस्था**

धवलागिरि बहुमुखी क्याम्पसमा वि. सं. २०५३ मा शिक्षाशास्त्र सङ्कायको स्थापनासँगै शिक्षा शिक्षण विभाग सञ्चालन हुँदै आएको छ । शिक्षाशास्त्रका मुख्य मुख्य विषयहरूको अध्ययन अध्यापनमा निरन्तर लाग्दै शिक्षा सम्बन्धी आवश्यक ज्ञान प्रदान गराउन जुटिरहेको यस शिक्षाशास्त्र संकायमा २०८०।०८१ मा स्नातक र स्नातकोत्तर तहका सबै विषय गरी करिब ५५० विद्यार्थीहरू अध्ययन गरिरहेका छन् । यस विभागमा हाल ७ स्थायी र ६ अस्थायी गरी १३ जना प्राध्यापकहरू कार्यरत हुनुहुन्छ ।

**प्राध्यापकहरूको विवरण**

| क्र.सं. | नाम, थर | पद | जिम्मेवारी | विषय |
|---|---|---|---|---|
| १ | डा. रामप्रसाद उपाध्याय | प्रा. | विभागीय सदस्य | इतिहास शिक्षा |
| २ | डा. दिनबहादुर थापा | प्रा. | विभागीय सदस्य | नेपाली |
| ३ | डा. आनन्दराज सिलवाल | उप-प्रा | विभागिय प्रमुख | नेपाली |
| ४ | वलराम शर्मा | उप-प्रा | विभागीय सदस्य | अंग्रेजी शिक्षा |
| ५ | कुलप्रसाद अधिकारी | उप-प्रा | विभागीय प्रमुख | गणित शिक्षा |
| ६ | शिवप्रसाद पौडेल | उप-प्रा | शिक्षण अभ्यास प्रमुख | पाठ्यक्रम तथा मूल्याङ्कन |
| ७ | दिपेन्द्र न्यौपाने | उप.प्रा | विभागीय सदस्य | अंग्रेजी शिक्षा |

| | | | | |
|---|---|---|---|---|
| ८ | डा. देवबहादुर क्षेत्री | शिक्षण सहायक | विभागीय सदस्य | गणित शिक्षा |
| ९ | सरस्वती शर्मा | शिक्षण सहायक | विभागीय सदस्य | स्वास्थ्य शिक्षा |
| १० | केदारनाथ शर्मा | शिक्षण सहायक | विभागीय सदस्य | स्वास्थ्य तथा शारिरिक शिक्षा |
| ११ | बालकृष्ण शर्मा | कोर्स करार | विभागीय सदस्य | अंग्रेजी शिक्षा |
| १२ | हंस बहादुर सार्की | कोर्स करार | विभागीय सदस्य | पाठ्यक्रम तथा मुल्यांन |
| १३ | यामप्रसाद शर्मा | कोर्स करार | विभागीय सदस्य | स्वास्थ्य शिक्षा |

## विभागबाट शैक्षिक सत्र २०८१ मा सञ्चालन भएका कार्यक्रमहरु

**शिक्षा** विभागबाट गत शैक्षिक सत्रमा सञ्चालन गरिएका कार्यक्रमको विवरण देहायअनुसार रहेको छ :-

- २०८१ असोज १० गते शिक्षा विभागको संयोजन र Momentum Private Health Care Delivery Nepal को प्राविधिक सहयोगमा किशोर किशोरी, युवा अवस्था र परिवार नियोजनका साधन तथा उचित प्रयोगसम्बन्धी कार्यक्रम बी.एड. तेस्रो वर्षका विद्यार्थीलाई केन्द्रित गरी सम्पन्न,
- २०८१ मङ्सिर १० गतेबाट शिक्षा विभागको समन्वय र गण्डकी प्रदेश सरकार सामाजिक विकास युवा तथा खेलकुद मन्त्रालय व्यावसायिक तथा सीप विकास तालिम केन्द्र कुस्मा पर्वतको आयोजनामा १०८ कार्य दिन (१९० घण्टा) को मन्टेस्वरी तालिम सञ्चालन,

**विभागबाट गरिने नियमित क्रियाकलापहरू**

- वार्षिक कार्ययोजना, एकाइ योजना र ब्याख्यान टिपोटका आधारमा प्रत्येक विषय शिक्षकबाट शिक्षण कार्य सञ्चालन,
- शिक्षण क्रियाकलापका साथमा विद्यार्थीहरूलाई प्रोत्साहन, स्यावासीसहित सकारात्मक पुनर्वल प्रदान
- प्रयोगात्मक विषयको व्यवस्थापन र मुल्याङ्कन,
- शिक्षण अभ्यास, शोधपत्र लेखनका लागी अभिमुखीकरण, आन्तरिक सुपरिवेक्षण तथा मुल्याङ्कन,
- विद्यार्थीहरू बिच छलफल अन्तरक्रिया र समस्या समाधानका लागी सुझाव प्रस्तुत,
- नियमित कक्षा संचानलन, अनुगमन तथा परिक्षा तयारी र सञ्चालन,
- आन्तरिक तथा बाह्यपरीक्षाको नतिजा विश्लेषण,
- आन्तरिक परीक्षाको मुल्याङ्कन पश्चात विद्यार्थीलाइ पृष्ठपोषण प्रदान,

- विषयगत रूपमा विद्यार्थीहरूको अपेक्षाहरू बुझ्ने र शिक्षकहरूलाई उपयुक्त रणनीति लिन सुझाव प्रदान,
- नियमित रूपमा विभागीय बैठक सञ्चालन,
- स्नातका तहको हरेक वर्ष र स्नातकोत्तर तहका सबै सत्रको सुरूवातमा विभागीय सदस्यहरू बीच बैठक र छलफल गरी पाठ्यभार वितरण,
- हरेक शैक्षिक सत्रको सुरूमा स्नातक प्रथम वर्ष तथा स्नातकोत्तर तह प्रथम सत्रमा विषयको उपयोगिता तथा संकायको उद्देश्य सम्बन्धी विद्यार्थीहरूलाई अभिमुखीकरण सञ्चालन,
- प्रत्येक वर्ष तथा कोर्ष परिवर्तन पश्चात पाठ्यपुस्तक तथा सन्दर्भ पुस्तक पहिचान गरी माग फारम भरेर क्याम्पस प्रशासनमा खरिदका लागि अनुरोध सहित निवेदन पेस,
- उपचारात्मक शिक्षणका लागि सूचना प्रकाशन र कक्षा सञ्चालन,
- .विद्यार्थीको सर्वाङ्गीण विकासका लागि सह–क्रियाकलाप र अतिरिक्त क्रियाकलाप सञ्चालन ।

**विभागमा देखिएका चुनौतीहरू**

- शैक्षिक सत्रको शुरूमा विद्यार्थी भर्ना भएता पनि सबै विद्याथी कक्षा कोठामा नियमित उपस्थित हुन
नसक्नु,
- शिक्षा व्यावसायिक नहुँदा र वैदेशिक रोजगारीको बढ्दो आकर्षणका कारण विद्यार्थीले भर्ना भएको तह पूरा नगरी बिचैमा पढाइ छाड्ने प्रवृति उच्च,
- क्याम्पसले सञ्चालन गरेको आन्तरिक परिक्षामा संपूर्ण विद्यार्थी उपस्थित नहुनु,
- छात्रवृति पाएका विद्यार्थीहरूले समेत पढाइमा लगनशिल नहुनु तथा विचैमा पढाइ छोड्नु,
- क्याम्पसमा भर्ना हुने तर नियमित नहुने विद्यार्थीहरूलाइ नियमित हुने वातावरण सृजना गर्न नसक्नु,
- कक्षा कोठाको अभावले गर्दा विद्यार्थीहरूलाई उनीहरूले चाहेको सिफ्टमा कक्षा सञ्चालन गर्न नसक्नु,
- शिक्षणमा शैक्षिक सामग्री र प्रविधिको प्रयोग अपेक्षा भन्दा कम हुनु,
- विद्यार्थीका प्रवेश व्यावहार कमजोर र पढाइप्रति जागरूकताको कमी,
- शिक्षाशास्त्र संकायका शिक्षक तथा विद्यार्थीलाई अध्ययन अवलोकन भ्रमण गराउने नीतिगत व्यवस्था
नहुनु,
- सिमित शैक्षिक जनशक्तिबाट विभाग सञ्चालन गर्नुपर्ने बाध्यता,
- शिक्षकलाई तालिम तथा प्रशिक्षणको पर्याप्त अवसर सृजना गर्न नसकिनु,
- विभागीय सदस्यहरूलाई अनुसन्धान तथा प्राज्ञिक लेखनमा अग्रसर गराउन नसकिनु,

**समाधानका उपायहरू**

- विद्यार्थी तथा अभिभावकसँगको परामर्शलाई प्रभावकारी ढङ्गबाट सञ्चालन गर्नुपर्ने,
- व्यवसायमुलक एवं रोजगारमुखी विषय थप गर्नुपर्ने,
- समय सापेक्ष प्राविधिक तथा आइ.सी.टी.का कक्षाहरू सञ्चालन गर्नुपर्ने,
- निरन्तर मूल्याङ्कन गरी पृष्ठपोषण प्रदानगर्ने कार्यलाई प्रभावकारी तरीकाबाट सञ्चालन गर्नुपर्ने,
- विद्यार्थीहरूको प्रोफाइल तयारी गरी नियमित र अनियमित विद्यार्थीहरू छुट्टाई आवश्यक परामर्श र सुझाव दिनुपर्ने,
- भौतिक पूर्वाधार तयार गरि वि.एड.का. सम्पूर्ण कक्षाहरू विहानी सत्रमा सञ्चालन गर्नुपर्ने,
- यथा सम्भव एकाइ, पाठशीर्षक र पाठ्यवस्तुहरूलाई नेपाली/अंग्रेजी दुबै माध्यममा प्रस्तुत गरी शिक्षण गर्नुपर्ने,
- विभिन्न विषयहरूमा आवस्यक शैक्षिक जनशक्तिको व्यवस्था गर्न पहल गर्नुपर्ने ।
- QAA लाई संस्थागत गर्न QAA प्राप्त अन्य शैक्षिक संस्थाको अवलोकन भ्रमण गराई सिकाइको रूपान्तरण गर्ने अभ्यास गर्नु पर्ने ।

भावि कार्यक्रम

- शैक्षिक गुणस्तर वृद्धिका लागि प्राध्यापकहरूसँग छलफल गरी प्राध्यापकहरूका लागी पुनर्ताजगी तालीमको आयोजना गर्ने,
- विद्यार्थीहरूको नेतृत्व तथा व्यक्तित्व विकासका लागी आवश्यक तालीम सञ्चालन गर्ने,
- शिक्षाशास्त्र संकायमा अध्ययन पश्चात त्यसको उदेश्य,क्षेत्र र दायरासम्बन्धी जानकारी गराउने,
- विभिन्न तहका विद्यार्थीहरूलाई अभिमुखीकरण कार्यक्रम सञ्चालन गर्ने,
- विद्यार्थीको माग भएमा शिक्षाशास्त्र संकायमा बि.आई.सी.टी.ई. र विज्ञान शिक्षा (Education Science in B.Ed) का कक्षाहरू सञ्चालन गर्ने,
- प्राध्यापकहरूलाई लधु अनुसन्धान तथा कार्यमुलक अनुसन्धान गर्न लगाई शैक्षिक गुणस्तर अभिवृद्धिमा जोड दिइने,
- विभागलाई उच्च प्रविधियुक्तका स्रोतसाधन सहित व्यवस्थित गर्ने,
- विद्यार्थीको हाजीरीलाई त्रि.वि. नियमका आधारमा अधिकतम बनाउन पहल गर्ने,
- आन्तरिक परीक्षामा सम्पुर्ण विद्यार्थी सामेल हुने वातावरण निर्माणकालागि पहल गर्ने,
- शैक्षिक सत्रको सुरूमा विद्यार्थीलाई विषयगत तथा संकायको जानकारीका लागि अभिमुखीकरण तथा शिक्षण विधि र प्रक्रियाका सम्बन्धमा जानकारी दिने कार्यक्रम सञ्चालन गर्ने,
- सवै विषय र कक्षामा विद्यार्थीहरूको हाजीरी अनिवार्य गराउने व्यवस्था गर्ने,
- विभागबाट अनुसन्धानमूलक पत्रिका निकाल्ने कार्यको थालनी हुन नसकेकोमा त्यसको पहल गर्ने,

- बि.एड र एम.एडमा अहिले सञ्चालन भएका विषयवाहेक आवश्यकताअनुसार अन्य विषयको समेत कक्षा सञ्चालन गर्ने,
- कम हाजीरी तथा आन्तरिक परीक्षामा समावेश नहुने विद्यार्थीलाई परामर्श गरी उनीहरूको सक्रियता बढाउन पहल गर्ने,

**संकायका सबल पक्षहरू**

- प्रर्याप्त विद्यार्थी सङ्ख्या रहनु,
- समय सार्न्दभिक कक्षा कोठा व्यवस्थापन हुनु,
- चार वर्षे बिएडमा धेरै मात्रामा ऐच्छिक विषयहरूको पठनपाठन सञ्चालन हुनु,
- स्नातकोत्तर तहमा पाठ्यक्रम तथा मूल्याङ्कन,नेपाली शिक्षा र अंग्रेजी शिक्षा विषयमा अन्य क्याम्पसको तुलनामा यथेष्ट विद्यार्थी हुनु,
- स्वच्छ र शान्त शैक्षिक वातावरण,
- नियमित पठन पाठन भइ समयमा पाठ्यभार पुरा हुनु,

**संकायका कमजोर पक्षहरू**

- विभागमा यथेष्ट जनशक्ति भएपनि सो जनशक्तिलाई अधिकतम उपयोग गर्न नसक्नु साथै आवश्यक विषयगत जनशक्तिको अभाव रहनु,
- प्राज्ञिक लेखन संस्कारलाई व्यवस्थित गर्न नसक्नु,
- व्यवस्थित तरिकाबाट परीक्षाफलको विश्लेषण गर्न नसक्नु,
- पेशागत दक्षता विकासका लागि ठोस काम गर्न नसकिएको साथै कार्यमुलक अनुसन्धान व्यवस्थित तरिकाबाट गर्न नसिकएको,
- विभागमा प्रयाप्त खेलकुद सामग्री र कम्प्युटरको व्यवस्था नहुनु,
- विषयगत दरबन्दीका शिक्षकको कमी,
- शिक्षणमा प्रविधिको प्रयोग कम हुनु,
- शिक्षण सुधार योजना निर्माण र कार्यान्वयन प्रभावकारी नहुनु,
- निर्माणात्मक र निदानात्मक परीक्षालाई प्रभावकरी तरिकाले सञ्चालन गर्न नसक्नु,
- शिक्षाशास्त्र संकायमा अध्ययापन गर्ने सम्पूर्ण शिक्षकहरू एम. एड. तथा एम. ए./बि.एड नहुनु ।

**सुधार गर्नुपर्ने पक्षहरू**

- उच्च तहको अध्ययन र शोधमुलक अनुसन्धानतर्फ प्राध्यापकहरूलाई आकर्षित गर्नुपर्ने,
- प्राध्यापकहरूलाई सूचना प्रणाली र प्रविधिसँग जोडिन प्रेरित गरी तालीम सञ्चालन गर्नुपर्ने,
- विभागमा यथेष्ट कम्प्युटरसहित कर्मचारीको व्यवस्था गर्नुपर्ने,
- यथेष्ट विषयहरूको पठाई सञ्चालन भए तापनि विद्यार्थीको जग कमजोर भएका कारण अपेक्षित शैक्षिक उपलब्धिको लागि पहल गर्नुपर्ने,
- भौतिक संरचना निर्माण गरी बि.एड.का सम्पूर्ण कक्षाहरू बिहानी सत्रमा सञ्चालन गर्नुपर्ने,
- पठनपाठनमा विद्यार्थीको सक्रिय नियमित सहभागिता, सिकाइ गुणस्तर र सिकाइ उपलब्धि वृद्धि गर्न विद्यार्थीसँग अन्तर्क्रिया र अभिभावसँग संवाद बढाउनुपर्ने,

- विद्यार्थीको सिकाइ उपलब्धिमा वृद्धि गर्न योजना निर्माण र कार्यान्वयन, विद्यार्थी अभिभावक सचेतना तथा प्राध्यापक विद्यार्थी प्रोत्साहनका कार्यक्रम सञ्चालन गर्नुपर्ने,

शैक्षिक सत्रः २०८०/०८१ को विषयगत रूपमा उपलब्धि तालिका निम्नानुसार प्रस्तुत गरिएको छ:

**B.Ed Ist year (2080)**

| Subject | Code No. | Passed | Failed | Absent | Pass % |
|---|---|---|---|---|---|
| Foundation of Education | Ed 412 | 33 | 69 | 2 | 32.2 |
| Foundation of Health Education (Major) | Hp.Ed 416 | 4 | 5 | - | 44.44 |
| Foundation of Physical Education | Hp.Ed 417 | 6 | - | 3 | 100 |
| Foundation of Health Education [Minor] | HPEd 418 | 64 | 24 | 3 | 72.72 |

**B.Ed Ist year (2081)**

| Subject | Code No. | Pass | Fail | Absent | Pass % |
|---|---|---|---|---|---|
| 1.Foundation of Education | Ed 412 | 52 | 39 | 2 | 57.14 |
| 2. Foundation of Health Education (Major) | Hp.Ed 416 | 5 | - | - | 100 |
| 3.Foundation of Physical Education | Hp.Ed 417 | 5 | - | - | 100 |
| 4. Foundation of Health Education [Minor] | HPEd 418 | 61 | 23 | 1 | 72.61 |

**B.Ed Second Year [2080]**

| Subject | Code No. | Pass | Fail | Absent | Pass % |
|---|---|---|---|---|---|
| Educational Psychology | Ed 421 | 37 | 53 | 4 | 41.11 |
| Fundamental of Public Health | Hp.Ed 422 | 6 | - | 1 | 100 |
| Management and Supervision of Health & Physical Education | Hp.Ed.423 | 7 | - | - | 100 |
| Sports Science & Games | Hp.Ed.424 | 5 | - | 2 | 100 |
| Fundamental of Public Health (Minor) | Hp.Ed.428 | 51 | 7 | 4 | 87.93 |
| Management & Supervision of Health and Phy. Ed. | Hp.Ed 429 | 42 | 16 | 4 | 72.41 |

**B.Ed Second Year [2081]**

| Subject | Code No. | Passed | Failed | Absent | Pass% |
|---|---|---|---|---|---|
| Educational Psychology | Ed 421 | 43 | 31 | 2 | 58.10 |
| Fundamental of Public Health | Hp.Ed 422 | 6 | - | 1 | 100 |
| Management and Supervision of Health & Physical Education | Hp.Ed.423 | 4 | 2 | 1 | 66.66 |
| Sports Science & Games | Hp.Ed.424 | 5 | - | 2 | 100 |
| Fundamental of Public Health (Minor) | Hp.Ed.428 | 57 | 33 | 1 | 63.33 |
| Management & Supervision of Health and Phy. Ed. | Hp.Ed 429 | 45 | 15 | 1 | 75 |

**B.Ed third Year [2080]**

| Subjct | Code. No. | Pass | Fail | Absent | Pass % |
|---|---|---|---|---|---|
| Curriculum and Evaluation | Ed.431 | 72 | 22 | 5 | 76.59 |
| Methods of Teaching Health | Hp.Ed 432 | 10 | 1 | 1 | 90.09 |
| Environment of Health and Health Promotion | Ed 433 | 10 | 1 | 1 | 90.09 |
| Basic Research and Project meet in Health and Physical Ed. | HEd 434 | 10 | - | 1 | 100 |
| Teaching Health Education Minor | H Ed 438 | 49 | 8 | 8 | 85.96 |

**B.Ed Fourth Year [2081]**

| Subject | Code No. | Pass | Failed | Absent | Pass % |
|---|---|---|---|---|---|
| Classroom Instruction | Ed. 442 | 53 | 33 | 2 | 61.62 |
| School Health Programme and community Health survey (Major) | Hp.Ed 445 | 5 | 0 | 1 | 100 |
| Sports training in Physical Education | Hp.Ed. 446 | 5 | 0 | 1 | 100 |
| School Health Programme and community Health survey (Minor) | Hp.Ed. 449 | 51 | 7 | 2 | 87.93 |
| Teaching Practice | HP.Ed. 440 | 6 | 6 | | 100 |

**M.Ed Ist semester [2081)**

| Subject | Code No. | Pass | Fail | Absent | Pass % |
|---|---|---|---|---|---|
| Foundation of Education | Ed.511 | 33 | 3 | 3 | 91.66 |
| Advanced Educational Psychology | Ed 513 | 24 | 13 | 1 | 64.86 |
| Foundation of Curriculum | CE.Ed.515 | 13 | 3 | 3 | 81.25 |
| Programme Evaluation | Ce.Ed. 516 | 10 | 5 | 4 | 66.66 |
| Psychological testing | Ce Ed.517 | 11 | 5 | 3 | 68.75 |
| Curriculum for diversity in Education | Ce Ed.518 | 16 | 1 | 2 | 94.11 |

**M.Ed 2nd semester [2081]**

| Subject | Code No. | Pass | Fail | Absent | Pass % |
|---|---|---|---|---|---|
| Curriculum Practice | Ed.521 | 19 | 6 | 5 | 76 |
| Education and Development | Ed 522 | 29 | 2 | - | 93.54 |
| Curriculum Theory | CE.Ed.525 | 12 | | - | 100 |
| Test Theory | CE.Ed 526 | 8 | - | 5 | 100 |
| Test Development | CE.Ed.527 | 12 | 0 | 1 | 100 |
| Curriculum Evaluation and Research | CE.Ed.528 | 9 | - | 4 | 100 |

**M.Ed 2nd semester [2082]**

| Subject | Code No. | Pass | Fail | Absent | Pass % |
|---|---|---|---|---|---|
| Curriculum Practice | Ed.521 | 24 | 5 | 5 | 82.75 |
| Education and Development | Ed 522 | 15 | 14 | 5 | 51.72 |
| Curriculum Theory | CE.Ed. 525 | 13 | 1 | 2 | 92.85 |
| Test Theory | CE.Ed 526 | 4 | 8 | 3 | 33.33 |
| Test Development | CE.Ed.527 | 15 | 0 | 1 | 100 |
| Curriculum Evaluation and Research | CE.Ed.528 | 15 | - | 1 | 100 |

**M.Ed 3rd semester [2081]**

| Subject | Code No. | Pass | Fail | Absent | Passed % |
|---|---|---|---|---|---|
| Research Methodology | Ed. 532 | 12 | 14 | 3 | 46.15 |
| Educational Measurement & Evaluation | Ed 533 | 22 | 6 | 3 | 78.5 |
| Classroom Instruction | CE.Ed 535 | 11 | - | 2 | 100 |
| Project on Program and curriculum evaluation | CE.Ed 537 | 11 | 0 | 2 | 100 |
| Application of statistics in education | CE.Ed.538 | 9 | 2 | 2 | 81.81 |
| Emerging perspective in Curriculum | CE.Ed.539 | 11 | - | 2 | 100 |

**M.Ed 4th semester [2080)**

| Subject | Code No. | Pass | Fail | Absent | Pass % |
|---|---|---|---|---|---|
| Contemporary Educational issues | Ed.545 | 5 | 2 | 2 | 71.42 |
| Qualitative Research | CE.Ed 545 | 5 | 0 | 1 | 100 |
| Teaching Practice | Ed. 542 | 6 | 6 | - | 100 |

निष्कर्ष

समग्रमा परीक्षाफलको विश्लेषण गर्दा B.Ed I year 2080 को Foundation of Education (Ed 412) र M.Ed 2nd semester [2082] को Test Theory (Ce.Ed 526) मा 32.25% र 33.33% बाहेक अन्य विषयहरूको नतिजा सन्तोषजनक देखिन्छ । वि.एड. र एम.एडका अनिवार्य विषयको नतिजामा सुधार गर्नु पर्ने देखिन्छ जसका लागि एम. एड मा अंग्रेजी माध्यममा सोधिने प्रश्नलाई विद्यार्थीले बुझ्ने स्थिति सिर्जना गर्दै शिक्षण सिकाइ क्रियाकलापसँगै कक्षाकोठाबाट सुरुवात गर्नु पर्ने हुन्छ ।

## Planning for the Year 2082/083 (Department of Education, DMC Baglung

| S.N. | Activities to be Performed | Date | Remarks |
|---|---|---|---|
| 1. | Welcome and Orientation Program | According to the campus calendar | Welcome & orientation for student of B.Ed. first year and M.Ed 1st Semester |
| 2. | Orientation of teaching Practice | According to working Schedule for teaching practice | English, mathematics, Nepali, Economics, Health & physical education |
| 3. | Load Division | After published the campus notice | During the time of session start |
| 4. | Use of AI in teaching learning process | Within the academic year 2082 | |
| 5. | Appreciation program | Within academic year 2082 | Token of love |
| 6. | Preparation of Annual Plan | Within one week, effective date of campus conduction routine | According to format of OTP preparation committee |
| 7. | Preparation of Unit Plan | After load division Within one week of effective date of campus class schedule | According to format of OTP preparation committee |
| 8. | Class Resume | According to the notice published by campus | According to the Campus Academic Calendar |
| 9. | Departmental Meeting | At least one of Each Month | As per the Requirements |

| | | | |
|---|---|---|---|
| 10. | Extra/Co-curricular Activities | According to the campus Academic Calendar | As per the Requirements |
| 11. | Leadership , personality development or Life philosophy training | According to department notice | focus on interested teachers & students |
| 12. | Training of pedagogy & andragogy | As per date fixed by Department & campus administration | Coordination of Edu . Department & campus administration |
| 13. | Internal Exam conduction | According to the campus calendar | Coordination with Exam Section, DMC, Baglung |
| 14. | Result Analysis & feedback | According to the campus calendar | After Result Published of internal & final exam of each year |
| 15. | Interaction Program Among the Faculty Members | At least one times entire the academic year | Coordination with Campus |
| 16. | Visit Program on QAA certified and well-equipped ICT used college | One time of the Year | For Refreshment Research & transformative learning |
| 17. | Student Record Keeping | Each Year | Coordination with Campus Administration |
| 18. | Conduction of Remedial Class | After the Result Published (Internal Exam) | After the Result Published of Each terminal exam |
| 19. | Purchasing Text book & reference books for Library Management | Regularly | Coordination with Campus Administration and Library Section |
| 20. | Conduction of Practical Examination | According the department notice published | As per the Campus Calendar after complete the theoretical exam |
| 21. | Publication of Journal | On trying | Annual Publication |
| 22. | Management of well-equipped Computer, Printer and Internet Link to the Department | Within academic year of 2082 | |
| 23. | Consultancy Service or Conduction of Research Related Activities | Regularly | Coordination with other Faculties |
| 24. | Recruitment of At Least One Manpower/Teaching Staff of Curriculum | Up to this Academic Year | For M.Ed. semester program |
| 25. | Management of at least one non-teaching staffs | Within academic year 2082 | For all program of education |
| 26. | Preparation of Annual Progress Report of the Department | At the End of the Academic Year | Submission to the Campus at the end of Each Academic Year |

Furthermore, the programme mentioned above will be conducted by Department of Education in coordination and financial support of Dhaulagiri Multiple Campus Baglung.

# अर्थशास्त्र विभागको वार्षिक प्रगति प्रतिवेदन-२०८१/०८२ तथा शैक्षिक सत्र २०८२/०८३ का लागि प्रस्तावित कार्यक्रमहरू

-विभागीय प्रमुख
उपप्रा. दिपकप्रसाद शर्मा कँडेल

**परिचय**

धवलागिरि बहुमुखी क्याम्पस (धबक्या) नेपालको सबैभन्दा पुरानो विश्वविद्यालय त्रिभुवन विश्वविद्यालय अन्तर्गतको एउटा आङ्गिक क्याम्पस हो । यसको स्थापना वि. सं. २०१९ भाद्र २ गते धवलागिरि महेन्द्र इन्टर कलेजको नामबाट भएको हो । क्याम्पस स्थापना भएको ६३ वर्ष भइसकेको छ । मानविकी संकायका विषयहरूबाट रात्रिकालीन रूपमा कक्षा सञ्चालन गर्ने गरी स्थापना भएको यस क्याम्पसमा वि. सं. २०२३ जेष्ठ महिनादेखि प्रमाणपत्र तहको कक्षा सञ्चालन भएको देखिन्छ । यो क्याम्पस वि. स. २०३० मा त्रिभुवन विश्वविद्यालयको आंगिक क्याम्पसका रूपमा परिणत भएको थियो । वि. सं. २०३४ साल देखि यस क्याम्पसमा मानविकी संकायमा स्नातक तहको पढाइ सञ्चालन भएको देखिन्छ । हाल यस क्याम्पसमा विभिन्न विषयमा स्नातक तहदेखि स्नातकोत्तरसम्मको पठनपाठन हुने गरे तापनि अर्थशास्त्र विषयमा भने स्नातक तहसम्मका मात्र कक्षाहरू सञ्चालन हुँदै आएका छन् ।

शैक्षिक सत्र २०८१/०८२ को अर्थशास्त्र विभागको वार्षिक प्रगति विवरण र २०८०/०८१ को अर्थशास्त्र विषयको शैक्षिक उपलब्धि के कस्तो रहेको छ सोको खोजी गर्नु तथा शैक्षिक सत्र २०८२/०८३ का लागि विभागले सम्पादन गर्नुपर्ने प्रस्तावित कार्यक्रमहरू तय गर्नु यस प्रतिवेदनको उद्देश्य रहेको छ ।

**शैक्षिक सत्र २०८१/०८२ मा भएका विभागीय बैठकहरू**

शैक्षिक सत्र २०८१/०८२ को अवधि वि. सं. २०८१ श्रावण एकदेखि २०८२ असार मसान्तसम्ममा अर्थशास्त्र विभागले ८ वटा विभागीय बैठकहरू सम्पन्न गरेको छ । यस बाहेक अनौपचारिक रूपमा समेत विभागीय बैठकहरू सम्पन्न भएका छन् ।

**जनशक्तिको अवस्था**

यस विभागमा हाल ५ जना शैक्षिक जनशक्ति मात्र कार्यरत छन् । यसमध्ये चारजना स्थायी र एक जना आंशिक जनशक्ति रहेको छ । यस विभागअन्तर्गत कार्यरत जनशक्तिलाई तपसिलमा उल्लेख गरिएको छ :

**जनशक्ति विवरण**

| क्र.स. | नाम | पद | जिम्मेवारी |
|---|---|---|---|
| १ | दिपक प्रसाद शर्मा कर्डेल | उप प्राध्यापक | विभागीय प्रमुख |
| २ | डा. सुदर्शन सिलवाल | सहप्राध्यापक | विभागीय सदस्य |
| ३ | हिरालाल रेग्मी | उप प्राध्यापक | विभागीय सदस्य |
| ४ | भक्तिराम न्यौपाने | उप प्राध्यापक | विभागीय सदस्य |
| ५ | नेत्रराज सिलवाल | आंशिक शिक्षक | विभागीय सदस्य |

स्रोत : विभागको आन्तरिक अभिलेख, २०८२ ।

**विभागबाट सम्पादन गरिएका नियमित क्रियाकलापहरू**

अर्थशास्त्र विभागले नियमित रूपमा सम्पादन गर्दै आएका क्रियाकलापहरू तपसिल बमोजिम रहेका छन् :

- नियमित रूपमा विभागीय बैठक (आठवटा बैठक) सम्पन्न भएको,
- शैक्षिक सत्र २०८१/०८२ का लागि विभागका सदस्यहरूले नियमित तथा अतिरिक्त रूपमा लिनुपर्ने वार्षिक पाठ्यभार वितरण गरिएको, आ–आफनो विषयसँग सम्बन्धित वार्षिक कार्ययोजना, एकाई योजना तथ टिपोट तयार गरी धवक्याको शैक्षिक प्रशासनमा पेश गरिएको र सोही अनुसार कार्यान्वयनमा लगिएको,
- विभागीय सदस्यहरू बीच शैक्षिक सत्रको सुरूवातमा हरेक विषय र पत्रको अघिल्लो शैक्षिक सत्रमा भोगेका र प्राप्त गरेका शैक्षिक क्रियाकलाप सम्बन्धी अनुभवहरू साटसाट गर्ने गराउने गरेको,
- सबै तहको आन्तरिक परीक्षा संचालन गर्न सहजीकरण गरिएको,
- विभागकै अग्रसरतामा Environmental Awareness and Solid Waste Management Program at DMC, Baglung शीर्षकको प्रस्ताव तयार गरी UNCON, USA, Nepal मा पेश गरेको कार्यक्रम तोकिएको समयमा सम्पन्न गर्न सहजीकरण गरेको,
- हरेक शैक्षिक सत्रको सुरूमा अर्थशास्त्र विषयको उपयोगिता तथा संकायको उद्देश्य सम्बन्धी विद्यार्थीहरूलाई अभिमुखीकरण सञ्चालन गर्ने गराउने,
- शिक्षण क्रियाकलापका साथमा विद्यार्थीहरूलाई अनौपचारिक रूपमा भएपनि प्रोत्साहन, स्यावासी सहित सकरात्मक पुनर्वल प्रदान गर्ने गरेको,
- विद्यार्थीहरू बिच छलफल अन्तरक्रिया र समस्या समधानका लागि सुझाव संकलन गर्ने कार्य भएको,

- नियमित कक्षा संचालन, अनुगमन तथा परीक्षा तयारी र संचालन गरिएको,
- प्रयोगात्मक विषयको व्यवस्थापन र मुल्यांकन गरिएको,
- अभ्यास शिक्षणका लागि अभिमुखीकरण, आन्तरिक सुपरिवेक्षण तथा मुल्याlन गर्ने गरिएको,
- आन्तरिक तथा बाह्य परीक्षाको नतिजा विश्लेषण गरिएको तथा आन्तरिक परीक्षाको नतिजा विश्लेषणपश्चात विद्यार्थीलाइ पृष्ठपोषण प्रदान गरिएको,
- विद्यार्थीहरूको मागका आधारमा कमजोर विद्यार्थीहरूका लागि अतिरिक्त कक्षा सञ्चालन गर्ने परिपाटिको थालनि गरिएको,
- विषयगत रूपमा विद्यार्थीहरूको अपेक्षाहरू बुझ्ने र शिक्षकहरूलाई उपयुक्त रणनीति लिन सुझाव प्रदान गरिएको,
- प्रत्येक वर्ष तथा कोर्ष परिवर्तनपश्चात् पाठ्यपुस्तक तथा सन्दर्भ पुस्तक पहिचान गरी माग फरम भरेर क्याम्पस प्रशासनमा खरिदका लागि अनुरोध सहित निवेदन पेस र कार्यान्वयनमा लगिएको,
- अर्थशास्त्र विभागअन्तरगत भएका प्रत्येक अघिल्ला बैठकहरूको समीक्षा र विभागीय सदस्यहरूबाट सुझाव संकलन गर्ने गरिएको,
- आगामी शैक्षिक सत्रका लागि विभागीय कार्ययोजना निर्माण र क्याम्पस प्रशासनमा त्यसको प्रस्तुतीकरण,
- विभागीय सदस्यहरूले स्थानीय तह तथा अन्य संघसंस्थाहरूमा विषय विशेषज्ञ मागका आधारमा विशेषज्ञता प्रदान गरेको,
- अनुसन्धान व्यवस्थापन समितिको Dhawalagiri Journal of Contemporary Issues, Vol. 2 को जर्नल प्रकाशनमा सक्रिय भूमिका निर्वाह गरेको
- विभागीय सदस्यहरूलाई विभिन्न शिर्षकमा लघु अनुसन्धान गर्न तथा अनुसन्धानमूलक लेख रचनाहरू प्रकाशित गर्न उत्प्रेरित गरेको आदि ।

**विभागबाट शैक्षिक सत्र २०८१/०८२ का लागि वितरण गरिएको पाठ्याभार**

यस विभागअन्तरगत शैक्षिक सत्र २०८१/०८२ का लागि विभागीय सदस्यहरूलाई पूर्णकालीन शिक्षकको हकमा कम्तिमा पाँच पिरिएड र आंशिक शिक्षकहरूको हकमा कम्तिमा एक पिरिएड हुने गरी वितरण गरिएको थियो ।

**विभागमा देखिएका चुनौतिहरू**

- विद्यार्थीहरू अर्थशास्त्र विषयमा भर्ना भए तापनि भर्ना भएका सबै विद्यार्थीहरूलाई कक्षा कोठामा नियमित रूपमा उपस्थित गराउन तथा आन्तरिक परीक्षामा सबैलाई उपस्थित गराउन नसकिएको,

- शिक्षा व्यावसायिक भएन भन्ने जनगुनासो सुनिएको र वैदेशिक रोजगारीको बढ्दो आकर्षणका कारण विद्यार्थीले भर्ना भएको तर तह पूरा नगरी विचैमा पढाइ छाडने गरेको,
- क्याम्पसबाट छात्रवृति पाएका विद्यार्थीहरूले समेत पढाइमा नियमितता नभइ विचैमा पढाइ छोड्ने गरेको,
- क्याम्पसमा भर्ना भएका तर नियमित नहुने विद्यार्थीहरूलाइ नियमित हुने वातावरण सृजना गर्न नसकिएको,
- विद्यार्थीका प्रवेशको आधार कमजोर भएकाले पढाइप्रति जागरूकताको अभाव देखिएको,
- शिक्षक तथा विद्यार्थीलाई अध्ययन अवलोकन भ्रमण गराउने नीतिगत व्यवस्था नहुनु,
- सिमित शैक्षिक जनशक्तिबाट विभाग सञ्चालन गर्नु पर्ने बाध्यता भएको,
- शिक्षकलाई तालिम तथा प्रशिक्षणको प्रयाप्त अवशर सृजना गर्न नसकिएको,
- विद्यार्थीका अविभावकहरूसँगको सम्पर्कलाई प्रभावकारी बनाउन नसकिएको आदि ।

**शैक्षिक सत्र २०८०/०८१ को अर्थशास्त्र विषयको शैक्षिक उपलब्धिहरू**

शैक्षिक सत्र २०८०/०८१ **को** अर्थशास्त्र विषयको शैक्षिक उपलब्धिहरूलाई तपशिलको तालिकामा उल्लेख गरिएको छ :

**शैक्षिक सत्र २०८०/०८१ को अर्थशास्त्र विषयको शैक्षिक उपलब्धिहरू**

| Subjects & Code | Academic Year: 2080<br>Faculty: All, Level : Bachelor/Master | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | Total | Appeared in exam | Absent | Passed | Failed | Passed % | Level |
| Eco 421: Micro Economics (Th) | 3 | 2 | 1 | 1 | 1 | 50.0 | BA I |
| Eco 422: Mathematics And Statistics for Economics (Th) | 3 | 2 | 1 | 1 | 1 | 50.0 | BA I |
| Eco 424: Dev. Eco., Plan. & the Eco. Of Nep (Theory) | 2 | 2 | 0 | 1 | 1 | 50.0 | BA II |
| Eco 423: Macro Economics (Theory) | 2 | 2 | 0 | 1 | 1 | 50.0 | BA II |
| Public Finance (425) | | | | | | | BA iii |
| Economic Analysis (418) | 6 | 5 | 1 | 2 | 3 | 40.0 | Bed I |
| Economics Analysis (416) | 8 | 8 | 0 | 2 | 6 | 25.0 | Bed I |
| Quantitative Techni.(417) | 8 | 7 | 1 | 5 | 21 | 62.50 | Bed I |
| Nepalese Economy (428, minor) | 2 | 2 | 1 | 1 | 1 | 50.0 | Bed II |
| Economics of Development & Planning (429, minor) | 2 | 2 | 0 | 1 | 1 | 50.0 | Bed II |
| Nepalese Economy (422) | 10 | 10 | 0 | 8 | 20 | 80.0 | Bed II |
| Economics of Development & Planning Eco (423) | 10 | 10 | 0 | 5 | 5 | 50 | Bed II |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| Economics of Education (424) | **10** | **10** | **0** | **5** | **5** | **50** | **Bed II** |
| Methods of Teaching Economics (439) | | | | | | | **Bed III** |
| Methods of Teaching Economics (432) | | | | | | | **Bed III** |
| Government finance and financial system (433) | | | | | | | **Bed III** |
| International Economics (434) | | | | | | | **Bed III** |
| Managerial Economics and Research in Economics Education (445) | | | | | | | **Bed IV** |
| Teaching Practice (440) | | | | | | | **Bed IV** |
| Population Economics (446) | | | | | | | **Bed IV** |
| Population Economics (449) | | | | | | | **Bed IV** |
| Managerial Economics (512)-2081 | **37** | **30** | **7** | **25** | **5** | **83.33** | **MBS I** |
| Managerial Economics (512)-2081 | **16** | **16** | **0** | **10** | **6** | **62.5** | **MBS I** |
| Micro Economics for Business (203)-2080 | **32** | **32** | **0** | **25** | **7** | **3.82** | **BBA I** |
| Micro Economics for Business (203)-2081 | | | | | | | |
| Macro Economics (204) | **19** | **19** | **0** | **17** | **2** | **89.47** | **BBA II** |
| Micro Economics (207)-2080 | **170** | **162** | **8** | **12** | **150** | **7.06** | **BBS I** |
| Macro Economics (206)-2080 | **121** | **121** | **0** | **14** | **107** | **11.57** | **BBS II** |

स्रोत : धवक्या, परीक्षा शाखा, २०८२ । नोट : सफ्टवेयरमा समावेश भएको डाटालाई आधार मानि यो प्रतिवेदन तयार गरिएकाले यसमा सबै परीक्षाका परिणाम समावेश गर्न सकिएको छैन् ।

**सवल पक्षहरू**

शैक्षिक सत्र २०८०/०८२ को अर्थशास्त्र विषयको शैक्षिक उपलब्धि तपशिल बमोजिम रहेको देखिन्छ ।

- मानविकितर्फ २०८० को प्रथम र दोस्रो वर्षको अर्थशास्त्र विषयको उत्तीर्ण प्रतिशत करीव ५५ देखि ६६ प्रतिशतसम्म रहेको,
- शिक्षाशास्त्र संकायतर्फ २०८० को प्रथम वर्ष र दोस्रो वर्षको अर्थशास्त्र विषयको वार्षिक परीक्षा नतिजा क्रमशः करीव ५० प्रतिशतदेखि ८० प्रतिशतसम्म देखिएको तर गत वर्षको तुलनामा प्रथम वर्षको परीक्षा नतिजा सन्तोषप्रद नदेखिएको,
- एमबिएस प्रथम सेमेष्टरमा अधिक्तम ८३.३३ प्रतिशत, विविए प्रथम सेमेष्टरमा अधिक्तम ६२.५ प्रतिशत र विविए दोस्रो सेमेष्टरमा ८९.४७ प्रतिशत उपलब्धि देखिएको,

- शैक्षिक सत्र २०८०/०८१ मा व्यवस्थापन संकाय अन्तरगत विविए र एमविएसमा शैक्षिक उपलब्धि उत्कृष्ठ देखिएतापनि विविएस प्रथमतर्फ शैक्षिक उपलब्धि सन्तोषजनक हुन नसकेको देखिन्छ ।

समग्रमा, सबै संकायतर्फको अर्थशास्त्र विषयको विद्यार्थी उत्तीण प्रतिशत हेर्दा बिबिए दोस्रो सेमेष्टर, एमविएस प्रथम सेमेष्टर, विए दोस्रो वर्ष र विएड दोस्रो वर्षको उपलब्धि सबैभन्दा राम्रो रहेको देखिन्छ । विविए र एमविएस तहमा नियमित कक्षामा उपस्थित हुने विद्यार्थीहरू लगभग सतप्रतिशत नै उत्तीण भएका छन् । तसर्थ, उल्लिखित शैक्षिक सत्रमा अर्थशास्त्र विषयको शैक्षिक उपलब्धि (विविएस प्रथम र दोस्रो वर्ष बाहेक) राम्रो नै देखिन्छ, जसलाई उल्लेखित तथ्यले पनि पुष्टि गर्दछ । एउटै शिक्षकले पढाउँदा कुनै संकायमा सतप्रतिशत उत्तीर्ण प्रतिशत देखिनु र कहि यस्तो अवस्था आउनुको कारणमा उल्लेखित शैक्षिक सत्रमा उक्त पत्रमा विद्यार्थीहरू कक्षामा नियमित रूपमा उपस्थिथिति हुन नसक्नु र क्याम्पसले सञ्चालन गरेको आन्तरिक परीक्षाप्रति उदासिन देखिनु नै प्रमुख रहेको समीक्षा गरिएको छ । आन्तरिक परीक्षामा विद्यार्थीको उपस्थितिलाई अनिवार्य गराउनु पर्ने र कमजोर विद्यार्थीहरूका लागि उपचारात्मक कक्षाको अविलम्व व्यवस्था गर्नु आवश्यक छ ।

**कमजोरी पक्षहरू**

कक्षामा विद्यार्थीहरू नियमित रूपमा उपस्थित नहुनु, विद्यार्थीहरूको धरातल कमजोर हुनु, बैदेशिक रोजगारको बढ्दो आकर्षण,

- उपलब्धिको समीक्षा गर्ने परिपाटि नियमित नहुनु,
- देखासिकि प्रभाव,
- शिक्षालाई व्यवशायिक बनाउन नसक्नु,
- शिक्षकहरूमा जागिरे मानसिकता बढि हुनु,
- शिक्षण सिकाई प्रक्रियामा प्रविधिको प्रयोग भएपनि विद्यार्थिको पहुँचमा नहुनु,
- शिक्षण गर्दा शैक्षिक सामग्रीको प्रयोगमा प्रभावकारिता नदेखिनु,
- शिक्षकहरूमा तालिम तथा प्रशिक्षणको अभाव हुनु,
- शिक्षक तथा विद्यार्थीहरूलाई अध्ययन अवलोकन भ्रमण गराउने नितिगत व्यवस्था नहुनु,
- दक्ष जनशक्तिको अभाव हुनु,
- पाठ्यक्रम तथा पाठ्यपुस्तकको समयमा उपलब्धता भएपनि विद्यार्थीहरूमा अध्ययन गर्ने बानीको विकास नहुनु,
- काममा सक्रियता देखाउने र काम प्रति उदासिन र गैह्र जिम्वेवारी हुनेलाई हेर्ने दृष्टिकोणमा समान हुनु,
- सिमित शैक्षिक नजशक्ति हुनु आदि ।

**सुधार गर्नुपर्ने पक्षहरू**

- अर्थशास्त्र विषयमा न्युनतम दुईजना जनशक्तिको व्यवस्थापन गर्नुपर्ने र विद्यार्थीहरूलाई विषयको प्रकृतिका आधारमा अनुसन्धानमूलक कार्यमा सरिक गराउनु पर्ने,
- पाठ्यक्रम तथा सोसंग सम्बन्धित पाठ्यपुस्तक समयमा नै उपलब्ध हुनु पर्ने र शिक्षकका लागि सीप विकास तथा प्रोत्साहनका कार्यक्रमहरू आयोजना गर्नु पर्ने,
- विभाग र विभागको पुस्तकालयलाई थप व्यवस्थित गर्नुपर्ने,
- शैक्षिक जनशक्तिको थप व्यवस्थापन नगरीकन विद्यमान जनशक्तिको अन्यत्र सरूवा हुने परिपाटिलाई रोक्नुपर्ने,
- गत शैक्षिक सत्रमा प्राप्त भएका शैक्षिक उपलब्धिहरूलाई समीक्षा गर्ने परिपाटिलाई थप प्रभावकारी बनाउनु पर्ने,
- आवश्यकताका आधारमा वैयक्तिक भिन्नतामा आधारीत कक्षाहरू समेत अनिवार्य रूपमा सञ्चालन गर्न शिक्षकहरूलाई थप प्रोत्साहित गर्नुपर्ने,
- शैक्षिक उपलब्धिमा सुधार गर्न सबै कक्षा कोठालाई प्रविधिमैत्री बनाउनु पर्ने तथा सम्भव भएसम्म स्मार्टबोडको व्यवस्था गर्नुपर्ने,
- भौतिक निर्माणको सन्दर्भमा क्याम्पसको गुरू योजना बनाई अगाडि बढ्नु पर्ने,
- शैक्षिक उपलब्धिमा वृद्धि गर्न र शैक्षिक गुणस्तर कायम गर्न ननक्रेडिटकोर्षको पाठ्यक्रम तयार गरी अविलम्ब कार्यान्वयनमा लैजानुपर्ने र विद्यार्थी तथा अभिभावकसँगको परामर्शलाई प्रभावकारी ढंगवाट संचालन गर्नुपर्ने,
- निरन्तर मूल्यांकन गरी पृष्ठपोषण र सुझाव संकलन गर्नुपर्ने तथा विद्यार्थीहरूको प्रोफाइल तयारी गरी नियमित र अनियमित विद्यार्थीहरू छुट्टाइ आवश्यक परामर्श र सुझाव दिनु पर्ने,
- QAA प्राप्त शैक्षिक संस्थाको अतिरिक्त प्रविधिको उच्चतम प्रयोग गरेका शैक्षिक संस्थाहरूको
  अवलोकन भ्रमण गराइ सिकाइको स्थानान्तरण गर्नुपर्ने,
- क्याम्पसले लिने आन्तरिक परीक्षामा विद्यार्थीलाई अनिवार्य उपस्थित गराउनु पर्ने र उपस्थित हुन नसक्ने विद्यार्थीहरूलाई एक पटकका लागि वार्षिक परीक्षा दिन नपाउने समेत व्यवस्था गर्ने आदि ।

**आगामी वर्ष ०८२/०८३ का लागि नीति तथा कार्यक्रमहरू**

- मागका आधारमा कमजोर विद्यार्थीहरूका लागि अतिरिक्त कक्षाहरू संचालन गरिनेछ ।
- प्राध्यापकहरूलाई लधु अनुसन्धान तथा कार्यमुलक अनुसन्धान गर्न लगाई शैक्षिक गुणस्तर अभिवृद्धिमा जोड दिइने छ ।
- अर्थशास्त्र विभागको लाइब्रेरिलाई व्यवस्थित गरीनेछ ।
- विद्यार्थीहरूको नेतृत्व तथा व्यक्तित्व विकासका लागि मागका आधारमा आवश्यक तालीम संचालन गरिनेछ ।
- अर्थशास्त्र विषयको ननक्रेडिट कोर्ष डिजाइन गरी सोहीअनुसार पठनपाठन गरिने छ ।
- विभन्न विभागहरूको समन्वय तथा अर्थशास्त्र विभागको आयोजनामा शैक्षिक गुणस्तर वृद्धिसँग सम्बन्धित  पुनर्ताजकी तालीमको सञ्चालन गरीने छ ।
- अर्थशास्त्र विषयको अध्ययन पश्चात त्यसको उदेश्य, क्षेत्र र दायरा सम्बन्धी जानकारी गराउन विभिन्न तहका विद्यार्थीहरूलाई अँभिमुखिकरण कार्यक्रम संचालन गरिने छ ।
- आन्तरिक परीक्षामा यथासम्भव सम्पुर्ण विद्यार्थीहरू सामेल हुने वातावरण निर्माण गरिने छ ।
- शैक्षिक सत्रको सुरूमा विद्यार्थीलाई विषयगत तथा संकायको जानकारीका लागि अभिमुखीकरण तथा शिक्षण विधि र प्रक्रियाका सम्बन्धमा जानकारी दिने कार्यक्रम सञ्चालन गरिनेछ ।
- कक्षामा विद्यार्थीहरूको हाजीरी अनिवार्य गराउने व्यवस्था गरिनेछ ।
- विभागका विभागीय सदस्यहरूलाई डिओआई भएको जर्नलमा अनुसन्धानमूलक लेख प्रकाशित गर्न उत्प्रेरित   गरिनेछ ।
- आन्तरिक परीक्षामा समावेश नहुने विद्यार्थीहरूलाई आवश्यक परामर्श गरी उनीहरूको सहभागिता बढाउन पहल गरिनेछ ।
- विभागीय सदस्यहरूलाई व्यवस्थापन समिति वा अन्य विभागको समन्वयमा अध्ययन अनुसन्धान अवलोकन भ्रमणको व्यवस्था गर्न पहल गरिने छ ।
- अर्थशास्त्र विभागमा कम्तिमा दुई जना शैक्षिक जनशक्तिको व्यवस्था गर्न पहल गरिने छ ।
- विभिन्न स्थानीय तह एवम् संघसस्थाहरूको माग भई आएमा विभागको तर्फदेखि गरिएको विषेशज्ञ सेवालाई निरन्तर रूपमा उपलब्ध गराइने छ ।

**शैक्षिक सत्र २०८२/०८३ का लागि वार्षिक कार्यक्रमहरू**

शैक्षिक सत्र २०८२/०८३ मा अर्थशास्त्र विभागले सञ्चालन गर्ने वार्षिक कार्यक्रमहरूलाई तपसिलको तालिकामा उल्लेख गरिएको छ :

अर्थशास्त्र विभागद्वारा शैक्षिक सत्र २०८२/०८३ मा सञ्चालन गरिने वार्षिक कार्यक्रमहरू

| S.N. | Activities to be Performed | Date | Concerned Authority | Remarks |
|---|---|---|---|---|
| 1. | Welcome and Orientation Program | According to the campus calendar | All Department | B.A., B.Ed. /BBS First Year Students |
| 2. | Orientation of teaching Practice | According to working Schedule for teaching practice | Department | Economics |
| 3. | Load Division | After published the campus notice | All Members of Department | During the time of session start |
| 4. | Preparation of Annual Plan | Within one-week, effective date of class conduction routine | All Members of Department | According to format of OTP preparation committee |
